# प्रदेश सभा

**सुदूरपश्चिम प्रदेश**

२०७६/०२/२४

चौथो अधिवेसन

(१३औं बैठक)

बाचन पत्र (रिडिङ्ग पेपर)

१. **माननीय सदस्यहरु,**

यस सभाको चौथो अधिवेसनको १३औं बैठकको कारवाही प्रारम्भ हुन्छ ।

२. **माननीय सदस्यहरु,**

प्रदेश सभा नियमावली, २०७४ को नियम ५७ बमोजिम विशेष समय माग भई आएकोले माननीय दिर्घ बहादुर सोडारी लाई समसामयिक विषयमा बोल्नका लागि विशेष समय प्रदान गरेको. छु ।

**माननीय दिर्घ बहादुर सोडारी :-** सभामुख महोदय, हिजो मात्रै ७:५५ देखि ९:०० बजे सम्म करिब कैलाली, कंचनपुर, डोटी, वैतडि हाम्रो सुदूरपश्चिमका लगभग सबै जिल्लालाई छोएर खासगरि कैलाली, कंचनपुरलाई छोएर एउटा यस्तो आधि आयो, यस्तो धनजनको क्षति बनायो जसको कारणले हामी धेरै मर्माहित भएका छौ । प्रदेशवासिहरु र हामी सबै यस क्षेत्रका जनता नागरिकहरु धेरै समस्याग्रस्त अवस्थामा छन् । सभामुख महोदय, गोदावरी नगरपालिका वडा नं.८ का विर बहादुर चौधरी जो मोटरसाईकलमा हिड्दै थिए अकस्मात आधिले आउदा उहा एकाएक मृत्यु हुन गयो सेती अंचल अस्पताल जो हाम्रो प्रादेशिक अस्पतालमा ल्याईरहदा उहाको नीधन भएको छ । त्यसैगरि टिकापुर नगरपालिका वडा नं.१ का लहानु चौधरी वाल भत्कीएर उहाको निधन हुन पुगेको छ । करिब एकसय मान्छे उनानसय जनता नागरिकहरु घाईते भएको अवस्थामा छ र ती घाईतेहरु कैलाली जिल्लाको हकमा ७६ जनाको हकमा ६६ जना उपचार पछि घर फिर्ता भएको अवस्था छ अरुको उपचार भैरहेको छ । खासगरि २ जना नेपालगन्ज मेडिकल केलेज, २ जना पिलिभित भारतमा उपचार भैरहेको कुरा आईरहेको छ । त्यसैगरि कंचनपुरको हकमा २३ जना नागरिक घाईते भएको अवस्थामा १५ जना उपचार पछि घर फिर्ता भएका छन् र ८ जना सेती अंचल अस्पतालमा उपचारार्थ छन् । निसर्ग अस्पताल, मायामेट्रो अस्पताल र यहाका सबै अस्पतालहरुमा हिजो रातभरी खचाखच ढंगले अगाडि बढेको समस्या छ । विजुली, खेतिपाति, पशुधन र ठुला ठुला विल्टीडहरु, बाटो, पुलपुलेसा, हुलाकी सडक भन्नुस कि, महेन्द्र राजमार्ग भन्नुस कि भित्रि सडकहरु भन्नुस, धनगढी भित्रका सडक भन्नुस कि अरु धेरै सडकहरु जाम भएको अवस्था छ । त्यसै कारणले यसमा संघीय सरकार र हाम्रो प्रदेश सरकारको गम्भिरतम ध्यान जाओस भनेर हामी जोडदार ढंगले माग गरिरहेका छौ । खासगरि हामी प्रदेश सरकारको हकमा हिजो राती नै प्रदेश सरकारका सामाजिक विकास मन्त्रीले जुन ढंगले भूमिका खेल्नु भएको छ र आज विहाननै प्रदेश सरकारका आन्तरिक मामिला तथा कानून मन्त्रीज्यूले जसरी आपतकालीन रुपमा आफ्नो प्रादेशिक सुरक्षा समितिको वैठक बोलाएर जसरी तदारुकताका साथ नेपाली सेना, सशस्त्र प्रहरी, नेपाल प्रहरीहरु सबैलाई परिचालन गरेर यसलाई अप्ठ्यारो अवस्थालाई मुक्त गराउने जुन पहल पर्यत्न गरिरहनु भएको छ यसका निम्ती उहाहरुको कामको स्राहनिय पनि गर्न चाहान्छु । र थप यो धेरै ठुलो करोडौको मात्रामा अरबौको क्षति पुग्ने सम्भावना देखिन्छ । खास गरि जुन क्षतिको आकलन हो यो जुन पछिल्लो चोटि

भैराखेको छ अरबौको क्षतिको आकलन गरिन्छ । प्रदेश सरकारले तदनुसारको क्षतिलाई ध्यान दिएर संघीय सरकार सँग, स्थानीय तहका सरकारहरु सँग सबै मानवका निम्ती काम गर्ने मानवीय पक्षमा काम गर्नेहरुलाई पनि सहयोगका निम्ती आमन्त्रण गर्नुपर्ने छ । यसका निम्ती सरकारको गम्भिरतापूर्वक ध्यान जावस भन्ने कुरा राख्न चाहान्छु । यो मानवीय संकटको वेलामा हामीलाई अस्थि मात्रै २ नं. प्रदेशमा संकट पर्दा हाम्रो प्रदेश एकमतका साथ २ नं. प्रदेशलाई सहयोग गर्न हामी तत्पर भयौ त्यस कारण म के प्रश्ताव गर्न चाहान्छु सबै सभाकै तर्फबाट अनौपचारिक आफ्नै ढंगले आफ्नो दलमा ने.क.पा.को आफ्नो संसदीय दलमा विहान छलफल गरेर केहि सहयोग गर्ने कुरा उठि रहेको छ । ने.क.पा.को मात्रै सरोकारको विषय होईन यो नेपाली कांग्रेसको मात्रै सरोकार होईन हामी सबै प्रदेशवासिकै यो सरोकारको विषय मानवीय क्षमताको कुरा भएको कारणले गर्दा प्रदेश सभाकै तर्फबाट १ दिन वा २ दिनको आफ्नो सेवा सुविधा पनि पिडित पक्षहरुको पक्षमा राख्न पनि म हार्दिक अपिल गर्न चाहान्छु र अरु सबै मानवीय पक्षमा काम गर्नेहरु अन्तराष्ट्रिय दातृ निकायहरु, नेपाल सरकार सबैलाई यसमा अप्ठ्यारोमा साथ दिन सुदूरपश्चिम सरकारले सबैलाई आवह्वान गरोस हामी प्रदेश सभाको तर्फबाट पनि आवह्वान गरिरहेका छौ । यो काममा हामी सबैको ध्यान जानुपर्छ र मानवीय सहायताको पक्षमा अरु धेरै हाम्रा पक्षमा काम गर्न अपिल गर्न चाहान्छु र अब करिब १ हप्ता नै विजुलीको संकट पर्ने सम्भावना देखिन्छ । यस्तो संकट यस्तो गर्मिको समयमा यति धेरै गर्मि बढी रहेको छ यस्तो बेला यति धेरै एक हप्ता सम्म अब दुई तीन दिन विद्युत त्यसको कारणले थप मान्छेहरु हिजो त तत्काल घटनाको कारणले मान्छेहरुको मृत्यु भएको छ । अब यो क्षमताका विद्युत देखि अरु धेरै आपूर्ति नहुने कारणले थप मान्छेको मानवीय क्षति हुने सम्भावना देखिन्छ यसका निम्ती पनि सम्बन्धित सरोकारवालाले ध्यान दिएर सबै आपूर्ति देखि सबै कुरालाई ठिक ढंगले संचालन गर्नका निम्ती संघीय सरकार र हाम्रो प्रदेश सरकार र स्थानीय तहका सरकारहरुको पनि ध्यान जाओस भन्ने कुरा राख्न चाहान्छु । धन्यवाद ।

**३. मा० सदस्यहरु,**

आजको विशेष समय यहि समाप्त हुन्छ ।

**४. माननीय सदस्यहरु,**

अब प्रदेश सरकारको आ.व.२०७६।०७७ को नीति तथा कार्यक्रम माथिको बाँकी छलफल प्रारम्भ हुन्छ ।

सर्वप्रथम माननीय तारालामा तामाङ्ग लाई समय दिन्छु (समय १० मिनेट)

**माननीय तारालामा तामाङ्ग :-** माननीय सभामुखज्यू, प्रदेश सरकारले आर्थिक बर्ष २०७६।०७७ को लागि नीति तथा कार्यक्रम हाम्रो सदनमा प्रस्तुत भै यसको व्यापक छलफल भेराखेको छ । सबै माननीयज्यूहरुले यसमा छलफलमा भाग लिएर यसमा भएको राम्रो, यसमा भएको सम्भावनाहरुको बारेमा आआफ्नो विचार राखिसक्नु भएको छ र यसमा केहि थप सुझावहरुको सन्दर्भ पनि राखि सकेको हुनाले यसमा खासै त्यतिधेरै बोल्नुपर्ने देखिदैन तर पनि यो छलफल भैरहदा हिजो मात्रै हिजो साझ आएको आधिहुरी, बर्षा पानि सबैले सुदूरपश्चिमको कंचनपुर, कैलाली र पहाडको केहि जिल्लाहरुमा प्रभावित भाको छ । जनधनको नोक्सान भएको छ र क्षति भएको कुरा अझै पुरै आईनसकेको जानकारी हामीलाई प्राप्त भएको छ र यो घडिमा हाम्रो प्रदेश सरकारले प्रदेश

सरकारका मन्त्रीहरु मुख्यमन्त्रीको निर्देशनमा विरामी, घाईतेहरुलाई र सो ठाउमा क्षति सबै ठाउमा पुग्न नसकिए पनि जहा जहा पुग्न सकिन्छ प्राय धेरै ठाउमा सुरक्षा निकायहरु पुगेर त्यसको आकलन लिने र स्वयमसेवकको रुपमा खटिएका छन् र सरकारको मन्त्री पनि मन्त्रीहरु पनि रातभरी स्वास्थ्य ईकाईहरुमा अस्पतालहरुमा घाईतेहरुलाई भेट्ने का मभा को छ त्यसको लागि म व्यक्तिगत रुपले र हाम्रो संसदीय दलको तर्फबाट धन्यवाद पनि दिन चाहान्छु । र हाम्रो विहान मात्र बसेको संसदीय दलको वैठकले पनि यो विपद्को घडीमा संघीय सरकारलाई र प्रदेश सरकारलाई पुर्ननिर्माण र राहातको कार्यक्रम छिटो भन्दा छिटो ल्यावस भनेर माग गरेको छ । संसदीय दलमा हामीले तत्कालको लागि मुख्यमन्त्री राहात कोषमा दुईदिनको माननीयहरुको दुई दिनको पारिश्रमिक त्यहा सहयोग स्वरुप राख्ने भन्ने निर्णय गरिएको छ । यसको लागि सबैमा आवह्वान गर्दछ । र यहि घटनामा दुई जना व्यक्तिले अकालमा ज्यान गुमाउनु परेको छ दुवैजना प्रति हाम्रो संसदीय दलले हार्दिक श्रद्धान्जली अर्पण गरेको छ र मृतक परिवारलाई समवेदना प्रकट गर्दै घाईतेहरुको शिघ्र स्वास्थ्यलाभको कामना पनि गरेको छ र फेरी पनि यो राहात कार्यक्रममा सबै जुट्न निर्णय गरेको छ । र प्रदेश सरकारको नीति तथा कार्यक्रम प्रस्तुत हुदा छलफल गरेर पारित गर्ने कार्यक्रम हुदा यस्तो विपद्घडी आउदा हामीले अब आफ्नो प्रदेशमा बनाउने जुनसुकै भौतिक संरचनाहरुलाई पनि अब अलि अझै कतिसम्मको विपद्लाई थेग्न सक्छ यस्तो भौतिक संरचनाहरु बनाउदा यसमा पनि ध्यान दिनुपर्ने देखिन्छ । खासगरि यसले हामीलाई एउटा पाठ सिकाको छ । हामी सुदूरपश्चिम वासिलाई अझ एकजुट भएर यो विपद्को घडीमा एकजुट भएर अगाडि बढ्नलाई हामीलाई शिक्षा दिएको छ र प्रदेश सरकारले ल्याएको नीति तथा कार्यक्रमको सन्र्दभमा हामीले सरकारले ईमान्दारीताका साथ भैगरेको कामहरुलाई जे जस्तो छ त्यो ईमान्दारीका साथ राख्दा त्यलाई अलि खिसि उडाउने काम केहि माननीय सांसदहरुबाट भा को छ अनि त्यतिकै तथ्यांकहरु राखेर सरकारले गुमराहमा जनतालाई पार्नुहुन्न भनेर प्रदेश सरकारले जे काम भैराखेको छ आफुले लेखन गरेको दिन त्यो काम ल्याउदा अलि यसलाई खिसि हुने काम गरेको छ जुन हामीलाई यो आपत्तिजनक लागेको छ र अहिले पनि हामी प्रदेशलाई मिलेर अगाडि बढ्नु नै छ र प्रदेश सरकारले ल्याएको नीति तथा कार्यक्रमले हामीले सुने अनुसार हामी त सत्तापक्षको सांसद हौ सरकारको राम्रो भनौला भन्ने लाग्ला तर बाहिर सुने अनुसार यसको पक्षमा जनतालाई आशा जागेको देखिन्छ । किन भने सबै क्षेत्रको यसले सम्बोधन गरेको छ भन्ने सुनिएको छ र रोष्टममा विपक्षदलका माननीय सांसदले बोल्दा पनि यसलाई एउटै मात्र उहाहरुले आसंका कार्यान्वयन पक्षको गरेको सुनेको छु । यसको मतलब यो नीति तथा कार्यक्रम राम्रो आएको छ । यसमा कार्यान्वयन गर्ने सन्दर्भमा हामी सँग भएको मेनपावरलाई जति सकिन्छ त्यति प्रयोग गरेर अझ बढी मेनपावरलाई प्रयोग गरेर अगाडि बढ्ने हो भने समग्र सुदूरपश्चिमको आफ्नो बलबुताले भ्याए सम्म र आफ्नो स्रोत साधनले भ्याए सम्म ईमान्दारी पूर्वक बढी भन्दा बढी उपयोग गर्ने भन्ने अर्थमा सरकारले ल्याएको देखिन्छ । होला हामीलाई धेरै चाहाना होलान हाम्रो ईच्छा, आकांक्ष हाम्रो जनताको चाहाना धेरै होलान तर ति चाहानाहरुलाई हामीले कसरी पुरा गर्न सकिन्छ आफ्नो स्रोत साधनले भ्याए सम्म मलाई एउटा किसानको याद आउछ हामी मैले सुनेको यो यसलाई अन्यथा नलिनुहोला अकबर र विरबल भन्ने धेरै कहानीहरु सुनिन्छन एकपटक साढे चार फिटको कम्बल राखेर अकबरले विरबललाई भन्नु भा रहेछ ल यले पुरै शरीर ढाक्ने गरि मलाई ओडाईदिनु त भन्नु भो रे अकवर राजाले विरवललाई अनि विरवलले अब अकबर झण्डै झण्डै साढे पाच पौने ५ फिट लामो मान्छे चारफिटले कसरी भनेर

अब यसलाई विरबललाई म आज उल्लु बनाउछु भनेर राजाले त्यसरी ल्यायो रे त्यसपछि अकबरलाई विरवलले सरकार यसो खुम्चीएर सुत्नुस भन्नु भयो रे अनि कपडा ओडाइदियो कपडा ओडेपछि सरकार जति सिरक लामो छ त्यति तन्काई बक्सीयोस भनियो रे अनि सबै अंग ढाकीयो त्यस्तै हाम्रो पनि स्रोत सिमित साधन छन् हाम्रो आकांक्ष पनि सरकारको जति स्रोत साधन छ त्यति हुनुपर्यो र अगाडि बढ्नको लागि त्यो स्रोत साधन बढाउनमा हाम्रो पनि ध्यान हुनुपर्यो हामीले सरकारलाई स्रोत साधन यहि हो भनेर बढाउन सकिन्छ यो यो मा हामीले अगाडि बढ्नुपर्छ हामीले भनेका छैनौ तर पनि हामी खाली स्रोत साधन सिमित छ तैपनि सरकारलाई हामीले भनिराख्या छौ यो पनि गरेनौ, उ पनि गरेनौ भनिराखेका छौ तर यो फेरी पनि हामीले बुझ्नुपर्ने के छ भने प्रदेश सरकार भनेकै संघीयताको एउटा राम्रो संघीयताको कार्यान्वयन हुनु भनेकै प्रदेश सरकार हो र यो प्रदेश सरकारले हामी र हाम्रो सरकार र प्रदेश सांसदहरुको भूमिकाले यसको महत्व बढाउछन् यसको महत्व बढाउछ तब अहिले पनि हेर्ने हो भने यो यहा त केन्द्र सरकारले हामीलाई विस्तारै विस्तारै स्रोत साधन विस्तारै दिएर मेनपावर विस्तारै दिएर राम्रो बनाउन खोजेको हो या त हामीलाई यिनिहरुले गर्न सक्दैनन अथवा यसो बाडीजुडी गरम भन्ने हो अहिले पनि तपाई केन्द्रको बजेट हेर्ने हो भने एउटा मन्त्रालयको भन्दा धेरै कम प्रदेश सरकारको बजेट छ तै पनि यहि बजेटलाई जति सकिन्छ जस्रोत साधनलाई हामीले सहि सदुपयोग गर्ने हो भने राम्रो गर्न सक्छौ भन्ने यो प्रदेश सरकारको नीति कार्यक्रमले औल्याएको देखिन्छ। चाहे त्यो तपाई छात्रवृत्तिका कुरा किन नहोस चाहे तपाई संचारको कुरा किन नहोस, स्वास्थ्यको कुरा किन नहोस, भौतिक पूर्वाधारको कुरा किन नहोस र चाहे त्यो वित्तिय साक्षरताको कुरा किन नहोस यि सबै कुरालाई हामीले आफ्नो बल बुताले भ्याए सम्म यदि राम्ररी अगाडि बढ्ने हो भने यो नीति तथा कार्यक्रमले हाम्रो सुदूरपश्चिमलाई समृद्ध सुदूरपश्चिम प्रदेश बनाउनमा यसले अगाडि उन्मुख गराएको देखिन्छ । हामी शुरुवाती चरणमा भएको हुनाले हामीले के पक्ष के विपक्ष सबै मिलेर अगाडि बढ्नु छ । सबै मिलेर उलाई कसरी कार्यान्वयन गर्ने हो त्यसतर्फ ध्यान दिन म संसदीय दल नेपाल कम्युनिष्ट पार्टी (ने.क.पा.) को तर्फबाट अनुरोध गर्दै यो आज नीति तथा कार्यक्रमको छलफल गरे पश्चात पारित गर्ने कार्यक्रम पनि भ को कारणले यो कार्यान्वयनको पक्षमा विपक्षी दललाई पनि आव्हान गर्छु । राष्ट्रिय सहमति जसरी प्रदेशस्तरीय सहमति गरेर यलाई सर्वसम्मत पारित गराउने काममा पनि यहाहरु लाग्ने विश्वास गर्दै पुनः प्रदेश सरकारले ल्याएको नीति तथा कार्यक्रमको राम्रो पक्षको सबैले राम्ररी प्रचार गरौ र कार्यान्वयनमा सबैले सहयोग गरौ यहि अपेक्षा राख्दै विदा हुन्छु धन्यवाद ।

**माननीय रण बहानुर रावल :-** माननीय सभामुख महोदय, आर्थिक बर्ष २०७६।०७७ को प्रदेश सरकारले ल्याएको नीति तथा कार्यक्रम बारे मेरो टिप्पणी र सुझावहरु पेश गर्न चाहान्छु । त्यस भन्दा पहिलो २०७६।०२।२३ गते हिजो बेलुका आएको विनासकारी हावाहुरीले कैलाली र कंचनपुर जिल्लामा भएको जीउधनको जुन विशाल क्षति पुऱ्याएको छ त्यस सन्दर्भमा नेपाली कंग्रेस संसदीय दलको ध्यानाकर्षण भएको थियो र चाहि ती हाल सम्म टिकापुर नगरपालिका वडा नं.२ को लहानु चौधरीजी त्यो मेरै नगरपालिका भित्र हुनुहुन्थ्यो उहा चाहि ४८ बर्षे उहाको मृत्यु भएको छ । त्यस्तै गोदावरी नगरपालिका विर बहादुर चौधरीजीको पनि भा छ त्यस कारण उहाहरु प्रती श्रद्धाञ्जल अर्पण गर्न चाहान्छु । साथै थुप्रै ८० भन्दा बढी घाईते भएको बारेमा यहा कुरा उठि सक्या छ उहाहरुको पनि शिघ्र स्वास्थ्य लाभको कामना गर्न चाहान्छु । साथै त्यस सन्दर्भमा औषधी उपचारको

सन्दर्भ किन नहोस, क्षतिपूर्तिको कुरा किन नहोस तत्काल रुपमा अहिलेको वर्तमान सरकार लागि परोस त्यसको लागि पूर्णतया अगाडि बढ्न म माननीय सभामुख महोदय, मार्फत यो प्रदेश सभामा ध्यानाकर्षण गर्न चाहान्छु म प्रदेश सरकारको त्यसको साथ साथै एउटा महत्वपूर्ण कुरा यो एउटा अर्को ध्यानाकर्षण के गर्न चाहान्छु भने देखि मौसम पूर्वाअनुमानको सन्दर्भ विगत लामो समय देखि त्यो संस्था धेरै अगाडि थियो तर भर्खरै केहि महिना अगाडि बारामा भएको जो भिषण यस्तै हावाहुरीले गर्दा ठुलो क्षति भएको थियो त्यसबाट ज्ञान, शिक्षा केहि नलिएर संघीय सरकारले त्यसपछि प्रदेश सरकारले त्यस सम्बन्धमा कति एउटा चाहि पूर्वाअनुमान गर्ने सन्दर्भमा आफुसँग क्षमता नभए पनि अन्तराष्ट्रिय अथवा छिमेकी राष्ट्रसँग सहयोग लिएको भए साहेद यति धनजनको पनि क्षति हुने थिएनहोला त्यस कारण अहिलेको संघीय सरकार र प्रदेश सरकारलाई गम्भिर हुन र जिम्मेवार हुनलाई म हार्दिक अनुरोध गर्न चाहान्छु । भर्खर हाम्रो संसदीय दलले पनि आज विहान बसेको थियो । सम्पूर्ण ठाउँहरुमा चाहि निरिक्षण पनि गरेको थियो त्यस सन्दर्भमा बहुत सम्बेदनशिल भएर सबैले दुईदिनको हाम्रो आउने जति सांसदको जति रकमबाट हुने कुराहरु यो राहात कोषमा चाहि हामी जम्मा गर्न चाहान्छु र अरु हुन सक्ने सहयोग चाहि त्यहि राहात, दुखि जो घाईते छन्, जो मृतकका परिवारमा हामी सहयोग गर्न तयार छौ माननीय सभामुख मार्फत म यो भन्न चाहान्छु । अब यसै सन्दर्भमा अहिलेको बर्तमान अवस्थामा माननीय सभामुख महोदय, यो सरकार वास्तवमा प्रदेश सरकार प्रदेशको वास्तवमा संस्थापक सरकार हो माननीय सभामुख महोदय, यसले जग बसाल्ने काम गर्छ । साच्चिकै कामहरु जति गर्छ नमुनाको काम गर्छ भन्ने यस प्रदेशका जनताको आकांक्षा पनि हो । अब यसै सन्दर्भमा प्रदेश सरकारले ल्याएको आर्थिक बर्ष २०७६।०७७ को जो चाहि नीति तथा कार्यक्रम छ यो चाहि तेस्रो नीति तथा कार्यक्रम हो र विगतका जति दुईवटा चाहि हाम्रा चाहि नीति तथा कार्यक्रम पनि आए तीनको समायोजन हामीले गर्ने क्रममा ती नीति तथा कार्यक्रममा आधारित बजेट पनि हामीले अल्पकालीन बजेट ०७४।०७५ को हेर्यौ, ०७५।०७६ को पूर्णकालीन बजेट अहिले लागु पनि छ यि सम्पूर्ण कुरा हेर्दा र अहिलेको रुपमा हाम्रो चाहि अहिलेको सरकारले बार्षिक नीति तथा कार्यक्रम पेश गरेको छ यसलाई बुझ्दा खासै भिन्नता देखिदैन माननीय सभामुख महोदय, यसले यसो हेर्दा सरसरती मैले भन्न खोजेको म डिटेलमा पनि जानेवाला छु । यो समग्र रुपमा अझ पनि हामीले सोचेका छौ विश्वासका साथ भन्न सक्छु कि यो वितरणमुखि बजेटका रुपमा आउने निश्चित छ । यसले खासै गरेर ठुलो दुर्गामी टेवा पार्नमा त्यति पुग्ला जस्तो लाग्दैन केहि कुरा राम्रा पक्ष भए पनि धेरै जसो कुराहरुमा हामीले एनालाईसिस गर्दा यो बुझेका छौ । यो प्रदेश सरकारले ल्याएको जो नीति तथा कार्यक्रम छ यो साच्चिकै हेर्यो भने महत्वकांक्षी पनि देखिन्छ र साच्चिकै यसले जुन हिसाबले ल्याएको छ यो विगतको अनुभवबाट यो असन्तुलित पनि छ । हुनेवाला पनि छ त्यसैले अझ भन्नु पर्दा बजेट यसले समग्र रुपमा हामीले जुन आशा गरे अनुसार यस संस्थाले आज संघीयतामा बल पुग्ने खालको काम गरेको छ गर्छ त्यसमा बल पुग्ने खालको हामीले भान पाएका छैनौ यसले समग्र रुपमा के देखिन्छ भने विशेष गरि वितरण मुखिको जो कुरा गर्यौ कनिका छराई र आसेपासे मैत्री खालको बजेट हामीले महसुस गरेका छौ । त्यसैले अर्को हामीले आशा गरेको धेरै होईन निकै ठुलो बहुमत प्राप्त झण्डै झण्डै दुई तिहाईको सरकारले शासन गर्ने क्रममा पाउछ ठिक छ तर यो जुन तेस्रो नीति तथा कार्यक्रम ल्याएको छ । जनताले जुन आशा अपेक्षा गरेको छ विगतमा त सिकाई होला ल ठिक छ अब पनि सिकाईकै क्रममा धेरै कुराहरु आउलान तर मलाई लाग्छ यसले के देखाउछ भन्दा खेरि यसले जुन चालु आर्थिक बर्षमा जुन

हिसाब देखाईएको तथ्यांक र उपलब्धिका कुराहरु छन् साच्चिकै हेर्दा खेरि तथ्यांकको रुपमा साच्चिकै हेर्दा खेरि मलाई लाग्छ यो प्रदेशको नागरिकको हैसियतले हेर्दा सिर ठाडो हुनेखालको यो सरकारले काम गरेको देखिदैन त्यसैले मलाई लाग्छ यो सरकारले स्थानीय सरकारका साना कुराहरु चाहि दाज्दा खेरि पनि तपाईहरुले हेरिरहनु भा छ मैले हिजो पनि एक दुई ठाउमा भन्या थिए यो  अब के के मुख्य कुरा प्राप्त गर्यो त ठिक छ कर्मचारी समायोजनका समस्या भएहोला, संघीय सरकारले सहयोग गरेन होला त यत्रो सरकार छदैछ त्यसमा के के गर्यो त भन्दा खेरि यो मेरो भनाई होईन यहि किताबमा उल्लेखित कुराहरुमा चाहि १५ किलोमिटर बाटो पक्का बाटो ब्ल्याकटप गरिएको छ। झण्डै २२२ किलोमिटर बाटो चाहि ट्राक खोलिएको छ। ५२ किलोमिटर बाटो चाहि ग्रावेल गरिएको छ भनिएको छ म यहि सन्दर्भमा र अर्को भनिएको छ दुईवटा झुलुङ्गे पुल पनि बनेको छ भनेर गौरवका साथ यहा राखिएको छ। म उहालाई यो भन्न चाहान्छु यसैमा हेर्नु भयो भने विगतका जतिपनि यो म सँग ल्याएको छ दुई दुई वटा मैले अध्ययन गरेको छु आर्थिक ०७४।०७५ को, ०७५।०७६ को छ यहा सामु छ म दोहोराउन चाहादिन अब यसमा प्रष्ट भनिएको छ कि कमसेकम झुलुङ्गे पुलहरु ३३ वटा त कमसेकम बनाउछु भनेको थियो ३३ वटा बनाउनेमा २ वटा बनाएको छ प्राप्ती गरेको छु। जेष्ठ १९ गतेको रिर्पोट हो यो जेष्ठ १९ गतेको अब आषाढे विकास क्रममा होलान अर्के कुरा अर्को कुरा यसो हेर्दा यहाको नगरपालिका धनगढी उपमहानगरपालिका लाई सोधे तपाईहरुले यो बर्षमा के गर्नु भा छ भनेको त्यहाको एउटा विशेषज्ञलाई सोधेर राम्रो सँग डेटा लिदा खेरि उहाले १५ किलोमिटर कालोपत्रेको १७ किलोमिटर सम्म यो नगरपालिकाले गर्या रहेछ, अर्को गरेछ बाटोको ग्रावेल ५२ किलोमिटर गरेको सरकारले प्रदेश सरकारले गरेको ग्रावेल झण्डै १५० किलोमिटर धनगढी उपमहानगरपालिकाले गरेको रहेछ त्यस्तै तमाम हेर्दा झण्डै झण्डै नगरपालिकाले गरेको काम महानगरपालिकाले गरेको काम र प्रदेश ९ वटै जिल्लाको गरेको काम हेर्दा र प्रस्तुत गर्दा खेरि अब तपाई भन्नुस कसरी मुल्यांकन गर्ने त्यस कारण चाहि यसमा चाहि बहुतै गम्भिरताका साथ त्यसैले यो प्रदेश सरकारको औचित्य माथिको गम्भिर प्रश्न यो रण बहादुर रावलको मात्र नभएर संसदीय दलको नेपाली कांग्रेसको मात्र नभएर समग्र प्रदेशका जनताको कुराहरु उठिरहेको छ। त्यसो भएर यसमा कति पाठ सिक्ने, के सिक्ने र आउदा दिनहरुमा यसलाई कसरी समायोजन गरेर यसबाट शिक्षा लिएर अगाडि बढ्ने बहुत महत्व छ माननीय सभामुख महोदय, अर्को विडम्बनाको कुरा के छ भन्दा खेरि सबभन्दा ठुलो कुरा काम गर्दा खेरि कमीकमजोरी हुन्छन म यसमा मान्छु काम गर्नेले विगार्छ पनि तर ती कमिकमजोरीहरुलाई चाहि त्यसबाट शिक्षा लिएर कसरी विगतका कार्यबाट शिक्षा लिएर आगामी दिनहरुमा प्रदेशका जनताहरुका पक्षमा जनतालाई निराशामा बसेका जनतालाई आशामुखि बनाउने ती निराशामा भएकालाई कति उत्साहप्रदक बनाउने त्यो सम्बन्धमा यो सरकारले बोध गराउनुपर्छ। जरुरी छ किन भने हामी जिम्मेवार छौ त्यसको उल्टो भुल पनि भुल माथि भुल गर्दै आर्थिक अनियमिततातिर यो सरकार विशेष गरि भ्रष्टाचारतिर उन्मुख भएको हामीले महसुस गरेका छौ। यो भनाई केवल रण बहादुर रावल र यो प्रदेश संसदीय दलको मात्र नभएर समग्र यस प्रदेशका जनताहरुले हरेक ठाउमा बुझ्दा खेरि यो बुझेको कुरा म यहा अनुरोध गर्न चाहान्छु। माननीय सभामुख महोदय, अर्को के छ भने सरकारका योजनाहरु विशेष गरि अरु हुनुपर्ने केहि होईन उत्पादनमुखि हुनुपर्छ। सरकारका योजनाहरु रोजगारी सृजनामुखि हुनुपर्छ यो भन्दा अहिलेको सबै प्रक्रियाहरु योजनाहरु बनेका छन् योजनाहरुको जुन हिसाबले कार्यान्वयन भएको छ पक्ष यति फितलो छ यति पछाडि परेको छ जसले

के भन्न सक्छ भन्दा खेरि यो बजेट जुन छ विशेषगरि योजनाहरु कार्यकर्तामुखि विशेष गरि आसेपासे मैत्री अथवा नजिककालाई पोस्ने खालको योजनाहरु छर्लङ्ग भएको देखिन्छ । यो भएर मात्र होईन यो चाहि यहाका चौथो अंगले बारम्बार औला उठाएका छन् खबरदारी गरेका छन् तत्पश्चात पनि यो सरकारले सुन्न चाहेको छैन अब यहि अनुसार अगाडि बढेर सुधार गर्न खोजेको छैन । माननीय सभामुख महोदय, अब म सभामुख महोदय मार्फत म प्रदेश सरकारले प्रस्तुत गरेका बार्षिक नीति तथा कार्यक्रमको बारेमा म अरु धैरै भन्न चाहादिन कमसेकम यि ३५ वटा बुदा सम्म उहाहरुले कमसेकम १ देखि ३५ वटा सम्मको समिक्षा पनि गरेको छ राम्रो पक्ष पनि त्यहि हो कमसेकम त्यो समिक्षालाई आधार कत्तिको मानेको छ । मलाई लाग्छ आधार मानेको छैन । त्यसपछि पनि २११ सम्मका बुदाहरुमा जति पनि कुराहरु भएको छ म डिटेल त भन्दिन केहि राम्रा पक्षहरु यहा भन्न चाहान्छु । राम्रो पक्षमा मैले देखेको बल्लबल्ल अब यो ०७६।०७७ पछि प्रदेश यो ४४ को ७ पेजमा छ प्रदेश योजना आयोग र प्रदेश लगानीबोर्ड गठन गर्ने भन्ने कुरा व्यवस्था कार्यान्वयनमा ल्याईने छ भन्या छ त्यो राम्रो पक्ष ठानेको छु हामीले अरु विशेष गरि तपाईहरुको पेज नं.८ को ४९ मा हेर्नुहुन्छ भने एउटा कुरा बहुतै महत्वपूर्ण प्रदेशका ग्रामिण भेगका नागरिकहरुलाई लक्षित गरि एक व्यक्ति एक खाता ल्याईने कुराहरु चाहि गरिएको छ । यो त ०७४।०७५ आ.व. देखि नै शुरु गरेको हो अब विगतको ०७४।०७५ मा यति जनालाई खाता एक व्यक्ति एक खाता यति गरियो ०७४।०७५ मा ०७५।०७६ को अहिले सम्म यति भो अब आउदा दिनमा यति गर्छु भनेको भए म माननीय मन्त्रीज्यूलाई बहुत धन्यवाद दिन्थेहोला तर त्यो छैन केवल निरन्तरता गर्ने भनिया कुरा छ त्यसपछि अर्को छ पेज नं.९ मा पनि छ अर्को के छ भने यो ५४ मा के लेखिएको छ भन्दा खेरि आर्थिक स्थायित्व र मुल्य निरन्तरता कायम गर्न संघीय सरकार र स्थानीयसँग समन्वय गरिने छ भनिएको छ आवश्यक समन्वय गरिनेछ भनिएको छ । केवल कागजमा लेखिने तर मलाई लाग्छ स्थानीय सरकार र संघीय सरकारको बारेमा यहाका विभिन्न मन्त्रीजीहरुले पोखेका उदघारहरु हेर्दा त्यो खालको समन्वय भएको छैन । त्यस कारण यो यो समन्वय छैन भनेर प्रष्ट आउने ठाउमा केवल कुराहरुमा राखिएको छ । अर्को यहि पेज नं.९ मै के भनिएको छ भन्दा खेरि ५७ मा खुला प्रतिस्पर्धा बजार व्यवस्थापनलाई यहा कुराहरु लामो भन्न चाहादिन एउटै कुरा के भने समाजवाद उन्मुखै उन्मुख भनिएको छ अब यो समाजवादको बारेमा प्रदेश हाम्रो चाहि संविधानमै उल्लेख गरिएको छ । समाजवाद उन्मुख गरिने छ यो सरकारले प्रष्टाउनु पर्छ । कुन समाजवाद हो साम्यवादी समाजवाद हो की ? लोकतान्त्रिक समाजवाद हो कि ? त्यस कारण कन्फ्युजनमा यदि कुनै पनि योजनाहरु ल्याईन्छ भने त्यसले निश्चित पनि लक्ष्य प्राप्ती गर्न प्रतिफल आउन सक्दैन त्यसैले यति मात्र मेरो भन्नु छ त्यस पछि आएर चाहि पेज नं.१० मा महत्वपूर्ण कुरा के छ भन्दा खेरि ७१ बुदामा राखिएको छ । जो विद्यालय बाहिर पहुचमा रहेका प्रदेशका सबै बालबालिकाहरुलाई विद्यालयको पहुचमा ल्याई प्रदेशलाई तीन बर्ष भित्र पूर्ण साक्षार बनाईने भनिया छ । यदि यहाहरु सँग अर्को किताब छ भने आ.व.२०७५।०७६ को दुवै किताब त्यहा हेर्नुहोला पेज नं.१० बुदा नं.४९ मा छ नेपाल सरकारबाट संचालित बालबालिकाको सन्दर्भमा दुई बर्ष भित्रमा साक्षार पुरा गरिने छ भनिया छ अब यो भन्दा अगाडि आर्थिक बर्षमा २ बर्ष भन्ने अब झन झन काम राम्रो भयोहोला भनेको त अहिले आएर फेरी तीन बर्ष लाग्ने अर्को साल माननीय मन्त्रीजीले योजना मन्त्रीजीले चार बर्षमा गरिने हो कि त्यस कारण अहिले नै प्रष्ट गर्नुपर्छ जस्तो लाग्छ माननीय सभामुख महोदय, त्यस कारण अर्को यहा छ ६८ मा यहि पेज नं.१० को ६८ मा माननीय सभामुख महोदय यहा प्रष्ट

कुराहरु गरिएको छ संघीय सरकारले र विशेष गरि प्रदेश सरकारले एउटा चाहि मुक्तकमैयाको कुराहरु देखि लिएर, मुक्त हलियाहरुको कुरा दखि लिएर, मुक्त कमलरीको कुराहरु देखि लिएर प्रष्ट हुने के हो त व्यवस्थित बसोबास कति बसोबास व्यवस्थित बसाया छौ हामीले ०७४ देखि अहिले सम्मको कुरा गर्दा कति वटा व्यवस्थित बसोबास कतिवटा कमैयाहरुलाई गरियो, कतिवटा हलियालाई गरियो, कतिवटा कमलरीलाई गरियो त्यो बारेमा मलाई लाग्छ प्रष्ट यसमा नआएपनि आउदो बजेटमा आवस होईन भने केवल झटारो हानिदियो गर्ने बेला केहि पनि छेन केहि गर्न सक्दैन भोली पनि त्यहि कुरा राख्यो अनि हामीलाई चाहि त्यसले के पुग्छ र माननीयज्यू हाम्रो दुईतिहाई बहुत छदैछ हामीले जे भन्यो त्यहि पास हुन्छ अलि तालि बजिहाल्छ भन्ने मनसायका साथ अगाडि आउनुहुन्न माननीय सभामुख महोदय, अर्को छ यो ०७४।०७५ मै उल्लेख भएको यो एकिकृत बसोबासको सन्दर्भमा पनि अब कुरा उठेको छ । यसमा चाहि हामीले यसमा चाहि अझ ध्यान दिनुपर्ने  छ यो कुराहरु अगाडि देखि नै ल्याईएको छ जुन एकिकृत बसोबास चुरेको हेर्दाखेरि, पहाड महापहाड रेन्जको कुराहरुमा, हिमाली कुराहरुमा यो एकिकृत बसोबास भनेको बहुतै महत्वपूर्ण कुरा हो । यो प्रदेश सरकारले के चाहि एउटा दुईतिन वटा नमुनाको काममा एउटा गाउँलाई तल चाहि पहाडि भेगलाई तराईमा एउटा मात्रै गरेर देखाउ म हात जोड्न चाहान्छु तपाईहरुलाई साच्चिकै फुलको माला लगाउछु होईन भने केवल चाहेरै रंग्याएर केहि हुनेवाला छैन जस्तो लाग्छ माननीय मुख्यमन्त्रीजी पनि यहा हुनुहुन्छ, सालिन व्यक्ति हुनुहुन्छ उहाले अब हिम्मतका साथ भन्नु पर्छ जे सक्छौ त्यहि राखव यो अन्यथा हामीलाई झुट बोल्नमा राखेर ५३ नै जनालाई हामीले चाहि गुमराहामा पार्ने हैनजस्तो लाग्छ त्यसपछि अर्को महत्वपूर्ण कुरा म यहा भन्न चाहान्छु ११ पेजमा यसमा चाहि ७८ बुदामा भनिएको छ । यसमा के भनिएको छ भने जब कि २०७५।०७६ कै मा के भनिएको थियो भने बालबालिकाको नाममा १९ करोड पनि छुट्याईएको थियो । यसमा चाहि अहिले फेरी त्यहि कुरालाई दोहोराएर बालबालिकाको शिक्षा, विद्यार्थीहरु सम्बन्धीको कुरा गरिएको छ । त्यसरी २१ मा पनि ८१ मा पनि सुदूरपश्चिम विश्वविद्यालयको संचालनको बारेमा पनि कुरा गरेको छ यसलाई पनि गम्भिर प्रश्नहरु छन् अब हाम्रो सरकार आईसके पश्चात सुदूरपश्चिमको अवस्था त एकछिले यहाका ठुला नेताहरुको मात्रै तपाईहरु सत्तापक्षकै ठुला नेताहरुको कुरा सुन्ने हो भने झण्डै कोमामा पुगेको छ भन्ने अभिव्यक्तिहरु आएका छन् । यसमा यो प्रदेश सरकार गम्भिर हुने कि नहुने यो प्रदेश सरकार मार्फत संघीय सरकारलाई गम्भिर बनाउने कि नबनाउने यो बहुत अहम प्रश्न छ विगत १० महिना देखि अहिले सम्म तलब खाका छैनन त्यहाका प्राध्यापकले यो सुदूरपश्चिमको यस्तो विश्वविद्यालयको हालत यो छ भने भोली हामीको प्राविधिक विश्वविद्यालय प्राविधिक किन नहोस अरु विद्यालयको हालत के होला त्यस कारण चाहि यि यि कुराहरुलाई मध्यनजर गर्नै पर्छ माननीय सभामुख महोदय, अनि सबै स्थानीय तहमा आधारभुत स्वास्थ्य सेवाको कुराहरु गरिएको छ यसमा चाहि गत साल भनिएको छ। यसपालि भनिएको छ सामाजिक मन्त्रीले धेरै दौड्नु भा छ तर खासगरि रिजल्ट त्यति आएको छैन । अर्को पेज नं.१२ मा प्रत्येक सूचना प्रविकिो कुरालाई राम्रो ठानेको छु यसलाई अगाडि बढाउनुस यसले साच्चिकै सूचनामैत्री यदि साच्चि प्रदेशलाई बनाउने हो भने यसले ठुलो फड्को मार्न सक्छ अर्को यसै सन्दर्भमा महत्वपूर्ण कुराहरु यो स्वरोजगारको सन्दर्भमा स्वदेशमै रोजगारको सन्दर्भमा विगतमा एक अरब छुट्याएको कुरा छ । आज एक अरब छुट्याएको कति माननीय मुख्यमन्त्रीको पनि यो जिम्मा लिनु भएको विषय हो यो उहाले बारम्बार मुख्यमन्त्री बनिसकेपछि यि कुराहरु उहाले रोजगारीका सन्दर्भमा विशेष गरि भारत प्लायन भएका

जो चाहि हाम्रा नेपाली दाजु भाईहरुका सन्दर्भमा धेरै बोल्नु भा छ त्यो बारेमा म दोहोराउन चाहादिन साच्चिकै सिरियसली राखेको हो कि यो होईन केवल देखाउने दात मात्रै हो यस बारेमा माननीय मुख्यमन्त्रीजीले म यसबारेमा धेरै भन्न चाहादिन उहाले जवाफ दिनुहोला र आउदो दिनहरुमा र कम्पीलिट ठोस योजनाहरु आवस र कमसेकम १० जनालाई भए पनि हामी यो रोजगार दिन्छु यो यो सहयोग दिन्छु भन्नु होला अरब छुट्याएर हुनेवाला छैन । अर्को एउटा महत्वपूर्ण कुरा चाहि के हो भने मुख्यमन्त्रीजीको कुराहरु छ अन्तर खेलकुद प्रतियोगीता जुन हिसाबले गरियो बहुतै राम्रो उद्देश्यले गरिएको होला तर यसले जुन म्यासेज दिएको छ बास्तवमा प्रदेश सरकारमा बसेका मन्त्रीज्यूहरुको जो सम्माननीय मन्त्रीज्यूहोलान अथवा सचिवज्यू होलान यो प्रदेश सरकारले प्रदेशका जनतालाई शिर झुकाएको छ । यो एउटा खेलाडी खेलले होल क्रिकेट खेलमा एक मात्र रन ल्याउने वाईट र उ मा चाहि कसेकम चार रनमा आउट हुन्छ भने यो खालको ल्याउदा खेरि के साच्चीकै वृद्धि विकास होला खेलाडिको त्यस कारण चाहि मेरो अनुरोध के छ भने माननीय मुख्यमन्त्रीजीलाई प्रदेश भित्र हामी सक्षम हौ । हामी प्रदेशका ठाउँ ठाउँबाट चाहि खेलाडिहरुलाई माथि उठाऔं उनिहरुलाई सक्षम बनाएर अरु प्रदेशसँग जुद्न सक्ने बनाऔ मेरो हार्दिक अनुरोध यहि छ । त्यसैले अन्तमा यो हामीले खोजेका के हो भन्दा खेरि परिवर्तन के को लागि जनताले के पायो भन्ने कुराहरु छ त्यो भएको कारण चाहि माननीय सभामुख महोदय, अन्तिममा जे होस हामीले चाहि जिम्मेवार भएर जे हो हामीले जनता प्रति ईमान्दार भएर जे होस हामीले पाएको म्यान्डेटलाई सदुपयोग गरेर अगाडि बढौ यो प्रदेशको उन्नती प्रगति र टेवा पुऱ्याउ धन्यवाद नमस्कार ।

**माननीय कृष्ण बहादुर चौधरी :- माननीय कृष्ण बहादुर चौधरीज्यूले चौधरी भाषामा बोल्नु भएकाले भाषा नबुझिएको**

**माननीय विरमान चौधरी :-** माननीय सभामुख महोदय हाम्रो सुदूरपश्चिम प्रदेश सरकारको नीति तथा कार्यक्रममा यहा छलफल चलिराखेको छ । र यहि छलफल चलिराखेकै सन्दर्भमा हाम्रो प्रदेशको कैलाली, कंचनपुर, डोटी लगायतका जिल्लाहरुमा हावाहुरी चट्याङबाट अकरान्त भएका मानवीय क्षति समेत भएको छ । उहाहरु प्रति म दुखः व्यक्ति गर्न चाहान्छु र स्वास्थ्य उपचार गराई राख्नु भएको उहाहरुको स्वास्थ्य लाभको कामना गर्न चाहान्छु र जनधनको जुन क्षति भा को छ त्यसको बारेमा गम्भिरता पूर्वक ध्यान जावस भन्ने अनुरोध पनि गर्न चाहान्छु । सभामुख महोदय, मलाई लाग्छ यो झण्डै झण्डै हाम्रो नीति कार्यक्रमको आज छलफलको अन्तिम दिन हो र समग्रमा हेर्दा खेरि यो नीति कार्यक्रममा हामीले एकदम राम्रो आको छ । यसले के कुरा पनि गरिदिएको छ भने हामीले नीति कार्यक्रम ल्याईरहदा खेरि यो हामीले पनि पढीरहदा र पढेको सुनि रहदा हाम्रो स्रोत साधनले भ्याए सम्म भन्ने कुरा भाषा पटक पटक दोहोऱ्याएको तेहेराएको पनि छ त्यसैले यसले के देखाउछ भने हाम्रो ईच्छा शक्ति हुदा हुदै पनि हामी सँग रहेको सिमित साधन स्रोतले हामीलाई के बाधाहरु पारिराखेको छ भन्ने कुरा पनि यसले कोड गरिराखेको छ देखाई पनि राखेको छ । सरकारले त्यो रिलाईज गरेको पनि देखिन्छ किन कि हामीले धेरै ईच्छाशक्ति धेरै काम गर्ने धेरै चाहाना छ तर पनि हामी सँग स्रोत साधनको अभाव छ भन्ने कुरा गरेको छ यसले र यसको सँग सँगै यसले चाहि प्रदेश गौरवको आयोजनाहरु बनाउने कुराहरु पनि गर्यो तर हामीले सडकको कुरालाई अलिकति प्रदेश गौरवका आयोजनाहरु हामीले अलिकति प्राथमिकता दियौ तर यसलाई विभिन्न सेक्टरको गौरवको आयोजना बनाउन जरुरी छ कतिपय सेक्टरमा सिंचाईकै गौरवको आयोजना प्रदेश स्तरको,

अस्पताल प्रदेशस्तरको गौरवको आयोजनाको कुरा भयो त्यस पछि यसको सँग सँगै छुट्न गा होला जस्तो लाग्छ मलाई किन कि यसमा चाहि हामीले धेरै पटक भनेका थियौ कमसेकम पहाडि जिल्लामा पाईक पर्ने गरि एउटा ट्रामा सेन्टर स्थापना गर्दा राम्रो हुन्थ्यो है भन्ने कुरा गरेका थियौ यहा छुट्न गएको पनि हुन सक्छ सरकारले यो चाहेर पनि यो साहेद छुट्याहोला जस्तो लाग्छ मलाई यसमा मेरो सुझाव रहन्छ यसमा सकिन्छ भने यो भित्र पार्न सके राम्रो हुन्छ हाम्रो क्षमताले पार्न सके र यसको सँग सँगै अर्को कुरा मैले के भन्न चाहान्छु भने यो यसले धेरै पक्षलाई समेटेको छ । धेरै पक्षलाई समेटेको छ धेरै सुन्दरता छ । यसमा चाहि भाषाको कुरा अलिकति छुट्न गयो त्यस कारण हामीले केहि कुराहरु जस्तै अब हामीले बोल्ने हाम्रो प्रदेशमा बोलिने कैयौ भाषाहरु छ यसको बारेमा अलिकति छुट्न गएको छ सरकारले सक्छ भने यसलाई चाहि राम्रो सँग के गर्न सकिन्छ यसलाई सरकारको नजरबाट ध्यान जावस भन्ने सभामुख मार्फत अनुरोध गर्न चाहान्छु । यसको सँग अर्को कुरा छुटेको छ केहि ठाउहरुमा आ को छ यो आदीवासि जनजाति, दलित भनेको छ मैले मात्रै स्मरण गराउन खोजेको संविधानमा कलस्टर के गरिएको छ भने थारु कलस्टर अलग्गै बनेको छ त्यसले गर्दाखेरि कतिपय ठाउहरुमा हामीले शिक्षाको क्षेत्रमा, स्वास्थ्यको क्षेत्रमा कतिपय ठाउमा हामीले थारुको कलस्टर यहा छुट्न गएको छ । किन कि यहा दलित, आदीवासि जनजाति आयो त्यहि आईरहदा खेरि यहा एउटा ठाउँमा के भनेको छ भने विपन्न थारु समुदायले आय आर्जन गर्नको लागि प्रदेश सरकारले काम गर्न सक्ने भन्ने कुरा उठाएको छ र यसको सँग सँगै यसले चाहि ३ वटा महत्वपूर्ण कुरा के उठाएको छ भने जलविद्युतमा हामीले लगानी गर्ने कुरालाई यसले नीति बनाएर हामी चाहि प्रदेश सरकार र संघ सरकार सँग समन्वय गरेर गर्ने भन्ने जो कुरा उठाएको छ यो धेरै महत्वपूर्ण स्यानो कुरा छैन र यस्तो कुरा के छ भने एक स्थानीय तह एउटा चाहि उद्योगको कुरा गरेको छ यो सामान्य कुरा छैन जसले गर्दा खेरि यो नीति कार्यक्रम १ बर्षको लागि जो हामी गर्दै छौ यसले साच्चिकै एउटा स्थानीय तहमा एउटा उद्योग चाहि राम्रो खालको स्थापना गर्न सक्यौ अथवा त्यसलाई उद्योग ग्राम बनाउन सक्यौ भने धेरै राम्रो हुन्छ र यो विषयलाई अझ केन्दित गर्नुपर्छ भन्छु मैले किन कि कृषिमा हामी लगानी गरिरहदा हामीले धेरै लगानी गर्छौ भन्छौ कृषिमा लगानी गर्न जहा हामी टार्गेट गरिराखेका छौ त्यो ठाउमा सिंचाई देखि लिएर भण्डारण देखि लिएर धेरै कुरालाई व्यवस्थित रुपमा अगाडि लगियोस भन्ने म यहा अनुरोध गर्न चाहान्छु । यसले धेरै कुरा सकारात्मक बोलिराखेको छ । किन कि यहा हेर्दै जादाखेरि अब यसले पार्ने बजेट विनियोजनको प्रभावको कुरा हो । किन कि नीति कार्यक्रममा पर्यो र हामीले सामान्यता कहिलेकाहि के हुने गर्छ भने नीति कार्यक्रममा पर्ने र बजेट जादा खेरि कहिले शुन्य बजेट हुने, कहिले थोरै बजेट हुने यो कुरालाई पनि मध्येनजर गर्दै मैले के अनुरोध गर्न चाहान्छु भने सभामुखज्यू मार्फत सरकारलाई बजेट विनियोजन गर्दा खेरि यसले समानुपातिक समावेसि सिद्धान्त जो अंगालेको छ यसले चाहि नछोडोस बजेट विनियोजन गर्ने जुन जुन सेक्टरमा छ तराई, पहाड, हिमाल यसले बाजुरालाई विशेष फोक्सेस गरेर कतिपय उसमा अलिबढी जोड दिएको छ यसलाई दिई रहदा खेरि जस्तै अझ मेरो अर्को सुझाव के छ भने सरकारलाई जस्तै हामीले एकदम अत्यावश्यक सुत्केरिहरुलाई हामीले जो डेलिभरी गराई राख्या छौ लगभग यहा ल्याराछौ ठिक छ त्यो गर्नुपर्छ विभिन्न पहाडि जिल्लामा एकदम दुर्गम क्षेत्रमा तर यसको सँगसँगै के गर्न जरुरी छ भने त्यो ठाउहरुमा जहा जहा हामीले अस्पतालको आवश्यक छ हाम्रो क्षमताले हाम्रो प्रदेशको आर्थिक भारले कति भ्याउन सक्छ त्यो ठाउँमा त्यहि सुविधा सम्पन्न बनाउनेतिर जानुपर्छ जबकी हामी यहा धनगढी आउन नपरोस अथवा

कुनै डडेल्धुरा आउन नपरोस अथवा कुनै अस्पताल जस्तै महाकालीमा जानु नपरोस यस्तो खालको पहाडि जिल्लामा पनि स्थापना गर्यो भने त्यहाको जनताले पनि अपनत्व हासिल गर्न सक्छ र अपनत्व महसुस गर्न सक्छ यो कुरालाई पनि सरकारको गम्भिरतापूर्वक ध्यान जावस भन्ने मेरो अनुरोध छ र सुझाव पनि छ यसको सँग सँगै मैले अर्को कुरा यहा करिब करिब हाम्रो यो १७७ वटा नीति कार्यक्रममा आएको छ र ३४ वटा बुदामा हाम्रो समिक्षा आएको छ सरकारले एउटा समिक्षा गर्ने कोषि गरेको छ मलाई लाग्छ सरकारको यो बजेट कार्यान्वयनको चरणमा भा को हुनाले मलाई लाग्छ यत्त मात्रै समिक्षा छैन होला नीति कार्यक्रम नआउन्जेल सम्मलाई सरकारले हाम्रो अहिले सम्म भएको काम यो हो भनेर भन्न खोजे जस्तो मैले अनुभुति गर्या जस्तो महसुस गरे किन कि हामीले हामीले अहिले सम्म यो गरेका छौ भन्ने सरकारले सामान्य त प्रदेशको काम चाहि सुरुवाद भएको छ भनेर सन्देश जो दिन खोजेको छ यो सकारात्मक कुरा छ किन भने समिक्षाको कुरा ल्याउनु भनेको प्रदेश सरकारले पनि अब काम गर्न शुरुवाद गर्न थालनी गर्यो है विभिन्न सेक्टरमा किन कि आफै गरिराखेको काम हामी पनि प्रदेश सभाले ठुलठुलो काम गरिराछौ तर हामीले चाहि त्यो कामको वनरसिप लिन सकिराखेका छैनौ । सरकारले गरिराखेको किन कि हामीले दुविधायुक्त कुरा गर्न हुदैन हामीले संघीयताको मेरुदण्ड प्रदेशलाई भन्दैछौ भने प्रदेशले स्टार्टिङ गरेका राम्रा र सकारात्मक कामलाई हामीले वनरसिप लिनसक्नु पर्छ । चाहे हामी सरकारले गरेको काम चाहे प्रतिपक्ष हो चाहे हामी सत्तापक्ष त्यसको वनरसीप लिएनौ भने संघीय गणतान्त्रिक लोकतन्त्र र यो प्रदेश रहदैन यसले गर्दा खेरि यो कुरालाई पनि हामी त्यसको सँग सँगै समिक्षाको कुरा पनि जो मैले अघि नै गरे यो कुरा भैहाल्यो र अर्को कुरा यो प्रदेशले आफ्नो वित्तिय संस्था खोल्ने कुरा गरेको छ धेरै राम्रो कुरा यहा के भन्छ ४२ नं. बुदामा भने प्रदेश सरकारलाई वैंक तथा वित्तिय संस्था, वीमा कम्पनी त्यसपछि गएर अन्य कम्पनी स्थापना गर्ने नीति नीतिगत व्यवस्थाको लागि पहल गरिने छ भनेर यो धेरै राम्रो कुरा छ किन भन्दा आफ्नो वित्तिय संस्थाहरु, कम्पनीहरु, उद्योगहरु जो खोल्ने दिशातिर जादैछ यसले के भन्छ भने समृद्धिको दिशामा समाजवाद उन्मुख जो हामी जान खोज्दै छौ त्यसलाई चाहि यसले ईंकित गर्न खोज्दै छ मैले यसरी पनि बुझेको छु त्यसले गर्दा यो प्रदेश सरकारले ल्याएको जो नीति कार्यक्रम छ यसमा मलाई लाग्छ होला कतिपय मानवीय कारणले मानवीय त्रुटि हुन्छन यो त्रुटिलाई पनि हामीले त्यहि त्रुटिमा टेकेर धेरै कुरा प्रहार गर्न जरुरी छैन हामीले स्वरोजगार कोषको स्थापना गर्ने, स्वरोजगार बनाउने अनि स्वयमसेवक हामीले रोजगारीको रोजगारी सृजना गर्ने हामीले कुरा गर्दै छौ । हामीले के गर्यौ भन्दाखेरि मुख्यमन्त्री स्वयमसेवक परिचालक कुरा गरेका छौ यसले धेरै अर्थ लाग्छ हाम्रो समृद्धिको दिशामा जानलाई यसले धेरै महत्वपूर्ण भुमिका खेल्छ यो नीति कार्यक्रम आएका कतिपय यस्ता महत्वपूर्ण कुरा छन् यसले कानूनको माग गरिराखेको छ अब मेरो सुझाव के छ भने सभामुख महोदय, यो नीति कार्यक्रम भित्र रहेर जो प्रदेश सरकारले बनाउदै छ यो नीति कार्यक्रम र बजेट ल्याउदै छ यसले केहि कानूनको माग गर्छ जसले गर्दा खेरि हामीले कार्यान्वयन गर्छौ कतिपय कार्यविधि माग गर्छ, कतिपय निर्देशिका माग गरिराछ यसले यसको मेरो सुझाव के छ भने प्रदेश सरकारले अझ ईफेक्टीप गर्नलाई यि कुरालाई मध्येनजर गरेर छिटो भन्दा छिटो जस्तै बनाउनु पर्ने यसमा टेकेर धेरै कानूनहरु बन्दैछन् किन कि यसले भन्या छ यो कानून बनाउनु छ त्यो कानून बनाउनु छ यो बनाएर छिटो जादाखेरि राम्रो हुन्छ भन्ने मैले देखेको छु यसले निर्देशिकाको कार्यविधिको पनि केहि कानूनको माग गरेको छ र यो तुरुन्तै हाम्रो मलाई लाग्छ आषाढ १ गते हाम्रो बजेट आउला त्यसले गर्दा त्यो आईसकेपछि

पास भएपछि तुरुन्तै त्यो कुराको माग गर्ने छ र माग गरेको मैले देखिराछु यहि कुरा अनुरोध र आग्रह गर्दै विदा हुन्छु हवस त धन्यवाद ।

**माननीय देवराज पाठक :-** माननीय सभामुख महोदय, सर्वप्रथम त यो जेष्ठ २३ गते आदी हुरि बेरीले विर बहादुर चौधरी र लहानु चौधरीको जो मृत्यु भो त्यसको लागि सोख सन्तप्त परिवारप्रति समवेदना प्रकट गर्दै श्रद्धान्जली अर्पण गर्न चाहान्छु र जो त्यसमा जो घाईते भएका छन् उनलाई पनि निशुल्क उपचारको व्यवस्था होस भन्ने किसिमको म सभामुख मार्फत प्रदेश सरकार र संघीय सरकारलाई म माग गर्न चाहान्छु । अब नीति तथा कार्यक्रमको विषयमा त संसदीय दलका नेता लगायत हाम्रा साथिहरुले धेरै बोली सक्नु भएको छ त्यसलाई म दोहोराउन चाहादैन तर छोटकरीमा नीति २०७४।०७५ को पनि नीति कार्यक्रम देखे र २०७५।०७६ को पनि नीति नीति जस्तो आवस जे होस तर कार्यान्वयन पक्ष यहा त्यो अनुरुप मैले पाएको छैन । अब दुईचोटि भइसक्यो त्यसरी नै नचुक भन्ने किसिमको कुराहरु चाहि छ एउटा मुख्यमन्त्री मन्त्रमण्डल एउटा प्रदेशको जिम्मेवार हो यसै रोस्टममा अर्थमन्त्रीज्यूले बोलेका छन् र हामीले डल्लो बजेट जस्तो भएता पनि हामी चाहि के भने त्यसलाई चाहि प्रतिपक्षलाई समावेश गरेर हामी दृष्टिव्युट गर्नेछौ त्यहि आसवासन चाहि मुख्यमन्त्रीले पनि दिनु भो त्यस पछि म के जान्न चाहान्छु कि यो दुईतिहाईको दम्भ हो कि के हो यो के प्रतिपक्ष लोकतन्त्र गणतन्त्रमा प्रतिपक्षको केहि भूमिकाहि छैन भनिन्छ संसद भन्या त प्रतिपक्षको हो भन्ने किसिमको एउटा लोकतन्त्र गणतन्त्रमा भनिन्छ प्रतिपक्षको त आवाजै नसुनिने पहिले त तपाईहरु यो गर्नुहोस नि तपाईहरुलाई प्रदेशलाई संघीय सरकारले कति अधिकार पाउनु भएको छ । जहिले पनि समस्या देखाउनुहुन्छ कर्मचारी समायोजन समायोजन भनेर चाहि यहाहरु सुनाउनु हुन्छ कति त्यो कर्मचारी समायोजनमा पाच बर्ष लाग्ने हो कि त्यो अर्को चुनावमा फेरी जाने हो कि अब यस्तो कुराहरु चाहि म यसैमा एउटा हामी गणतन्त्र, लोकतन्त्रको उसमा आईसक्यौ प्रजातन्त्र डेमोक्रेसिलाई अपनाएका छौ । त्यहि अनुसारले हामीले हिड्नुपर्छ । अब यहा त के छ भने कट्टरपंथी सबै उसमा एउटा कट्टरपंथी किसिमका उ छन् म त्यसैमा उदाहरण दिन चाहान्छु । यहिनिर छिमेकि राष्ट्र भारतको उदाहरण दिन चाहान्छु । महात्मा गान्धीले के गरे भन्दा हिन्दु मुस्लीम एकताको नारा दिए कट्टरपंथी हिन्दु नाथाराम घोडसीले उहालाई चाहि गोली हानेर हत्या गरे तैपनि महात्मा गान्धीले मर्ने बेलामा क्षमादान दियो उसलाई अनि क्षमादान दियो उसलाई केहि नगर्नु भनेर क्षमादान दियो प्रजातन्त्र भनेको त त्यो हो  र यहि पनि चाहि यहाहरुको साम्यवादी दर्शनमा पनि मदन भण्डारीले केहि चाहि बहुदलिय जनवाद ल्याउन खोजेका थिए तर त्यहा पनि कट्टरपंथीहरुको हातबाट नै त्यसको मौत भयो भने अहिले हाम्रो यो प्रश्न चाहि हाम्रो आपसी लडाईको प्रश्न होईन प्रश्न यहानिर छ कि हामी राष्ट्रलाई एक भएर कसरी बनाउने यहि निर चाहि महात्मा गान्धी विदेशमा जादा उहाले चाहि के भने जय प्रकाश नारायण प्रतिपक्षको नेतालाई लगे जय प्रकाश नारायणलाई कसैले चिनेको थिएन तर उहाले जय प्रकाश नारायणको परिचय सोध्दा दिस ईज द ब्रेन अफ ईण्डिया भनेर चाहि उहाले सम्बोधन गर्नु भयो प्रतिपक्षको यति सम्मान देखाउनु भो त्यसै गरि विपी कोईरालाले पनि यहा के भने प्रतिपक्ष पुष्पलाल जी र मनमोहन जीको सल्लाहा लिएर कहिल्यै उहा आफ्नै एउटै एकल पार्टिको दुईतिहाई दम्भ देखाउदा पनि उहाले चाहि कुनै किसिमको चाहि दम्भ देखाउनु भएन सबैको सल्लाहा अनुसारले १५, १७ को पिरियडमा नेपाली कांग्रेसका केहि कमिकमजोरी रहे वि.पी. कोईरालाको गाईडलाईन चाहि के भने चाहि नेपाली कांग्रेसले अपनाएन कुर्चिको होडवाजीले आज नेपाली कांग्रेसको अवस्था यो भएको छ त्यहि उ ले यहाहरु सँग मेरो

अनुरोध छ कि त्यो दम्भ देखाएर के हुनेवाला छ एउटा नीतिमा स्लोक छ **नबुझिएको** अति भनेको कुरा केहि पनि राम्रो हुदैन र यहाहरुले बुझ्नु पर्छ हामी सबै यो देशवासी हौ सबैले मिलेर काम गर्नुपर्छ यो कुनै एउटा पार्टिले म चाहि यो देशको कल्याण गरिदिन्छु भनेर हुनेवाला छैन यहा र यहा चाहि सबैको सहयोग होस र यो नीति कार्यक्रम विगतको उसमा कामकुरो एकातिर कुम्लो बोकी ठिमितिर भनेजस्तो नहोस र फेरी पनि यसलाई चाहि अब यो यहाका मन्त्रीमण्डललाई सद्बुद्धि आवस र सबै समान हुन र मन्त्रीमण्डल सबैको हो कुनै एउटा पार्टिको होईन भन्ने धारणा राख्दै र एउटा नेपाल आमाको पुकारलाई पनि एउटा सायरी मार्फत म चाहि यहा अभिव्यक्ति गर्न चाहान्छु । मुझे तो अपनो ने लुटा गयरोका दम कहा था मेरी कस्ती वहापे डुवी जहापे पानि कम था भन्दै म आफ्नो दुईशब्द यहि टुङ्ग्याउछु धन्यवाद नमस्कार ।

**माननीय शान्ति नेपाली :-** माननीय सभामुख महोदय प्रदेश सरकारको नीति तथा कार्यक्रम आर्थिक बर्ष २०७६।०७७ को नीति कार्यक्रम जहा सुदूरपश्चिम वासिको भाग्य र भविष्यको कुरा जोडिएको छ । जहा सुदूरपश्चिम सरकारले गरिबीका विरुद्धमा संघर्ष गर्नुपर्ने स्थिति सृजना हुन गइरहेको छ । मलाई लाग्छ सर्वप्रथम त एकदमै मेहनत गरेर सबै क्षेत्र वर्ग समुदायलाई समेटेर ल्याएको नीति कार्यक्रममा म समर्थन जनाउन चाहान्छु र यसको प्रभावकारी कार्यान्वयनका लागि सत्तापक्ष, प्रतिपक्ष नभनिकन जुन समिक्षामा भनिएको छ ४० प्रतिशत मात्रै जनशक्ति कर्मचारी हामी सँग रहेको अवस्थामा त्यलाई निकट भविष्यमा यो आर्थिक बर्ष मै भित्र कम्तीमा ९० प्रतिशत पुऱ्याउने र हाम्रो कामको जनतालाई दिने तपाईको सुविधा सेवालाई प्रभावकारी बनाउनका लागि प्रदेश सरकार दत्तचित्त भएर लाग्नेछ भन्ने पूर्ण आशा र अपेक्षा व्यक्त गर्न चाहान्छु । साथै नीति तथा कार्यक्रमको पूर्व पारित हुनु भन्दा पूर्व सन्ध्यामा गए राति जुन पहाडि जिल्लाहरुमा असिनापानि र तराईको जिल्लामा भयानक खालको मानवीय र पशुपंक्षी देखि लिएर करोडौको चल अचल सम्पती क्षति हुने गरिकन सुदूरपश्चिमको महत्वपूर्ण सबै भन्दा बढी जनसंख्या भएको जिल्ला कैलाली र कंचनपुरमा हावाहुरीले गर्दा भएको क्षतिप्रति मृतक प्रति श्रद्धाञ्जली व्यक्त गर्न चाहान्छु । घाईतेहरुको स्वास्थ्य लाभको कामना व्यक्त गर्न चाहान्छु । साथै जुन विभिन्न किसिमको घर टहरा समेत एउटा उडाएका छन् उहाहरुलाई प्रदेश सरकारको तर्फबाट र हाम्रो पारिश्रमिकबाट पनि कति दिन सकिन्छ हामी प्रतिवद्धता गरिसकेका छौ । दुईदिनको भएपनि एकदिनको भए पनि यो अन्य प्रदेशहरुबाट पनि यसमा सहयोगको लागि अनुरोध भैसकेको छ र यसलाई यथाशिघ्र छिटो छरितो यसलाई राहाततिर लैजाने क्रममा प्रदेश सरकारलाई पुनः ध्यानाकर्षण गराउन चाहान्छु र जुन हाम्रो नीति तथा कार्यक्रम छ त्यो एकदमै महत्वपूर्ण आएको छ । २१२ बुदामा जुन आएको नीति तथा कार्यक्रम हो यसमा हामीले अब धेरै तपाईको थपेर यसलाई अझ बढी भारिलो तपाईको बढी एउटा गरुंगो बनाउने भन्दा पनि यसलाई कार्यान्वयनतिर लैजाने हो भने साच्चीकै संघीयताको मेरुदण्ड जसरी प्रदेश सरकार भनिएको छ । एउटा जग प्रदेश सरकार भनिएको छ यो प्रदेश सरकारको प्रचार भन्दा पनि यो व्यवहारबाट पुष्टि हुने कुरा भएकोले मलाई लाग्दछ यो जुन ऐतिहासिक जुन कार्यक्रम छ यो नीति तथा कार्यक्रमलाई हामीले श्रावणदेखि लागु गर्ने हिसाबले जुन मुख्य ऐतिहासिक बुदाहरु छन् जहा तपाईको भनिएका छन् । थुप्रै एउटा स्थानीय तह एउटा औद्योगिक क्षेत्र अनि गएर तपाईको कृषि नमुना गाउँ आफै बनाऔं देखि लिएर मुख्यमन्त्री स्वंयमसेवक परिचालन जो जनताका विभिन्न सवालका क्षेत्रहरु भए देखि लिएर वृद्धाश्रम देखि लिएर तपाईको द्वोन्दपिडित देखि लिएर सबैलाई यो समेटेको देखिन्छ । र हामीले यसलाई व्यवस्थित गर्नका लागि यसलाई कार्यान्वयन गर्नका लागि सबै

भन्दा बढी हामी एकिकृत भएर युनिफाईट भएर हाम्रा समस्या पहिचान गरेर यो कार्यान्वयनको स्थितितिर लैजानुपर्छ । त्यस्तो हुदा हुदै पनि मलाई के लाग्छ भने जुन वडास्तरमा जुन मुख्यमन्त्री स्वंयसेवक परिचालन सँग जोडेर लैजादा सबै भन्दा राम्रो मलाई के लाग्यो भने एउटा वडा एउटा गरिबी समन्वय केन्द्र स्थापना गरेर लैजाने हो भने अझ प्रभावकारी हुन्छ जस्तो लाग्छ मैले सुझावको रुपमा जहा विभिन्न शिर्षकमा संघीय सरकारले, प्रदेश सरकारले स्थानीय तहले गरिबका लागि सहुलियत भनेर राखिदिएको हुन्छ । उहाहरुको साक्षरता, उहाहरुको जनचेतना, उहाहरुको पहुचको कारणले सूचना नपाउने समस्या सृजना भएको छ । त्यसै कारणले प्रत्येक वडामा त्यो तपाईको त्यसैसँग जोडेर लैजादा समन्वय ईकाई बनाउदा अझ प्रभावकारी हुन्थ्यो कि भन्ने मलाई लागेको छ अर्को एउटा प्राविधिक एउटा घर भनिएको छ । त्यसमा रुचि अनुसारको सीप सीप अनुसारको अवसरको ग्यारेन्टि प्रदेश सरकारले गर्नका लागि यदि यसलाई थप्न सकिन्छ भने यसलाई यदि जोडेर लैजान सकिन्छ भने रुची अनुसारको, ईच्छा अनुसारको काम गर्न मान्छेले अझ बढी चासो र मेहनत गर्छन त्यसै कारणले यसलाई पनि तपाईको लैजान जरुरी छ र एकपटकका लागि भूमिहिन, गरिब, दलितका लागि भूमिको व्यवस्था संविधानको मौलिक हकमै व्यवस्था भएकाले पचास वटा घरहरुलाई परिवारहरुलाई दिएपनि यो बर्ष नीति तथा कार्यक्रममा राख्न पाएपछि अझै ऐतिहासिक सुनमा सुगन्ध जस्तो हुन्थ्यो कि भन्ने मेरो आफ्नो भ्यु छ र जुन तपाईको महिला ससक्तिकरण र यो फरक क्षमता भएका अनि गएर सहित परिवार खास गरि घाईते साथिहरुको हकमा जनआन्दोलन, जनयुद्ध उहाहरु घाईतेहरुको हकमा जुन एकमुष्ट रोजगारीको सृजना गर्ने लेखिएको छ उहाहरुलाई रोजगारी सँगसँगै तपाईको व्यवसायिक किसिमले उहाहरुले के गर्न सक्नु हुन्छ सीप विकास समेत जोडेर लैजादा अझ राम्रो हुन्थ्यो भन्ने मलाई लाग्या छ र अर्को अब विभिन्न जुन कार्यक्रमहरु छन् । अब नमुना कृषिगाउँ देखि लिएर थुप्रै २१२ वटा बुदामा ल्याएका यि महत्वपूर्ण तपाईका नीति तथा कार्यक्रम कार्यान्वयनका लागि सबै भन्दा महत्वपूर्ण विषय भनेको कार्यान्वयन भएकाले कार्यान्वयनमा सबै भन्दा बढी यो बर्ष प्रदेश सरकारले मेहनत गर्नुपर्ने, सबैले बढी प्रयास गर्नुपर्ने देखिन्छ र ऐतिहासिक नीति तथा कार्यक्रम रहेको छ । महिला र दलितका लागि मैले यो पटक पटक भन्दै आएकी छु । अलि प्याकेजमा कार्यक्रम ल्यायउ भने प्याकेजमा ल्याउने हो भने केहि बस्तीहरु केहि महिलाहरुलाई आर्थिक रुपमा आत्मनिर्भर बनाउने उहाहरुलाई पनि एउटा आर्थिक देखि लिएर सामाजिक रुपमा उहाहरुलाई पनि राजनैतिक मुलधारमा ल्याउने कुरा राज्यको मुलधारमा ल्याउने कुरा चुनौतिको रुपमा रहेको छ र बझाङ्ग जिल्लाको एउटा लुवाखानी, तामा खानी उत्खननका लागि पनि हामीले पटक पटक यो सदनमा बोलेका छौ । त्यो क्षेत्रको खनिज पदार्थ अर्न्तगत देखि लिएर त्यो तामा खानि, अनि गएर लुवाखानि यदि राम्रो सँग अन्वेषण गरेर त्यसको उत्खनन गर्ने हो भने प्रदेश सरकार अझै आर्थिक रुपमा आत्म निर्भर हुने र प्रदेश सरकार अझ बलियो हुने कुरा यसले पनि सहयोग पुऱ्याउछ भन्दै यि क्षेत्रमा औद्योगिक देखि लिएर कृषि, पर्यटनतिर पनि अलि दरो तरिकाले जसरी नीति तथा कार्यक्रममा समावेश भएको छ यसरी बजेटमा समेत आउने अपेक्षा गर्दै यो समग्र विकासको पहिलो आधार भनेको नीति तथा कार्यक्रम हो यो नीति तथा कार्यक्रममा टिकेर दिर्घ संकल्पका साथ प्रदेश सरकार लाग्ने वित्तिकै प्रदेशमा नयाँ किसिमको परिणाम प्रदेश एकदमै आत्मनिर्भर सुदूरपश्चिम प्रदेश ऐतिहासिक प्रदेशको रुपमा जानेछ भन्दै विदा हुन्छु धन्यवाद ।

**माननीय श्यामलाल राना थारु :-** माननीय सभामुख महोदय, सुदूरपश्चिम प्रदेश सरकारको आर्थिक नीतिको बारेमा छलफल भैराखेको छ । सर्वप्रथम म हिजो साझ जुन आदी हुरीले यस सुदूरपश्चिम प्रदेशमा विभिन्न ठाउँमा धेरै क्षति भएको छ र दुईजना व्यक्तिको मृत्यु भएको छ । तिनिहरु प्रति समवेदना व्यक्त गर्न चाहान्छु र आहातमा भएका जनतालाई सरकारको तर्फबाट छिटो भन्दा छिटो राहातको व्यवस्था होस भन्ने माग गर्दै र विशेष गरेर यो विद्युत जुन छ एकदमै अवरुद्ध भएको छ यसलाई कसरी छिटो गर्न सकिन्छ सरकारको ध्यान जावस भन्ने माग राख्न चाहान्छु । र यो नीति तथा कार्यक्रममा साथिहरुले छलफल गर्दाखेरि यसमा धेरै कुराहरु यहा आईसकेको छ । मलाई लाग्छ नीति तथा कार्यक्रम एकदम व्यापक रुपमा आएको छ धेरै क्षेत्रहरुलाई ओगटेको छ । केहि नया कार्यक्रम पनि थपिएका छन् र यथावत रुपमा जुन वेशिक कुराहरु छ ती पनि समावेश भएर आएका छन् । मैले यहा यो दफावार रुपमा धेरै भन्न चाहादैन म यति मात्रै भन्न चाहान्छु । साथिहरुले केहि भनिसक्नु भएको छ कि पयर उतना पसारिए जितना लम्बा सउल यानी हामी सँग स्रोत र साधनहरु सिमित छ । हाम्रा आवश्यकता र चाहानाहरु धेरै छन् त्यस कारणले त्यो स्रोत साधनलाई सहित ढंगबाट सदुपयोग गर्ने किसिमले अगाडि बढ्नु पर्छ भन्ने मलाई लाग्छ र विगतमा हामीले योजनाहरुको सम्भावेता अध्ययन गर्नका लागि धेरै पैसा खर्च भएको छ मलाई लाग्छ सरकारले अब आउने योजनाहरुलाई लक्षित गरेर यसलाई दुईतिन किसिमले मेरो दृष्टिकोणले दुईवटा कोणले योजनाहारुको बाडफाड गर्नु उपयुक्त लाग्छ मलाई पहिलो कुरा योजनालाई आवधिक गर्न जरुरी छ । अल्पकालिन, मध्यकालिन र दिर्घकालिन त्यसै गरेर प्रदेशका गौरवका योजनाहरु चाहे त्यो सडकको क्षेत्रमा होस, चाहे जलस्रोतको क्षेत्रमा होस चाहे पर्यटन र उद्योगको क्षेत्रमा होस हामीले विशेष गरेर आवधिक यो प्रदेश गौरवका आयोजनाहरुमा हामीले बढ्नै पर्छ किन भने हामीले सुरुवाद गरेको योजना हाम्रो कार्यकालमा समाप्त नहोला तर आगामी आउने सरकारले पनि त्यहि ट्राकमा आउनुपर्ने बाध्यता हुन्छ र हाम्रो लक्ष्य यतातिर जानुपर्छ कि यो सुदूरपश्चिम प्रदेशलाई हामीले कसरी उत्पादनमुखि चाहि जनतालाई भोली गएर समुन्नत कसरी बनाउन सक्छौ भन्ने सवालमा हामीले अगाडि बढ्नुपर्छ । जस्तै हामी दुईवटा राष्ट्र भारत र चिन सँग जोडिएका छौ । भारत सँग जो नाका छ यसलाई स्तरोन्नती गर्दै चाईना सँग पनि हामीले कसरी सम्वन्ध राख्न सकिन्छ त्यहाको नाकासम्म पुग्ने ट्राक कसरी खोल्न सकिन्छ यो भारतको जुन हाम्रो प्रतिको जुन नीति छ हेपाहा नीति त्यसलाई पनि हामी ड्यास दिनको लागि हामीले चाईना सरकारसँग पनि हाम्रो नाका त्यतिकै महत्वपूर्ण सँग ध्यान दिएर हामी खोल्न सक्यौ भने यसले अलिकति हामीलाई राहात पुग्न सक्छ । त्यसै गरेर पर्यटनको क्षेत्रमा पनि हामी सँग हामी तराई, पहाड, हिमाल तीन वटै खण्डमा हाम्रो प्रदेश बनेको छ । तराईलाई हामी अन्नको भण्डार बनाउने हो कि तराईलाई अन्नको भण्डार बनाएर कसरी सुदूरपश्चिम प्रदेशभरी हामीले चाहि खाद्यान्न पुगाउन सक्छौ यस प्रति हाम्रो कार्यक्रम लक्षित हुनुपर्छ । त्यसै गरेर पहाडतिर विशेषगरेर रमणिय स्थानहरु छन् पर्यटकिय स्थलहरु छन्, धार्मिक स्थलहरु छन् हामी सँग महत्वपूर्ण शक्तिपीठहरु छन् । म उदाहरण दिन चाहान्छु यहि गएर उत्तराअंचलमा पूर्णागिरीको दर्शनको लागि हाम्रै प्रदेशबाट दशौलाख जनताहरु जान्छन् र त्यहा केहि नभए पनि हजार दुईहजारको दरले खर्च गरेर आउछन् करोडौ पैसा त्यो चाईनी भारतमा गइरहेको छ त्यस कारणले हामी सँग पनि त्यस्ता शक्तिपिठहरु छन् त्यसलाई पनि हामी कसरी हाम्रो बडीमालिका भयो चाईने उता वैतडिको निगलासैनी भगवती भयो । त्यसै गरेर तमाम शक्तिपिठहरु छन् तिनिहरुलाई हामीले धार्मिकस्थलको रुपमा हामीले अगाडि बढाउन सक्नु पर्छ । रमणिय स्थानको

रुपमा खप्तडलाई कसरी हामीले संसारका मान्छेहरु त्यहा उतार्न सक्ने किसिमको हामीले टार्गेट लिएर जानुपर्छ भन्ने मलाई लाग्छ र त्यसले गर्दा के हुन्छ भनेपछि र एउटा कुरा आर्को हिमालयमा जुन जडिबुटीहरु छन्, खनिज पदार्थहरु छन् ती रहेका मनोरन्जनस्थलहरु पनि रहेका हुनाले त्यलाई पनि हामीले टार्गेटको रुपमा त्यहा उद्योगधन्दाहरु स्थापना गर्ने, खनीज पदार्थहरुको बारेमा पनि उद्योगधन्दाहरु स्थापना गर्ने र त्यसले गर्दा के हुन्छ भनेदेखि एउटा माईग्रेशन जुन तराईमा आउने माईग्रेसन छ बस्तीहरुको त्यो पनि रोकिने र रोजगारी पनि सृजना हुने भएको हुनाले त्यतातिर पनि हुने हुनाले त्यो हाम्रो कार्यक्रम लक्षित हुनुपर्छ । हाम्रो नीति तथा कार्यक्रममा धेरै कुराहरु आईसकेको छ तर बजेट विनियोजन गर्दाखेरि हामीहरुले ती कुराहरुलाई लक्षित गर्नुपर्छ भन्ने मलाई लाग्छ म मेरो पछि कोहि बोल्नेवाला छैन त्यस कारणले सभामुख महोदय मलाई समय केहि थप दिनुहोला भन्ने म अनुरोध गर्न चाहान्छु । र विमानस्थलहरु जुन हाम्रा विमानस्थलहरु छन् तिनलाई पनि कंचनपुरको विमानस्थल छ साफेबगर देखि लिएर दिपायल सम्म विमानस्थल छ तीनलाई सुचारु कसरी गर्न सकिन्छ त्यतातिर ध्यानदिनुपर्यो विशेष गरेर अव्यवस्थित बसोबास छ यो नीति तथा कार्यक्रममा अव्यवस्थित बसोबासको बारेमा कसरी उनलाई लालपूर्जा दिएर हामी दिन सक्छौ त्यतातिर नीति बन्नु पर्ने हो त्यो पनि कार्यक्रममा आउनुपर्छ र म एउटा अनुरोध के गर्न चाहान्छु भने अन्तिममा कैलाली, कंचनपुरमा जुन राना थारुहरुको करिब ३ लाख जतिको बस्ती छ । यो बस्ती यो राना थारुलाई सुचिकृत गर्नुपर्छ भन्ने हाम्रो माग र मुद्दा पहिल्यै देखि रहि आएको छ । ०६५।०६६ सालतिर कमरेड प्रचण्ड प्रधानमन्त्री हुदा त्यतिबेला ओम गुरुङ्गको अध्यक्षतामा एउटा जनजातिहरुको सूचिकृत गर्ने एउटा आयोग गठन भएको थियो ओम गुरुङ्गको प्रतिबेदन सहित हाम्रो गृह मन्त्रालयमा यो फायल छ । त्यस कारणले प्रदेश सरकारले पनि यसलाई नीतिगत निर्णय गरेर कसरी सहजीकरण गर्न सकिन्छ । सूचिकृत गर्ने सवालमा सहयोग पुगाउने कुरामा प्रदेश सरकार अगाडि बढोस भन्ने म भन्न चाहान्छु र अन्तमा यो कार्यक्रम नीति तथा कार्यक्रमलाई सहि ढंगबाट योजनागत माध्यमबाट हामीले कसरी कार्यान्वयन गर्न सकिन्छ समुचित रुपमा कसरी प्रयोग गर्न सकिन्छ यसमा सरकारको ध्यान जानेछ भन्ने विश्वास लिदै आफ्नो मनतव्य यहि राख्न चाहान्छु धन्यवाद नमस्कार ।

*(बोलीसकेपछि)*

**५. माननीय सदस्यहरु,**

प्रदेश सरकारको आ.व.२०७६।०७७ को बार्षिक नीति तथा कार्यक्रम माथिको छलफलमा बोल्ने समय यहि समाप्त हुन्छ ।

**६. माननीय सदस्यहरु,**

अब म प्रदेश सरकारको आर्थिक बर्ष २०७६।०७७ को बार्षिक नीति तथा कार्यक्रमलाई संशोधन गरि पारित गरियोस भन्ने संशोधनको प्रस्तावका प्रस्तावक माननीय गोविन्द राज बोहरालाई प्रदेश सभा नियमावली, २०७४ को नियम ३७ बमोजिम संशोधनको प्रस्ताव प्रस्तुत गर्न अनुमति दिन्छु ।

**माननीय गोविन्दराज बोहरा :-** माननीय सभामुख महोदय, हाम्रो नीति तथा कार्यक्रममा अध्ययन गर्दाखेरि केहि कुराहरु परिवर्तन गर्नुपर्ने भएका कारणले संशोधन दर्ता गरिएको हो र यसमा यो बुदा

नं.९३ मुख्यमन्त्री अन्तरप्रदेश खेलकुद प्रतियोगितालाई निरन्तरता दिईने छ भनेर जो लेखिएको छ। यसलाई संशोधनमा बुदा नं.९३ को यसमा हाम्रो एउटा विचार के हो भनेपछि हिजो पनि मुख्यमन्त्री कप यहा भएको हो र त्यो हुदा खेरि विभिन्न चाईने त्यसमा त्रुटिहरु देखिए हाम्रो प्रदेशका खेलाडिहरुले जुन उत्साहका साथ अगाडि बढ्नुपर्ने थियो त्यो देखिएन र जिल्ला जिल्लामा एउटा निरासाको बाताबरण आयो र जिल्लामा त्यसको सूचना पनि पुग्न सकेन त्यत्रो मुख्यमन्त्री जुन प्रदेश कप यहा संचालन भैराखेको थियो त्यसका सम्बन्धमा सूचना सम्म नपुग्नु पनि एउटा राम्रो त्यसको म्यसेज गएन प्रदेशको त्यस खेलकुद क्षेत्रमा निरासा आएको कारणले मेरो भनाई के हो भने यो यसलाई परिवर्तन गर्नुपर्छ र हरेक खेलाडिलाई यसको सूचना जाहेर गरेर प्रतिस्पर्धि बनाउनु पर्छ हरेक खेलमा हामीले जिल्लाबाट जिल्लामा सूचना दिएर जिल्लाबाट प्रतिस्पर्धिलाई खेलाडिलाई अगाडि बढाएर जिल्लामा प्रतिस्पर्धा गरेर जिल्लाबाट प्रदेशमा ल्याएर प्रदेशमा ति प्रतिस्पर्धिलाई ल्याएर चाहिने सक्षम बनायौ भने तब मात्रै हामी अन्य प्रदेश सँग कमपिटिसन गर्न सक्छौ। प्रतिस्पर्धा गर्न सक्छौ त्यसैले यसमा चाहिने कुरा के हो भने हरेक गाउगाउँ जिल्लाबाट जिल्लामा प्रतिस्पर्धि नल्याईकन नहुने भएको कारणले यसलाई परिवर्तन गरि यसको कारण पनि हामीले लेखेका छौ प्रदेश भित्रका प्रत्येक जिल्लाका खेलाडिहरुलाई सहभागि हुने अवसर प्रदान गर्नुपर्ने भन्ने कुरा भनेको छ। त्यसैले प्रदेशका जिल्लाका खेलाडिहरुलाई प्रदेशस्तरिय खेलमा अनिवार्य रुपमा उपस्थित गराई खेलको प्रतिस्पर्धा रुपमा अगाडि बढाउनु पर्छ भन्ने हाम्रो मान्यता रहेको छ। त्यसैले चाहिने म यसलाई परिवर्तन गर्न म अनुरोध गर्न चाहान्छु। दोस्रो कुरा छ बुदा नं.९४ प्रदेशको विकास र स्वरोजगारीलाई टेवा पुग्ने गरि मुख्यमन्त्री प्रदेश स्वंयमसेवक कार्यक्रम तर्जुमा गरि संचालन गरिने छ भनेर नीति तथा कार्यक्रममा जो दिइएको छ यसलाई यो बुदा सँग म सहमत छैन किन भन्दाखेरि एकातिर प्रदेशको आर्थिक परिस्थिति हामीले स्रोत र साधनको कुरा व्यापक उठाएका छौ त्यो स्रोत साधन भित्र हामीले सम्पूर्ण कुरा गर्नुछ। विकासका कुरा गर्नुछ। त्यसैले त्यो स्रोत र साधनभित्र बस्दा खेरि यदि यो स्वरोजगारी स्वयंयम सेवक यदि भर्नाको कुरा अगाडि बढाउने हो भने यसमा चाहि व्यापक धनराशी यसमा खर्च हुन सक्छ र यसले कुनै राजनैतिक रुपले यि क्रियाकलाप गर्दा खेरि राजनैतिक पोष्टबाट यि त्रियाकलाप गर्दाखेरि यसका आफ्ना निकाय छन् भर्ना गर्ने निकायहरु छन् ती निकायहरु मार्फत भोली रोजगारीका अवसरहरु सृजना गर्न सकिन्छ तर मुख्यमन्त्रीको नेतृत्वमा यि क्लवहरु गठन गरेर यसबाट चाहि रोजगारी दिन थालियो भने त्यसले राम्रो रिजल्ट दिदैन यो सरकारलाई पनि राम्रो रिजल्ट प्रतिवाद हुन सक्छ त्यसैले मेरो मान्यता के हो भने यसलाई हटाएर यो बुदालाई हटाउनुपर्छ यसमा राख्नु हुदैन र प्रदेशलाई आर्थिक भार यसबाट बोकाउनु हुदैन भन्ने मेरो मान्यता हो र यसको कारण पनि त्यहि कारणले खोलिएको छ र प्रदेश सरकारको ठुलो धनराशी यो स्वंयम

सेवक परिचालनको नाममा कार्यकर्तालाई वितरण हुने सम्भावना हामीले देखेका छौ । हुन सक्छ अब चाहिने मुख्यमन्त्री स्वंयमसेवक यसमा राख्दाखेरि राजनैतिक रुपमा प्रेरित भएर राजनैतिक रुपमा भर्ती भयो भने त्यसले चाहिने यो प्रदेशमा राम्रो रिजल्ट दिदैन भन्ने मेरो मान्यता हो त्यसैले यो बुदालाई हटाउनु पर्छ भन्ने मेरो सभामुख मार्फत अनुरोध हो भन्यवाद ।

*(प्रस्ताव प्रस्तुत भएपछि)*

**७. माननीय सदस्यहरु,**

अब म माननीय गोविन्दराज बोहराले प्रस्तुत गरेको प्रदेश सरकारको आ.व.२०७६।०७७ को बार्षिक नीति तथा कार्यक्रमलाई संशोधन गरि पारित गरियोस भन्ने संशोधनको प्रस्तावलाई समर्थन गर्न माननीय कुमारी नन्दा बमलाई समय दिन्छु ।

माननीय कुमारी नन्दा बम :- सभामुख महोदय, माननीय श्री गोविन्द राज बोहराले प्रस्ताव गर्नु भएको यस प्रस्तावको म समर्थन गर्दछु । सभामुख महोदय, प्रदेश सरकारले आर्थिक बर्ष ०७६।०७७ को नीति तथा कार्यक्रममा उल्लेखित बुदा नं.९३ मा मुख्यमन्त्री अन्तरप्रदेश खेलकुद प्रतियोगितालाई निरन्तरता दिनुपर्दछ यसमा निरन्तरता दिनु पर्दछ हामी पनि भन्छौ तर साथै सभामुख महोदय, खेलाडि छनौट गर्नुपर्दा प्रत्येक जिल्लाबाट जिल्लास्तरिय मार्फत छनौट हुनुपर्दछ । सभामुख महोदय यदि हामी जिल्लाबाट छनौट गर्न सक्दैनौ भने अहिले जुन हाम्रो मुलुकमा खेलकुदले फड्को मारिरहेको छ यसलाई हामीले जिल्लाका खेलाडिहरुलाई वझेलमा पर्ने देखिन्छ । त्यसर्थ हामीले यो प्रक्रियालाई अवलम्बन गर्नुपर्दछ । सभामुख महोदय, बुदा नं.९४ मा प्रदेशको विकासमा स्वरोजगारीलाई टेवा पुग्ने गरि मुख्यमन्त्री प्रदेश स्वयंसेवक परिचालन कार्यक्रम तर्जुमा गरि संचालन गरिने भनिएको छ । सभामुख महोदय यसले के देखाउछ भनेदेखिन प्रदेश सरकारको ठुलो धनराशि यसमा खर्च हुन्छ र राजनैतिक हिसाबबाट आफु सँग भएका आफु सँग नजिक रहेका कार्यकर्ताहरुलाई पोषण पनि गरिन्छ । त्यो सत्तामा हुदा स्वभाविक सबले पनि त्यो गर्ने गर्छन तसर्थ यसलाई यो बुदालाई हटाइनु पर्दछ र यो बुदाले एउटा हाम्रो मुलुकको ठुलो धनराशीलाई एउटा स्वंयसेवकको रुपमा दुरुपयोग हुने सम्भावना देखिएको हुदा यस बुदालाई हटाईनु पर्दछ धन्यवाद ।

*(समर्थन गरेपछि)*

**८. माननीय सदस्यहरु,**

अब म माननीय मुख्यमन्त्री श्री त्रिलोचन भट्टलाई प्रदेश सभा नियमावली, २०७४ को नियम ३८ को उपनियम (२) बमोजिम संशोधनको प्रस्ताव सहित प्रदेश सरकारको आ.व.२०७६।०७७ को बार्षिक नीति तथा कार्यक्रमको छलफलको क्रममा उठान भएका प्रश्नहरुको जवाफ दिन समय दिन्छु ।

माननीय मुख्यमन्त्री त्रिलोचन भट्ट :- माननीय सभामुख महोदय, माननीय सदस्यज्यूहरु सर्वप्रथम म हाम्रो देशमा संघीय व्यवस्था लोकतान्त्रिक संघीय लोकतान्त्रिक गणतन्त्र ल्याउनको लागि विभिन्न समयमा भएका आन्दोलन राजनैतिक आन्दोलनहरुमा सहादत प्राप्त गर्नुभएका सहिदहरुलाई सम्भन चाहान्छु । बेपत्ता, घाईते, अपाङ्गहरुलाई सम्भन चाहान्छु र आज हामी जो व्यवस्थामा अगाडि बढीराखेका छौं । यो व्यवस्था हामी सबैले रोजेको व्यवस्था, सबैले राम्रो ठानेको व्यवस्था, सबै भन्दा उत्कृष्ठ व्यवस्था भनेर आम नेपाली जनताले संघर्ष गरेर ल्याएको व्यवस्थालाई सफल पार्नको लागि हामी सबै तत्पर छौं । हामी सबै लागि राखेका छौं लाग्नु पर्छ भन्ने आग्रह पनि गर्न चाहान्छु । माननीय सभामुख महोदय, हाम्रो यो नीति तथा कार्यक्रममा छलफल भैरहदा हिजो मात्रै हाम्रो प्रदेशमा भिषण हावाहुरी आएर ठुलो धनको क्षति भएको छ । दुईजना होनहार हाम्रा सुदूरपश्चिमका बासिहरुले ज्यान गुमाउनु परेको छ । लगभग सयको हारा हारिमा घाईते भएका छन् म सर्वप्रथम ती ज्यान गुमाउनु हुने होनहार युवाहरुलाई श्रद्धाञ्जली दिन चाहान्छु र घाईतेहरुको शिघ्र स्वास्थ्यलाभको म कामना गर्न चाहान्छु र यो सँगसँगै धनको क्षति भएको छ । त्यसको आकलन गर्ने र त्यसको पूर्ण रुपबाट लेखाजोखा गर्ने काम भएको छ र जसको धनको क्षति भएको छ त्यलाई सबै मिलेर हामीले पुरा गर्नुपर्ने पनि हुन सक्छ र यसको लागि पनि म आग्रह गर्न चाहान्छु । र सरकारले यो घटना घट्ने वित्तीकै सरकारसँग रहेको कुराहरुलाई परिचालन गर्ने कुरा, छिटो भन्दा छिटो उद्दार गर्ने कार्यलाई संचालन गर्ने कुरा र त्यलाई रोकिएका बाटाहरु खोल्ने कुरा, घाईतेहरुको उपचार गर्ने कुरा र अन्य कार्यहरु तिव्र गतिमा अगाडि बढाएको पनि म जानकारी गराउन चाहान्छु र यसमा सबैले सहयोग गर्नु भएको छ । मन्त्रीहरु, माननीय सांसदज्यूहरु, सुरक्षा निकायका प्रमुखहरु, सुरक्षा निकायहरु, कर्मचारी लगायत आम जनसमुदायहरुले जसरी समग्र तत्पर्ता देखाउनु भएको छ यसको लागि सरकारको तर्फबाट धन्यवाद दिन चाहान्छु । माननीय सभामुख महोदय हामी यो प्रदेशको सरकार, यो प्रदेशको सभा बनिसकेपछि तीन वटा नीति कार्यक्रमहरु हामीले प्रस्तुत गरेका छौं । पहिलो नीति तथा कार्यक्रम भनेको हामी भर्खरै सरकार गठन गरेर कार्यान्वयनको प्रक्रियामा अगाडि बढीराख्दा खेरि हामीले त्यसको त्यो प्रस्तुत गर्यौं, त्यसमा छलफल गर्यौं, त्यसलाई पारित गर्यौं र हामीले त्यसलाई सम्भव भए जति कार्यान्वयनमा लिएर पनि गयौ तर त्यो अवधि त्यो छोटो अवधि १, २ महिनाको अवधिले त्यो सबै कुराहरु पुरा हुने कुरा सम्भव थिएन यो हामी सबैले बुझेका छौं । र त्यसलाई हामीले एउटा निरन्तरताको रुपबाट दोस्रो कार्यक्रम नीति तथा कार्यक्रम हामीले प्रस्तुत गर्यौं र त्यतिखेरा पनि मैले भनेको के थिए भने त्यो एउटा जग हामीले बसाल्यौ हाम्रो देशमा लामो संघर्षबाट संघीय लोकतान्त्रिक गणतन्त्र हामीले स्थापना गर्यौं जसमा हाम्रो एउटा नयाँ प्रणालीको अभ्यास गर्दै छौ र प्रदेश भन्ने कुरा, प्रदेश सरकार भन्ने कुरा हाम्रो नेपालको लागि हाम्रो लागि

सबैको लागि नयाँ व्यवस्था थियो र त्यो व्यवस्थालाई संस्थागत गर्ने कुरा, त्यसको विकास गर्ने कुरा र जनतालाई देखेको सपना र जनताले गरेको अपेक्षालाई पुरा गर्ने कुरा नै मुख्य हाम्रो सबैको भूमिका थियो र त्यहि अनुसार नै हामीले दोस्रो नीति तथा कार्यक्रम प्रस्तुत गर्यौं र दोस्रो नीति तथा कार्यक्रम प्रस्तुत गर्दै जादा र त्यलाई यो सदनले महत्वपूर्ण सुझाव सहित हामीले पास गरेर अगाडि बढ्यौ र हामीले त्यलाई कार्यान्वयनको पक्षमा लिएर जादा खेरि जब हामीले बजेट ल्यौ नीति तथा कार्यक्रममा टेकेर त्यो बजेटलाई जनताको विचमा कार्यान्वयन गर्दै जादा हामी सबैलाई थाहा छ हाम्रा समस्याहरु, अप्ठ्याराहरु, जटिलताहरु र त्यसलाई कार्यान्वयन गर्दा खेरि आई पर्ने विभिन्न खालका अन्य समस्याहरुलाई भोग्दै अगाडि बढ्ने कुरा नै हाम्रो मुख्य कुरा थियो र हामी सबैलाई थाहा छ पहिलो कुरा त हाम्रो व्यवस्था नै नया व्यवस्था भएको हुनाले त्यो व्यवस्थालाई सिक्दै, बुझ्दै, कानून बनाउदै, लागु गर्दै जाने कुरा पहिलो कुरा दोस्रो कुरा जनताका अपेक्षाहरु यो व्यवस्था आईसकेपछि हामी संघर्षबाट प्राप्त व्यवस्था आई सकेपछि स्वभाविक रुपबाट जनताका अपेक्षाहरु बढ्ने कुरा, स्वभाविक रुपबाट जनताको मागहरु बढ्ने कुरा र स्वभाविक रुपबाट हामी तपाई जनप्रतिनिधीहरुले धेरै काम गर्न खोज्ने कुरा स्वभाविक थियो तर त्यो अनुसार अगाडि बढ्ने कुरालाई जसरी जुन सिस्टमलाई हामीले परिचालन गर्नुपर्ने थियो जुन कुरालाई हामीले तिब्र गतिमा जाने विषयलाई हामीले अगाडि बढाउनु पर्ने थियो त्यो अवस्थामा त्यो सम्भव त्यति थिएन जति हामीले चाहेका थियौ । र हामी सँग कानूनको अभावको कुराहरु, कर्मचारी अभावको कुराहरु, कार्यालयका अभावका कुराहरु धेरै चिजहरु हामी सँग समस्याहरु थियो र यि समस्यालाई ध्यान दिदै, यि समस्यालाई पन्छ्याउदै, यि समस्या सँग जुज्दै प्रदेश सरकार अगाडि बढ्यो र प्रदेश सरकार अगाडि बढी रहदाखेरि कानूनको तर्जुमा गर्ने कुरा, नीति बनाउने कुरा, बजेटलाई कार्यान्वयन गर्नको लागि योजना बनाएर बजेट कार्यान्वयन गर्ने कुरा र कर्मचारीको अभावलाई पनि पुरा नहुदै त्यलाई कायान्वयनको कुरालाई अगाडि बढाउने कुरा प्रदेश सरकारले गर्दै आयो र हामी सबैलाई थाहा छ अहिलेको नीति तथा कार्यक्रममा हामीले प्रष्ट रुपबाट समिक्षा गरेका छौ । समिक्षा गर्ने कुरा मलाई लाग्छ सब भन्दा महत्वपूर्ण कुरा हो यहा कैयु माननीयहरुले कुरा उठाउनु भयो । १५ किलोमिटर सडकको विषय किन राख्नु भयो भनेर मलाई लाग्छ सदनलाई सत्य कुरा बताउनमा प्रदेश सरकारलाई गर्व छ हामीले कुनै कुरा लुकाउनुपर्ने जरुरी छैन । हामीले जे गर्यौं जुन परिस्थितिमा गयौ, जसरी हामीले गर्न सक्ने परिस्थिति थियो त्यो अनुसार हामीले गर्यौं त्यस कारणले हामीले सदनलाई र जनतालाई ढाट्नु हुदैन र जनतालाई ढाट्नेकुरा, सदनलाई ढाट्ने कुरा त्यो गलत कुरा थियो त्यस कारणले हामीले जे गर्न सकेका थियौ त्यो कुरा यथार्थ राख्यौ यसलाई आफ्नो तरिकाले जोले जसरी व्याख्या गर्छ त्यो उसको स्वतन्त्रताको कुरा हो । तर म के भन्न चाहान्छु भने हामीले यो कार्यक्रम गत बर्षको, अहिलेको, चालु बर्षको बजेटलाई

कार्यान्वयन गर्दै जादा खेरिका अपठ्याराहरु त्यो हाम्रो लागि मात्रै होईन आज हामी संघीयतामा छौ देशैभरी त्यो परिस्थिति देखिएको छ । आज सबैले बुझ्ेका छन् । सबै ठाउमा के भैराखेको छ । कसरी काम भैराखेको छ, कुन प्रकारले काम भैराखेको छ भन्ने कुरा कोहि पनि त्यो बाट अनविज्ञ छैन त्यस कारणले हामीले कार्यान्वयन गर्ने प्रक्रियामा मैले भने धेरै चिजका अभावहरु छन् हामीले अहिले पनि भनेका छौ । हामीलाई शुरुमा संघीय सरकारले २७०० को हाराहारीमा दरबन्दी किटान गरेर पठयो अहिले आउदै जादा खेरि २३०० मात्रै दरबन्दीको किटान समायोजनको कुरा उठ्यो र त्यो मध्येको जम्मा ४० प्रतिशत मात्रै हाम्रो कर्मचारीको उपस्थितिमा यो काम हामीले अगाडि बढाएका छौ । हामीमा आफ्नो निकाय अरु कोहि थिएन, हामी सँग आफ्नो निकाय नहुदा पनि हामीले कामलाई अगाडि बढाउदा खेरि त्यो कति राम्रो हुन सक्थ्यो भन्ने कुरा हामी सबैले बुझ्ेका छौ । त्यस कारणले आफ्ना निकायहरु बन्ने कुरा किन भने हामी सबैलाई थाहा छ यो भन्दा पहिले हामी एकात्मक व्यवस्थामा थियौ र एकात्मक व्यवस्थाको सिस्टम पनि एकात्मक व्यवस्था अनुसार नै थियो त्यति मात्रै नभएर सिस्टममात्रै एकात्मक थिएन एउटा सोच पनि एकात्मक थियो अहिले पनि हामी कता कता त्यो देख्न पाउछौ, सुन्न पाउछौ र त्यो प्रकारको महसुस हामी गर्न पाउछौ र यो व्यवस्थालाई संघीयतात्मक व्यवस्थामा र त्यो अनुसारको सोच, त्यो अनुसारको चिन्तन र चिन्तन अनुसारको व्यवस्था, त्यो अनुसारको कार्यसैली स्थापीत गर्न मलाई लाग्छ एक डेढ बर्ष धेरै ठुलो समय होईन हो हामी सँग जे अपेक्षा हामीले जति जनतालाई छिटो गर्छौ भनेर भनेका छौ त्यो अनुसार यो कम हुन सक्छ तर बास्तवमा हेर्दै जाने हो भने संसारका जुन देशमा संघीयता छ त्यो देशका संघीयतालाई स्थापीत गर्दै जाने हो भने त्यहाको समय र नेपालमा अहिले संघीयता कार्यान्वयन हुदै गएको समयलाई हामीले आकलन गर्न सक्छौ । एक डेढ बर्षमै धेरै चेन्जहरु हुन सक्ने कुरा सम्भव थिएन त्यहि पनि हाम्रो देशमा त्यो हुन सम्भव भयो र हामी अगाडि बढ्न सफल भयौ त्यस कारणले पनि हामीले यो समस्या यहा राख्यौ हामीले यो समिक्षा राख्दै जादा खेरि हामीले नीति तथा कार्यक्रम र त्यस अनुसारको बजेट र त्यो अनुसारको खर्चको प्रणाली र त्यो अनुसारको हामीसँग भएको जनशक्ति र त्यो जनशक्तिबाट हामीले हाम्रो प्रदेशमा रहेका ९ वटै जिल्लाको प्रत्येक गाउँपालिकामा खर्च गर्ने र त्यसलाई योजनालाई कार्यान्वयन गर्ने कुरामा जुन प्रकारको समिक्षाहरु समस्याहरु थिए त्यसको बावजुत पनि यो ठाउँमा पर्‍यौ र अझ पनि हामी यो भन्दा अगाडि जाने परिस्थितिमा छौ र त्यस कारणले यो समिक्षाको विषय त्यसरी हामीले राख्यौ त्यो विषयमा कुनै पनि माननीयहरुले अन्यथा लिनुपर्ने जरुरी छैन हामीले यथार्थ कुरा राखेका छौ । जतिखेरा हामी यो बनाउदै गएका थियौ त्यतिखेरा हामीले देख्यौ हो अहिले पनि एक महिना बाँकी छ अझ हामी त्यतिखेरा पनि मैले भनेको थिए अहिले देशको अहिले सम्मको सिस्टम के हो अहिले सम्मको व्यवस्था के हो असारको महिनाको

खर्च प्रणाली जो अहिले सम्म चल्दै आएको छ यसलाई हामीले अन्त गर्न खोजेकै हो । साच्चै भन्नु हुन्छ भने यो कुरालाई अन्त्य गर्नको लागि हामीसँग सिस्टम नभएको कारणले हामीले त्यलाई त्यति तिव्र गतिमा कार्यान्वयन गर्न सकेनौ हामीले हाम्रो बजेट पास हुनु वित्तीकै हामीले के भनेका थियौ भने अब असारमा गएर खर्च गर्ने जुन प्रणाली छ त्यलाई न्युन गर्नु पर्छ त्यसलाई रोक्नुपर्छ किन भने आवश्यक कुराहरु अगाडि सम्म जान सक्छन् तर अधिकांस कामहरु त्यो भन्दा पहिल्यै सिद्दीनु पर्छ भनेर हामीले भनेका थियौ तर त्यो भनिरहदा खेरि हामी सँग हाम्रो कुनै निकाय थिएन, हामीसँग हाम्रो कुनै कार्यालय थिएन, हामीसँग कर्मचारीको त्यो प्रकारको सुविधा थिएन त्यस कारणले त्यसलाई कार्यान्वयन गर्ने कुरामा केहि अपठ्याराहरु भए र अहिले जुन उपलब्धी हामीले हासिल गरेका छौ । अहिले मलाई लाग्छ हामी यो उपलब्धीले मात्रै हामी धेरै आफुलाई ठुलो ठानेका छैनौ यो एउटा सुरुवात हो हामीले गत बर्षलाई कानून निर्माणको बर्षका रुपबाट पनि लिएका थियौ । हामीले गत बर्षमा भनेका थियौ हामीले सिस्टम विकास गर्ने कुरा, कानून निर्माण गर्ने कुरा, हाम्रा कार्यालयहरु स्थापना गर्ने कुरा, कर्मचारीको व्यवस्थापन गर्ने कुरा नै हाम्रो मुख्य त्यतिखेराको उद्देश्य थियो र त्यसलाई कमसेकम हामीले गर्न सफल भएका छौ र कर्मचारी कम भए पनि भोली आउछन् भन्ने हामीलाई विश्वास छ र हामीले आफै पनि अब कर्मचारी राख्न सक्ने परिस्थिति संघीय कानून बनि सक्यो र संघीय कानूनले जो मापदण्ड दिइएको छ त्यो अनुसार हामीले लोकसेवा प्रदेश लोकसेवा सम्बन्धी कानून पनि सदनमा छलफलमा छ अब हामी यो कुरालाई अन्त्य गर्न चाहान्छौ । हामी चाहान्छौ यहाको समग्र विकास गर्नको लागि यहाको हिजोको शासन व्यवस्थाबाट मुक्त भएका कुराहरु अगाडि बढाउनका लागि हामी नया तरिकाले सोच्न चाहान्छौ, नयाँ तरिकाले गर्न चाहान्छौ र त्यसमा सबैलाई त्यो नयाँ तरिकाले गर्ने कुराहरु नयाँ सिस्टममा अगाडि बढ्ने कुराहरुमा सबैको साथ चाहान्छौ किन भने विकास गर्ने कुरा एउटा कुनै पार्टि विशेषको एउटा कुनै व्यक्ति विशेषको, एउटा कुनै संस्था विशेषको मात्रै हुदैन विकास भन्ने कुरा सबैको साझा हो हामी सडक निर्माण गर्छौ भने त्यो सडकमा हामी सबै विचार राख्ने व्यक्तिहरु हिड्छौ, सबै विचार राख्ने व्यक्तिहरु त्यो सडकलाई हामीले प्रयोग गर्छौ त्यस कारणले विकास गर्दा खेरि हामी सबै एकठाउँमा उभिन जरुरी छ र समस्याहरुलाई समाधान गर्नको लागि पनि हामी आफ्नो तरिकाले उभिन जरुरी छ त्यस कारणले यो विषयलाई मैले के भन्न चाहान्छु भने जे हामीले गर्यौ जे हामीसँग उपलब्ध थियो, जे कुरालाई हामीले गर्न सक्ने परिस्थिति थियो त्यो कुरालाई अगाडि बढायौ तर यतिमा हामी कोहि पनि खुशि नहुन सक्छौ तर यो हाम्रो सुरुवाद हो र आगामी दिनमा यसलाई निरन्तर गतिमा अगाडि बढ्ने हुन्छ, तिब्र गतिमा अगाडि बढ्ने हुन्छ र यो कुरालाई हामीले यहा राखेका छौ । हामीले कैयौ कार्यक्रमहरु महत्वपूर्ण रुपबाट सामेल गरेका छौ हो कुराहरु उठेको छ निरन्तरताको कुरा पनि कैयौ उठेका छन्

यहा भनिएको छ सबै कुराहरु पुरानै छन् भनेर म के भन्न चाहान्छु भने योजनाहरु दिर्घकालिन हुन सक्छन् हामीले कृषिमा कुरा उठाएका थियौ यो भन्दा पहिले पनि कृषिका कुराहरु घोषणा गर्यौ तर कृषिका कार्यक्रमहरु एक बर्षमै पुरा हुने सम्भावना हो त त्यो होईन त्यस कारणले त्यसलाई निरन्तर रुपबाट हामी हिजो के गर्यौ र हिजो गरेर हामीले कति प्रतिफल पायौ र त्यसलाई अब अगाडि बढाउदाखेरि कति प्रतिफल हामीले पाउन सक्छौ र कतिबाट हामी जनतालाई लाभ दिन सक्छौ र हाम्रो प्रदेशको आर्थिक उन्नती गर्न सक्छौ भन्ने कुरा मुख्यकुरा हो र यो कुरालाई हामीले अगाडि सारेका छौ । पर्यटनको कुराहरु हामीले अगाडि सारेका छौ र यो पुरानै लाग्न सक्छ स्वभाविक हो हामीले हाम्रो शरीरमा लाउने कपडा यसको नाम कपडा नै हुन्छ तर यो कपडा माया पनि हुन्छ नया पनि सिलाई गर्छौ कहिले काहि तर कपडाको नाम बदल्छौ भन्ने हुदैन त्यस कारणले के हुन्छ भने जो कुराले हाम्रो लक्ष्यको साथमा १ बर्ष, २ बर्ष, ३ बर्ष, ४ बर्ष र जब सम्म हामी पूर्ण लक्ष्यमा पुग्दैनौ तब सम्म त्यो निरन्तर रुपबाट अगाडि बढ्न सक्छ त्यसको गुण फरक हुन सक्छ । त्यसको उपयोगिता फरक बन्न सक्छ गुण त्यसको बन्न सक्छ तर हामीले त्यो कुरालाई अगाडि बढाउन चाहान्छौ र हाम्रो प्रदेशको सब भन्दा महत्वपूर्ण कुरा नै हामीले भन्दै आएको कुरा हामीले मात्रै होईन विगत देखि हामी सबैले त्यो महसुस गर्दै आएको कुरा के हो भने हाम्रो प्रदेशको सब भन्दा विकासको मुख्य कुरा भनेको कृषि नै हो कृषिमा नाम मात्रै तत्कालको रुपबाट हामीले आत्मनिर्भर हुन सक्यौ भने धेरै चिज हामी यहाबाट गर्न सक्छौ भनेर हामी सबैले सोचेका छौ, सबैले महसुस गरेका छौ विगत देखि यो भन्दै आएको छौ । हाम्रो देश कृषि प्रदान देश भन्दै आएका छौ तर यो प्रचारका कारण बन्यो कि बनेन यो अनुसारको नियम बन्यो कि बनेन, यो अनुसारको कार्यक्रम बन्यो कि बनेन, यो अनुसारको सम्मान हामीले दिन सक्यौ कि सकेनौ भन्ने कुरा हाम्रो विचको एउटा चुनौतिको विषय हो । हामी यसलाई चिर्न चाहान्छौ । हामी यसलाई अन्त्य गर्न चाहान्छौ हामी के चाहान्छौ भने बास्तवमा कृषि भनेको नै हाम्रो मुल पेशा हो र मुल हाम्रो प्रदेशको मुल आर्थिकको मुख्य आधार भनेको कृषि हो भनेर हामी यो स्थापित मात्र होईन यसलाई कार्यान्वयन गर्न चाहान्छौ । कार्यान्वयन मात्र होईन यो कृषिमा माटोमा काम गर्ने प्रत्येक व्यक्तिको सम्मान होस भनेर हामी चाहान्छौ त्यस कारणले हामीले कृषिलाई रोजेका छौ । हामीसँगको तीन तहको भुगोल छ तराई, पहाड, हिमाल जहा सबै प्रकारको कृषिखेति हुन सक्छ फलफुल हुन सक्छ सबै प्रकारका हामीले अन्य कुराहरु गर्न सक्छौ त्यसलाई त्यो अनुसारको नियम बनाउने कुरा, योजना बनाउने कुरा त्यतापट्टी बजेटलाई केन्द्रीत गर्ने कुरा नै मुख्य कुरा हो र अहिले हामीले त्यसलाई ठोस रुपले अगाडि सार्न खोजि राखेका छौ । हिजो हामीले कृषिका कुरा उठायौ र त्यो सुरुवाती चरण थियो त्योबाट पनि केहि प्रतिफल आएको छ हामीले समिक्षामा राखेका छौ यो समिक्षामा हामीले प्रष्ट भनेका छौ हामीले कहा सम्म पुगेका छौ र

यो भन्दा अगाडि हामी कहा जान चाहान्छौ भनेर यस कारणले कृषिलाई हामीले महत्वपूर्ण रुपबाट अगाडि सारेका छौ र यो भनेको हिजो भन्दा फरक तरिकाले अगाडि सारेका छौ । हामी गाउँमा बस्ने व्यक्तिहरु आज हामी सबैलाई थाहा छ । हामी सबैले बुझ्भेका छौ अलि पढे लेखेको युवा कोहि पनि गाउँमा बस्न तयार छैन उले माटोमा काम गर्न तयार छैन किन भने कृषि पेशा जति हामी भाषणमा अगाडि छौ त्यति हामी योजनामा ल्याउन सकेका छैनौ । कृषि पेशा गर्ने व्यक्तिलाई सम्मान गर्न सकेका छैनौ माटो लागेको व्यक्तिलाई हामी समाजमा अपहेलित गरेका छौ त्यस कारणले यो प्रति धारणा कसैको ठिक बनेको छैन । त्यस कारणले हामी के चाहान्छौ भने कृषि पेशा गर्ने व्यक्ति सम्मानीत हुनुपर्छ त्यो अनुसारको कार्यक्रम तय हुनुपर्छ, त्यो अनुसारको बजेट बन्नु पर्छ र कार्यान्वयन हुनुपर्छ भनेर हामीले यो आफ्नो कृषिगाउँ आफै बनाऔँ त्यहि भएर भनेका हौ । आपनत्व हुनुपर्यो कमसेकम मान्छेलाई कि यो पेशा मेरो हो भनेर र त्यसबाट हामीले पाउँने लाभ त्यो बाट हुने यो प्रदेशलाई फाईदा भोली परिणाममा देखिने कुरा हुन्छ र हामी ठोस रुपबाट जान चाहान्छौ र यो सँगसँगै हामीले भन्यौ हामीले किन अहिले पर्यटनका कुरा उठाएका छौ मलाई लाग्छ आज सबै भन्दा संसारमा सब भन्दा धेरै फैलिएको र संसारमा सब भन्दा धेरै आर्थिक उन्नती गर्ने भनेको पर्यटकिय व्यवस्था छ । अरु चिजहरु उत्पादन धेरै भयो भने कहा बेचौला, कहा मार्केट पाउला भनेर हामीलाई चिन्ता हुन सक्छ तर पर्यटकिय व्यवस्था यस्तो व्यवसाय हो यस्तो कुरा हो जो हामी देखाएर मात्रै हामी लाभ लिन सक्छौ । हामीले भनेका छौ कृषि हामी अहिले आत्मनिर्भर बन्न चाहान्छम हामीले भन्यौ उर्जाको कुरा हामी सँगसँगै गरेका छौ । भोली हामीले धेरै उर्जा उत्पादन गर्यौ भने कहा बेचौला भन्ने हामीलाई चिन्ता हुनसक्छ तर पर्यटकिय व्यवस्था व्यवसायिकलाई अगाडि बढाउन सक्ने हो भने यो बेच्न अथवा हामीलाई भोली मार्केट कहा पाउँला भन्ने हामीलाई चिन्ता आवश्यक पर्दैन हामी सँग के कुरा छ त्यो कुरालाई देखाएर यहाको विकासको गतिलाई बढाउने कुरा, आर्थिक उन्नतीलाई बढाउने कुरा हो त्यस कारणले हामीले भन्यौ पर्यटकिय व्यवस्थालाई व्यवसायिकलाई एकदमै यति सहज र सुलभ बनाईदिनु पर्छ कि टाढा हाम्रो आन्तरिक पर्यटक मात्र होईन बाहिरी पर्यटकलाई पनि भित्राउने कुरा र तिनलाई हामीसँग भएका कुराहरुलाई देखाउने कुरा त्योबाट हामीले आर्थिक लाभ लिने कुरा नै मुख्य कुरा हो त्यस कारणले हामीले त्यो कुरालाई अगाडि सारेका छौ र त्यो कुरा भनेको महत्वपूर्ण कुरा हो त्यस कारण यसलाई ठोस रुपबाट हामी अगाडि बढ्न चाहेका छौ । मैले पटक पटक भन्ने गर्नु पर्यटनलाई पर्यटकिय क्षेत्रको हामीसँग पहिचान भएका छन् तर ति क्षेत्रहरुमा सडक पर्‍याउने कुरा, ती क्षेत्रहरुमा भौतिक संरचना निर्माण गर्ने कुरा, त्यहा नीजि लगानीकर्ताहरुलाई भित्राउने कुरा र उनिहरुलाई चाहिएको कुरा त्यहा उपलब्ध गराउने कुरा नै सरकारको मुख्य उद्देश्य हो । भोली हामी खप्तडको नजिक बाटो एउटा कालोपत्रे गर्ने सडकलाई

कालोपत्र गरेर त्यहा पुऱ्याईदिने हो भने त्यहा धेरै धेरै नीजि लगानीकर्ताहरु होटल बनाउन तयार छन् र त्यसपछि खप्तडलाई हेर्न आउने व्यक्तिहरु कति छन् कति छन् त्यो हामीले बुझेका छौ तर अहिले सम्म विडम्वना के भयो भने हामी त्यहा जान सकिराखेका थिएनौ तर हामीले अहिले ठोस रुपबाट अगाडि बढाउनु पर्छ भनेर भनेका छौ । जहा जहा पर्यटकिय क्षेत्रहरु छन् मुख्य मुख्य पर्यटकिय क्षेत्रहरुको नजिक कमसेकम पूर्वाधार तयार गर्नुपर्छ र त्यतापट्टी अब हामी केन्द्रित हुनुपर्छ र त्यो नै प्रदेशको मुख्य अर्को आर्थिक उन्नतीको ठाउँ हुन सक्छ भनेर हामीले ठम्याएका छौ र त्यसलाई ठोस रुपबाट अगाडि बढ्नको लागि हामीले नीजि लगानीकर्ताहरुलाई पनि सहज कानूनी जटिलताबाट मुक्त गराउने कुरा, जग्गा उपलब्ध जो उपलब्ध नभएर कैयौ मान्छेहरु लगानी लगाउन तयार छैनन त्यो ठाउँमा समस्या छ त्योबाट मुक्त गराउने कुरा फेरी विगतका हाम्रा कानूनहरुमा हाम्रा राष्ट्रिय निकुञ्ज होस चाहे हाम्रो बन होस त्यो ठाउँमा केहि समस्याहरु छन् जटिलताहरु छन् त्यहा काम गर्दा खेरि त्यहा काम गर्न जादाखेरि त्यो भित्र सडक बनाउदा खेरि धेरै अपठ्याराहरु छन् यसलाई पनि कमसेकम संघीय सरकारसँग समन्वय गरेर, सहजता बनाएर यदि राष्ट्र अथवा प्रदेशले कुनै कुरालाई उपयोग गरेर यहाको आर्थिक विकास गर्न चाहान्छ र त्यो प्रकारको परिस्थिति छ भने त्यसको लागि कानूनी जटिलताबाट पनि मुक्त हुनुपर्छ भन्ने कुरा प्रदेश सरकारले त्यो सोचेको छ र त्यो आधारमा हामीले पर्यटनलाई अगाडि बढाएका छौ । धार्मिक पर्यटनको कुरा गरौ चाहे त्यो प्राकृतिक पर्यटनको कुरा गरौ हामीसँग दुईवटै कुराहरु हामीसँग उपलब्ध छन् आज मैले विचमा एकचोटि म यो चताराधाममा गएको थिए हाम्रो जगतगुरुले त्यहा मलाई बोलाउनु भयो बीचमा त्यहा एउटा मेला ठुलो मेला लागेको थियो त्यहा मैले देखे सामान्य सामान्य ठाउँलाई पनि यतिधेरै विकास गरेको देखियो र त्यो कुरा मात्रै हामीले हाम्रै यहा कंचनपुरमा ति जगतगुरुले यहा एउटा ठुलो मुर्ति बनाउन खोजिराख्नु भएको छ । मात्रै हामीले त्यसलाई मात्र बनाएर नेपाल आमाको मुर्ति बनाएर त्यहा राख्न सकियो भने हजारौ लाखौ मान्छेहरु हाम्रै देशका मान्छेहरु, पूर्वका मान्छेहरु यहा आउन तयार छन् हामीले त्यो बाताबरण बनाईदिने हो यहा कुरा उठेका छन् । यहा छलफल पनि हुन्छ हामीले आय आर्जन गर्नको लागि अथवा सरकारले पनि कर उठाउनको लागि पहिले त्यहा लगानी लगाउनु पर्छ त्यसपछि मात्रै कर पाईन्छ र अहिले हामी हामीसँग रहेका हिमालहरु हामीले देख्छौ हाम्रो देशमा पूर्वतिर रहेका हिमालहरुलाई हिमालहरुले धेरै कर आम्दानी गराउछ धेरै मान्छेलाई रोजगारीको व्यवस्था गरेको छ, धेरै मान्छेको त्यहा आय आर्जन भएको छ तर हाम्रो ठाउँमा रहेका हिमालहरु कोहि हेर्न आउदैनन किन भने हामीले त्यो प्रकारको व्यवस्था गर्न सकेका छैनौ त्यस कारणले त्यतापट्टी हामी केन्द्रित हुन चाहान्छौ र धार्मिक रुपबाट पनि हामीसँग रहेका धार्मिक स्थलहरु छन् त्यसको प्रचार गर्ने कुरा, त्यसको व्यवस्थापन गर्ने कुरा र त्यहासम्म धार्मिक पर्यटकहरुलाई त्यहासम्म

पुऱ्याउने कुरा अहिले हाम्रो उद्देश्यमा रहेको छ र अहिले त्यता त्यलाई हामीले ठोस गर्न चाहि राखेका छौ यो सँगसँगै हामीले जलविद्युतको कुराहरु गर्यौ जलविद्युत हामीले के भन्न चाहेका छौ भने संघीय सरकारले अहिले सम्म यति मेघावाट सम्म प्रदेशले गर्न सक्छ भन्ने कुरा नआएको कारणले अहिले हामीले ठोस गर्न राखि सकेका छैनौ हामीले समन्वय गरेका छौ त्यो आउनुपर्छ र आउला त्यस विषयमा छलफल पनि छलिराखेको छ यदि यति सम्म प्रदेशले बनाउन सक्छ २० मेघावाट हुन सक्छ, ३० हुनसक्छ, ५० हुन सक्छ, १०० हुन सक्छ यदि हामीसँग त्यो प्रकारको अधिकार हामीसँग आउने वित्तिकै हामीले त्यसलाई ठोस गरेर चाहान्थेउ अहिले पनि चाहेका छौ हामीले अहिले पनि के चाहान्थेउ भने ८८ वटा स्थानीय तह र प्रदेश सरकार र यहाका सबै जनतालाई आव्हान गर्ने हो भने हामी एउटा जलविद्युत आयोजना शुरु गर्नुपर्छ भनेर हामीले चाहेका छम यदि हामी बजेट बनाउदै जादा खेरि बजेट बनिसकेपछि माथिबाट त्यो प्रकारको अधिकार तल प्रत्यायोजन भयो भने हामी त्यसलाई शुरु गर्छम र गर्ने कुरा नै हाम्रो लक्ष्य छ र त्यसमा हामी कुनै पनि पछाडि हट्नेवाला छैनौ र त्यो त्यति मात्र होईन हामीसँग रहेका खोला नालाहरु जहा जति मेघावाट निकाल्न सकिन्छ र त्यसलाई व्यवस्थित रुपबाट स्थानीय तहसँग, संघीय सरकारसँग लगायतसँग हामीले छलफल गरेर पनि अगाडि बढाउने भन्ने हामीले सोचिराखेका छौ त्यो भनेको अब हामी जति तिब्र गतिमा विकासको बाटोमा अगाडि बढ्न चाहि रहेका छौ त्यो अनुसार हामीलाई चाहिने विद्युतको जो विद्युत चाहिने छ त्यसलाई पूर्ति गर्नको लागि हामी यहिबाट त्यसलाई उत्पादन गर्नुपर्छ भन्ने कुरा प्रदेश सरकारको प्रष्ट धारणा छ र त्यहि अनुसार कार्यक्रम पनि गर्छ र यि कार्यक्रमहरु अगाडि बढाईरहदा खेरि हामीसँग केहि हामी सबैलाई थाहा छ संविधानले हामीलाई केहि अधिकार दिएको छ । कैयौ साझा अधिकारको रुपबाट दिएको छ, कैयौ एकल अधिकारको रुपबाट दिएको छ र यो अधिकारलाई प्रयोग गर्दै जाने कुरामा संघीयतालाई संस्थागत विकास गर्दै जाने क्रममा केहि अधिकारहरुको बाडफाड हदै जाने क्रममा केहि ढिला भएको हुन सक्छ तर हामी यसलाई अगाडि बढाउछौ र संघीय सरकार सँग अगाडि पनि हामीले कुरा गरि राखेको स्थिति छ र यो सँग सँगै जडिबुटिलाई हामीले जोड दिएका छौ विशेष गरिकन हाम्रो प्रदेशमा महत्वपूर्ण जडिबुटिहरु छन् उपलब्ध छन् र यसलाई प्रशोधन गर्ने कुरा, जडिबुटि उद्योग बनाउने कुरा, रोजगारीको सृजना सहित हामीले आय आर्जन गर्ने कुरा मुख्य कुरा हो र यि कुराहरुलाई पुरा गर्नको लागि हामीले ठोस रुपबाट अब कार्यक्रम अगाडि सानुपर्छ भनेर हामीले भनि राखेका छौ त्यो कुरा भनेको हामीसँग मौसमि रुपबाट हुने जडिबुटिहरुको अध्ययन गर्ने कुरा कैयौ जडिबुटिहरु यस्ता छन् जो हामीसँग बर्षातको समयमा मात्रै उम्रिन्छन् त्यसपछि बर्षा सिधिने वित्तिकै त्यो मरेर जान्छन् । यदि तिनलाई मात्रै हामीले प्रयोग गर्न सक्ने हो भने नीति, विधि, कानून बनाएर हामीले धेरै कुराहरु त्योबाट लिन सक्छौ, लाभ लिन सक्छौ र प्रदेश

सरकारले त्यो अध्ययन गरेर नै अब त्यो कार्यक्रम अगाडि सार्न खोजिराखेको छ त्यस कारणले हामीले ठोस रुपबाट यो कुरा पनि राखेका छौ र यो गर्यो भने यो मात्रै हामीले गर्यौ भने त्यहा हामीले रोजगारीको सृजना सहित हामीले धेरै कुराहरु त्यहाबाट लाभ लिन सक्ने स्थिति बन्छ त्यस कारण जडिबुटिको विषयमा पनि हामीले प्रष्ट धारणा राखेका छौ र यो सँगसँगै उद्योगको कुरा छ नीजि लगानीकर्ताहरुलाई भित्राउने कुरा छ यि ल्याउनको लागि पनि हामीले उद्योगलाई किन जोड गरेका छौ भने हामीसँग प्रत्येक ठाउँहरुमा कुनै न कुनै उद्योग बनाउने स्थिति छ चाहे त्यो हामी साना उद्योगको कुरा होस चाहे हामी ठुला उद्योगलाई ल्याउनको लागि हामी नीजि लगानीकर्ताहरुलाई अथवा बाहिरबाट लगानी भित्राउने कुरा रहन्छ र त्यो प्रकारको बाताबरण त्यो प्रकारको कानून, त्यो प्रकारको सहजता हामीले बनाईदिनु पर्छ भन्ने कुरा प्रष्ट छ । त्यो कुरा हामीले प्रष्ट राखेका छौ । हामीले भन्यौ एउटा उद्योगीलाई एउटा लगानीकर्तालाई के चाहिन्छ त उलाई जग्गा चाहिन्छ, करोडौ रुपैया खर्च गरेर जग्गा किनेर कसैले पनि लगानी लगाउन चाहादैन उसलाई जग्गा चाहिन्छ जग्गाको व्यवस्था सरकारले गर्नुपर्छ । उसलाई कानूनी जटिलताबाट मुक्त गराईदिनु पर्छ, उसलाई सुरक्षाको ग्यारेन्टी दिनुपर्छ र उसलाई विद्युतको आवश्यकतालाई पूर्ति गरिदियो भने यि कुराहरुलाई मात्रै हामीले सरकारले यत्ती गरिदियो भने धेरै नीजि लगानीकर्ता हाम्रो प्रदेशमा आउन तयार छन् किन भने हाम्रो प्रदेशमा आउने लगानीकर्तालाई कुनैपनि प्रतिस्पर्धा गर्नुपर्ने छैन त्यस कारणले सब भन्दा धेरै सुदूरपश्चिम प्रदेशमा जान पाए हुन्थ्यो भनेर लगानीकर्ताहरु भनिराखेका छन् त्यस कारणले अब त्यो त्यसको लागि कानून बनाउने कुरा, नीति बनाउने कुरा, विधि बनाएर अगाडि बढ्ने कुरा र अहिले संघीय सरकारलाई हामी धन्यवाद पनि दिन चाहान्छौ कि यहिको हाम्रो कंचनपुरको औद्योगिक क्षेत्रलाई कमसेकम अब विधिवत रुपबाट अगाडि बढाउनको लागि सरकारले घोषणा गरेको छ अरु ठाउँहरु पनि छन् यहा ती ठाउँहरुलाई घोषणा गर्दै अगाडि बढ्यौ भने जग्गा प्राप्तीको जुन समस्या छ त्यसलाई हल गर्न सक्छम र त्यतिमात्र भयो भने धेरै मान्छे आउन सक्छन् । त्यस कारणले उद्योगलाई हामीले जोड दिएका छौ र हामीले भनेका छौ कानूनी रुपबाट हामीले जुन प्रकारको समस्याहरु छन् विगतमा हामीलाई लाग्छ एउटा उद्योग दर्ता गराउनको लागि मैनौ सम्म त्यो दौडधुप गर्नुपर्ने जुन समस्याहरु छन् त्योबाट मुक्त गराई दिनु पर्छ मान्छे आजित हुन्छ लगानीकर्ता आफ्नो लगानी लगाएर यहा रोजगारी सृजना गर्न चाहान्छ , यहा कर दिन चाहान्छ तर उसलाई त्यो प्रकारको बाताबरण नमिल्यो भने कोहि पनि आउन तयार छैन र यो कुरा हामीले गरिदिनु पर्छ भनेर नै हामीले भनिराखेका छौ र सरकार त्यसको लागि दृढ छ र हामी आगामी योजनामा यसलाई एकदमै दृढताको साथ यसलाई अगाडि बढाउन चाहान्छौ । यो बाट यहा अघि पनि कुरा उठ्यो म आफै स्वयं एउटा मजदुरी गरेर आएको व्यक्ति हुन त्यस कारणले मलाई थाहा छ मजदुरीको पिडा के हो र मैले

त्यतिखेरा सपथग्रहण गरिसकेपछि मेरो कार्यकालमा अधिकांश कमसेकम जति सकिन्छ मैले प्रष्ट भनेको कुरा मजदुर यहा नेपालमा मजदुरी नपाएर जो बाहिर जानुपर्ने बाध्यता छ त्यसलाई कम गरिनेछ त्यो एक बर्षमा, ६ महिनामा, डेढ बर्षमा पुरा हुने कुरा होईन र हामीले पहिल्यै पनि भनेका छौ त्यसको लागि हामी ठोस नीति सहित अगाडि बढ्न खोजेका छौ र हामीले प्रष्ट भनेका छौ औद्योगिक क्षेत्रको विकास गरेर उद्योगधन्दाहरुलाई चालु गरेर, नीजि लगानीकर्ताहरुलाई भित्राएर रोजगारीको व्यवस्था गर्ने कुरा मुख्य कुरा हो र यसलाई हामीले ध्यान दिइएका छौ त्यस कारणले हामी आफ्नो लक्ष्यबाट कहिल्यै पनि पछि हटेका छैनौ । प्रदेश सरकार आफ्नो लक्ष्य, आफ्नो बाटो, नीतिमा दृढताको साथ अगाडि छ । हो परिणाम केहि ढीला आउछ कैयौ काम गर्दा खेरि हामी सबैलाई थाहा छ प्राक्टीसमा जादा खेरि हामीले आफ्नो जिवनलाई पनि हेरौ हामी जीवनमा कुनै काम गर्न जान्छौ भने त्यसको परिणाम कहिलेकाहि ढीला आउने हुन्छ तर त्यसको परिणामको खोजि गर्ने भनेको त्यो काम हुनमा सहयोग भन्दा पनि त्यो काम नहोस भन्ने सोचले काम गरेको हुन्छ त्यस कारणले म के भन्न चाहान्छु भने प्रदेश सरकार यहाका बेरोजगार युवाहरुलाई रोजगारीको व्यवस्था गर्नको लागि यहा यहि आफ्नै देशमा बसेर खान पाउने, आफ्नै देशमा परिवारसँग बस्न पाउने त्यो प्रकारको व्यवस्था गर्नको लागि प्रदेश सकरार तयार छ तर त्यो उद्योगबाट होस, रोजगारीको व्यवस्था होस, चाहे त्यो स्वरोजगारको व्यवस्था होस अघि पनि कुरा उठ्यो हामीले स्वरोजगार कोषमा गत बर्ष पनि पैसा राखेका थियौ र त्यो कानून पनि यहा पास भैसक्यो र कानून पास भैसकेपछि विधि बनाएर हामी यो आर्थिक बर्षमा त्यसलाई लागु गर्न खोजि पनि राखेका छौ र यो बाट हामीले यो केहि भएको छैन कहा गयो कता गयो भनेर खोज्नु भन्दा पनि कतिसम्म त्यसको प्रगति भैराखेको छ र कति धेरै मान्छेलाई लाभ गर्न सक्छ भन्ने छलफल चलाउदा राम्रो हुन्छ त्यस कारणले हामीले स्वरोजगारको तर्फबाट होस कि रोजगारी दिलाएर होस कि र कसैले कृषि, उद्योगको कुरा होस, चाहे जलविद्युतको कुरा होस, चाहे पर्यटन उद्योगको कुरा होस कुनै पनि उद्योगबाट हामीले रोजगारी सृजना गर्ने कुरा र त्यसलाई यहा भएका युवाहरुलाई रोजगारीको व्यवस्था गर्ने कुरा प्रदेश सरकारको दायित्व हो र हामीले भनेका छौ हाम्रो कार्यकालमा हामी त्यसको शुरुवात गर्न चाहान्छौ । त्यसलाई तिब्र गतिमा विकास गर्न चाहान्छौ र त्यो कुरामा कुनै पनि दुईमत छैन यो अहिले यो कुरालाई ठोस रुपले अगाडि सारेका छौ त्यतापट्टी हामी बजेट केन्द्रित गर्न पनि चाहान्छौ र यो सँगसँगै अन्य विषयहरु छन् स्वास्थ्यका विषयहरु जो अघि पनि कुरो उठ्यो हामीले गत बर्षको बजेटमा राख्यौ कि कमसेकम पहाडि जिल्लाहरुको जहा दुर्गम जिल्लाहरु छन् जहा कुनै एक्सीडेन्ट भयो कुनै घटना घट्यो भने तीनलाई तराईसम्म ल्याउनको लागि राम्रो हस्पीटल सम्म ल्याउदा ल्याउदै बाटोमै मृत्यु भएका दुखद् घटनाहरु हामीले भोगी राखेका छौ अहिले पनि भोगी राखेका छौ । त्योबाट कमसेकम थोरै

भएपनि राहात हुनुपर्छ गर्नुपर्छ भनेर प्रदेश सरकारले पहाडि जिल्लाका १६ वटा निर्वाचन क्षेत्रहरुमा एउटा एम्बुलेन्सको कुरा राख्यो हामीले त्यसलाई छिटो ल्याउन खोजेका थियौ मैले अघि पनि भने हाम्रो नेपालको कानून, नेपालको विधि, नेपालको सिस्टम यति धेरै लेजि छ यति धेरै समस्याजनक छ त्योबाट हामी तिब्र काम गर्न खोज्दाखेरि पनि त्यो नभएको स्थिति छ कर छुट गराउनु पर्ने त्यो हाम्रो बसको कुरा छैन हामीले त्यो करछुट गर्न सक्ने प्रदेशको अधिकारको विषय थिएन संघीय सरकारको विषयलाई हामीले चैत्रमै ल्याएर दिन चाहेका थियौ तर त्यो सम्भव भएन र अब छिटो भन्दा छिटो त्यसलाई अगाडि सार्न खोजिराखेका छौ त्यतिमा मात्र होईन त्यो एउटा एम्बुलेन्स दिएर मात्रै हुन्छ भन्ने हामीले ठानेका छैनम दुरदराजमा बस्ने व्यक्तिहरु जो कहिल्यै पनि सरकार सुविधा नपाएका व्यक्तिहरुलाई पनि सरकारी सुविधा पाउनु पर्छ र स्वास्थ्यको सुविधा पाउनुपर्छ स्वास्थ्यको उपचार पाउनुपर्छ कमसेकम म सँग सरकार छ गणतान्त्रिक सरकार, संघीय सरकार, प्रदेश सरकार, स्थानीय सरकार छ म सँग भनेर महसुस गर्ने एउटा दायित्व विकासको योजनाहरुलाई अगाडि सार्नुपर्छ भनेर स्वास्थ्यका कार्यक्रम हामीले अगाडि सारेका छौ । हामीले स्वास्थ्यको कार्यक्रम अगाडि साररिहदाखेरि हामीसँग समस्याहरु छन् दुर्गम ठाउँहरु छन् । जहा अहिले पनि सडक पुगेको छैन । जहा अहिले पनि गाडि जान सक्ने स्थिति छैन पैदल एकदिन दुईदिन सम्म हिडेर बाजुरा, दार्चुला लगायतका जिल्लाहरु बभ्काङ्गका जिल्लाहरुमा अहिले पनि दुईतिन दिन हिडेर जानुपर्ने परिस्थिति छ तर त्यहि ठाउँमा अहिले हाम्रो विकासलाई केन्द्रित गर्नुपर्छ भनेर हामीले भनेका छौ । त्यो केन्द्रित भनेको स्वास्थ्यको मात्र होईन अन्य विकासका कुराहरु पनि छन् र त्यस कारणले स्वास्थ्यतिर हामीले विशेष ध्यान दियौ किन भने मान्छेको लागि स्वास्थ्य नै सबैभन्दा प्रमुख विषय हो र यो प्रतिको जागरुप गर्ने कुरा, स्वास्थ्य प्रतिको जागरण पैदा गर्न पनि आवश्यक देखिन्छ र यो सँगसँगै फेरी सरकारले उपलब्ध गराउन सक्ने शहरमा जे कुरा उपलब्ध गराउन सक्छ त्यो कुरा कमसेकम गाउँमा पनि हुनुपर्छ भनेर अहिले पनि स्वास्थ्यमा ठोस कुरा अगाडि सारेका छौ र शिक्षाको कुरा हामी सबैलाई थाहा छ यद्यपी शिक्षामा केहि संविधानमा एउटा कुरा छ र कार्यान्वयनमा अहिले फरक कुरा पनि आईराखेको छ यो विषयमा संघीय सरकारले छलफल गरिपनि राखेको छ र हामीले पनि त्यो कुराहरु राखिराखेका छौ र शिक्षालाई अहिले किन सरकारी स्कुलहरु व्यवस्थित हुन सकेका छैनन । विगत देखिको पिडा हो हामी सबैलाई थाहा छ हामी राजनिति गर्ने व्यक्तिहरुलाई धेरै थाहा छ किन भने एउटा गाउँमा स्कुल खोल्दा खेरि सब भन्दा धेरै हामी नै संघर्ष गर्ने गछौ तर स्कुल खोल्नु मात्रै ठुलो कुरा होईन हामी सबैलाई थाहा छ तर त्यहा भौतिक संरचनाको कुराहरु छन्, अन्य व्यवस्थापनको कुराहरु छन्, टिचरको कुराहरु होला त्यसपछि गएर एउटा गुणस्तरीय शिक्षाको कुराहरु होला तर यतापट्टी विगतमा पनि जान सकेको छैन र अब त्यसलाई कमसेकम ठोस रुपबाट अगाडि बढाउनुपर्छ भनेर हामीले भनेका छौ यहा अघि कुरा पनि

उठ्यो दुई बर्षमा साक्षर घोषणा गर्नुपर्ने ठाउँमा किन तीन बर्ष जोडियो भनेर हामीले देख्यौ हामीले जुन प्रकारको परिस्थिति छ । जटिलता छ । बोल्दैमा, भन्दैमा हुने कुरा नहुदो रहेछ भन्ने कुरा पनि हामीले देख्यौ, बुझ्यौ र त्यस कारणले यसलाई तलैबाट अब यसलाई निरक्यौल गर्नुपर्छ भनेर हामीले भनिराखेका छौ त्यो कुरा भनेको के हो भने तब सम्म सरकारी विद्यालयहरु व्यवस्थित हुन सक्दैनन जब सम्म हामी सबैले त्यो विद्यालयलाई माया गर्ने कुरा, हाम्रा बालबच्चाहरु त्यो विद्यालयमा पढाएर त्यो विद्यालयको स्तर बढाउने कुरा, त्यहा पढाउने टिचरहरुले त्यहा आफ्ना बालबच्चालाई पढाउने साहस गर्ने कुरा र सरकारले त्यो अनुसारको नीति ल्याएर आवश्यक भौतिक संरचनाको आवश्यक छ कि, टिचरको आवश्यक छ कि र अन्य कुराको आवश्यक छ अहिलेको युग सुहाउदो व्यवस्था गर्ने कुरा जब सम्म सक्दैन तब सम्म सरकारी विद्यालयहरु अगाडि बढ्न सक्दैनन यो विगत देखि पनि बर्षौ देखि सरकारी विद्यालयमा लगानी धेरै छ नेपाल सरकारको लगानी तर त्यसको कुनै पनि परिणाम आएको छैन तर हामी परिणाम ल्याउन चाहान्छौ त्यस कारणले शिक्षालाई पनि हामीले महत्वपूर्ण रुपबाट अगाडि सारेका छौ । र यो सँगसँगै सुशासनको कुराहरु छन् यो शिक्षाका कुरा गर्दै जादा खेरि अघि पनि कुरा उठ्यो यहा हाम्रो सुदूरपश्चिम विश्वविद्यालयको विषयमा हो सुदूरपश्चिम विश्वविद्यालय सुदूरपश्चिमको हामी सबैलाई थहा छ तर त्यो विश्वविद्यालय जति व्यवस्थित हुनुपर्थ्यो त्यति हुन सकेन त्यसका पछाडिका कारण के छन् त्यो नबुझिकन त्यसको व्यवस्थापन गर्न सक्ने परिस्थितिमा देखिदैनौ मैले हेरे त्यसको अध्ययन गरे म तपाईहरुलाई भनु प्रदेश सरकार गठन भैसकेपछि सबै निकायहरु जो संघीय सरकार मार्फत रहेका निकायहरुसँग मेरो भेट भयो कुराकानी भयो त्यसका समस्या बुझ्यौ, त्यसका समाधानका पाटाहरु के हुन त्यो पनि हामी छलफल गर्यौ तर एउटा संस्था यस्तो देखियो जो ९ महिना सम्म पनि प्रदेश सरकार गठन भएको ९ महिना सम्म पनि हामीसँग सहकार्य गर्न आएन त्यो हो सुदूरपश्चिम विश्वविद्यालय अब यसलाई तपाई आफै बुझ्नुस जो विश्वविद्यालय सुदूरपश्चिममा छ यहा एउटा संघीय व्यवस्था अनुसारको सरकार छ त्यो सरकारसँग उसले सहकार्य गर्न र आफ्ना कुरा राख्न त्यहाका समस्याहरु बुझ्न, बुझाउन ठान्दैन के ठान्छ थाहा छैन त्यसपछि मैले आफै बोलाएर भने फेरी त्यहा भएका समस्याहरु डेलिकेशन मुख्यमन्त्री कार्यालयमा प्रत्येक महिना दोस्रो महिना त अनिवार्य पुगेका हुन्छन समस्या हामीसँग केन्द्रित हुने अनि समाधानको पाटो नहुने भैसकेपछि हामीले अहिले नीति तथा कार्यक्रम पनि किन राख्यौ भने हामीले संघीय सरकारसँग पनि हामीले भन्यौ कि राम्रो तरिकाले व्यवस्थित रुपमा संचालन गर्नुस यदि गर्न सक्नुहुन्न नसक्ने स्थिति हो भने प्रदेश सरकार मार्फत सुदूरपश्चिम विश्वविद्यालयलाई हस्तान्तरण गर्नुस त्यसपछि मात्रै त्यसको ठिक तरिकाले संचालन हुन सक्छ समस्या दिन दिनै आईरहने समाधानको पाटोमा कोहि पनि ध्यान नदिने भैसकेपछि यो राम्रो भएन

भनेर हामी आफै त्यसको पहलमा लाग्यौ त्यस कारणले पनि यसलाई पनि समाधानतिर लगेर जान्छौ प्रदेश सरकार अब यसलाई समाधान गर्नेतिर अगाडि बढ्छ । संघीय सरकारले अधिकार देला कहिले देला त्यो आफ्नो ठाउँमा छ तर समस्या हामीसँग भएको कारणले हामीले यसलाई समाधान गर्नुपर्छ भनेर अगाडि सारेका छौ र यो कुरामा सबैलाई म के भन्न चाहान्छु भने त्यो विश्वविद्यालयलाई प्रदेशभरीकै विश्वविद्यालय बनाउनको लागि त्यसलाई सबैको आफनत्व महसुस गराउनका लागि हामी सबैले मेहनत गर्नुपर्ने छ । सबैको आवश्यकता छ सत्तापक्षको त मुख्य जिम्मेवारी छदैछ यो भन्दा पनि प्रतिपक्ष दलका सबै माननीयहरुको पनि यसमा सहकार्यको आवश्यकता छ किन भने त्यो कसै एउटा व्यक्ति एउटा कुनै मान्छे कुनै जिल्लाको त्यो होईन सबैको साझा भएको हुनाले यसलाई व्यवस्थित गर्नुपर्छ हामीले यो सँगसँगै भन्यौ अब विश्वविद्यालय हामीले पनि शुरुवाद कमसेकम गर्नुपर्छ । अध्ययन गर्नुपर्छ हामी यो भन्दा पहिले किन ल्याउन सकेनौ भने हामी त्यसैलाई व्यवस्थित गर्न चाहान्थ्यौ यहा हुन सक्छ कुरा उठ्न सक्छ किन अहिले सम्म गर्न सक्नु भएन के गर्यो प्रदेश सरकारले भनिराखेका छौ हामीले देख्यौ हामीसँग जो कुरा छ त्यहि कुरालाई यदि हामी संघीय सरकारले हामीलाई हस्तान्त्रण गरिदियो भने हामी त्यसैलाई व्यवस्थित गर्न चाहान्थेउ अर्को होस भन्ने पनि कोहि जरुरी छैन तर त्यो नभईसकेपछि हामीले अहिले अगाडि सारेका छौ यसको अध्ययन गरेर अगाडि जाने कुरा नै हुन्छ । यो सँगसँगै फेरी प्राविधिक शिक्षाको कुरा छ शिक्षा त हामी दिन्छौ तर अहिले सम्म हाम्रो नेपालको शिक्षाको कस्तो छ भने हामी पढ्छौ के का लागि मात्र जागिरका लागि तर मलाई लाग्छ जागिरका लागि मात्र पढ्ने भन्दा पनि हामीले आफ्नो व्यवसायिक गर्नको लागि पनि पढ्नु पर्छ, पढाउनु पर्छ त्यति मात्र होईन समाजलाई रुपान्तरण गर्नको लागि पनि शिक्षा, दिक्षा दिनुपर्छ भन्ने लाग्छ समाजलाई परिवर्तन गर्नु छ भने हामी एउटैले व्यक्ति कुनै, पार्टि कुनै एउटा नेता, एउटा मन्त्रीले मात्र त्यो सक्दैन त्यसलाई बदल्नको लागि हामी शिक्षामा नै समाजलाई रुपान्तरण हुने खालको त्यो प्रकारको शिक्षा दिक्षा दिनु पर्छ चाहे त्यो प्राविधिक रुपबाट आफ्नो व्यक्तिगत रुपबाट फाईदा हुने शिक्षा होस चाहे त्यो समाजलाई फाईदा हुने शिक्षा होस त्यो शिक्षा एउटा गुणस्तरिय हुनुपर्छ, जनमुखि हुनुपर्छ र त्यो कमसेकम विकासमुखि हुनुपर्छ भन्ने कुरामा प्रदेश सरकार प्रष्ट छ र यो बाटोमा अगाडि जान चाहान्छ र यो सँगसँगै सुशासनका कुराहरु छन् । सुशासनमा सब भन्दा धेरै समस्या हाम्रो देशमा देखिन्छ । हामी परिवर्तन भयौ राजनैति परिवर्तन हामी सबैले गर्यौ हामी सबैले अपनाएका छौ । हामी त्यहि राजनैतिक परिवर्तनबाट हामी आज यो ठाउँमा बोली राखेका छौ हामी मुख्यमन्त्री भएका छौ कोहि मन्त्री भएका छौ कोहि सांसद भएका छौ तर त्यो व्यवस्थालाई परिवर्तन गर्नको लागि साच्चिनै परिवर्तनका कुराहरु हामीले दिन सकिराखेका छैनौ । त्यो कस्तो हुदो रहेछ भने कुनै पनि कुरालाई लागु गर्दा खेरि हामी सबैले आ-आफ्नो ठाउँबाट

जिम्मेवारी बहन गर्नुपर्ने जरुरी हुदोरहेछ त्यस कारण नै सुशासनलाई कायम गर्नको लागि पहिलो कुरा त सुशासनलाई कायम गर्नको लागि हामीले हिजो भन्दा फरक तरिकाले जो राजनैतिक परिवर्तन भएको छ यो राजनैतिक परिवर्तन सहितको हामी आफु स्वंय परिवर्तन हुन जरुरी हुन्छ । त्यो भनेको प्रशासनीक रुपबाट काम गरिराख्नु भएका कर्मचारीहरु, हामी राजनिति गर्ने व्यक्तिहरु र आम जनतालाई पनि त्यो प्रकारको बाटोमा लगेर जानको लागि हामी तयार हुनुपर्छ । पहिले आफुमा यदि हामी आफुतिर त्यो गर्न सकेनौ भने अरुबाट मात्रै सुशासनको चाहाना र ईच्छा राख्यौ भने त्यो नहुदो रहेछ । अहिले हाम्रो नेपालमा त्यहि देखिन्छ । हामी अरु परिवर्तन भइदियोस भन्ने चाहान्छौ तर आफुले परिवर्तन हुनैपर्दैन आफुले त्यो परिवर्तनको सोचै राख्नु पर्दैन यो प्रकारको समस्या हामी देखिन्छ । त्यस कारणले सुशासन भनेको नै जनतालाई अहिलेको राजनिति परिवर्तन पछिको सुशासन जनतालाई चाहिएको हो । गणतन्त्रको सुशासन जनतालाई चाहिएको हो । संघीयताको सुशासन जनतालाई चाहिएको हो । सिंहदरबारको अधिकार जो घरदैलोमा भनेका छौ त्यो अनुसारको सुशासन जनतालाई चाहिएको हो र त्यो लाई अगाडि बढाउनको लागि हामी नीतिगत रुपबाट पनि हामीले कानून लिएर अगाडि बढीराखेका छौ र अब विधिवत रुपबाट पनि त्यसलाई लागु गर्नेमा हामी तयार हुनुपर्छ र यसको लागि प्रदेश सरकार एकदमै संवेदनशिल छ र हामीले भनेका छौ जनतालाई जे कुरा हामी दिन चाहान्छौ थोरै दिउला एकैचोटि हामी धैरै दिन नसकौला तर थोरै दिएको कुरा पनि सहज तरिकाले जनताले प्राप्त गर्यो भने मलाई लाग्छ जनताले महसुस गर्छ परिवर्तन साच्चै नै भएको छ भनेर म एउटा उदाहरण दिन चाहान्छु । हामीले कुनै कुरा चुनावमा हामीले सिंहदरबारको अधिकार घरदैलोमा छ भनेर भन्यौ तर अहिले साच्चै नै भन्नु हुन्छ भने कैयौ चिजहरु जो काठमाण्डौ गएर मात्रै प्राप्त हुने कुराहरु आज वडा कार्यालयमा प्राप्त भैसकेपछि जनताले त्यो महसुस गरेका छन् । थोरै भए पनि र त्यो बाट जिल्ला सदरमुकाममा आउनुपर्ने कुरा गाउँपालिका र नगरपालिकाको सदरमुकाममा पाउदाखेरि अलि अलि खुशि भएका छन् । फेरी प्रदेश सम्म आउदा पनि अलि अलि खुशि भएका छन् यो भनेको के हो भने उनिहरुले पनि कमसेकम केहि न केहि महसुस गरेका छन् तर त्यतिमात्र होईन त्यसलाई अझ हामीले चेन्ज ल्याउनु पर्छ, परिवर्तन ल्याउनु पर्छ धैरै गर्नुपर्छ यो कुरामा प्रदेश सरकार प्रष्ट छ र यो सँगसँगै भ्रष्टाचारका कुराहरु उठे हाम्रो देशमा हाम्रो समाजमा सब भन्दा ठुलो विषय नै अहिले भ्रष्टाचारको विषय छ र भ्रष्टाचारलाई अन्त्य गर्नको लागि जब सम्म जनस्तरमा एउटा सचेतना जागरण हुदैन तब सम्म यो भ्रष्टाचारलाई पूर्ण रुपबाट निकर्योल गर्न अन्त्य गर्नको लागि अपठ्यारो देखिदोरहेछ । त्यस कारणले यो भनेको सबैको लागि महत्वपूर्ण कुरा हो कि अब हामी हाम्रो बीचको बजेटलाई भ्रष्टाचारबाट मात्रै बचाउने हो भने धैरै कुराहरु हामी अगाडि बढाउन सक्छौ तर यसलाई रोक्नको लागि हामी सबैले एकठाउँमा उभिन जरुरी छ । सबैले

एकठाउँमा उभिन जरुरी छ । सबैले एकठाउँमा नउभिइकन हामी त्यसलाई रोक्न सक्ने परिस्थिति छैन कार्यान्वयन गर्ने ठाउँमा भ्रष्टाचार नहोस भनेर नीति बनाएर अगाडि बढ्ने कुरा जब भ्रष्टाचार कुनै ठाउँमा हुन्छ भने ठोस रुपबाट यहा यो ठाउँमा यसरी भ्रष्टाचार भैरहेको छ भन्ने कुरा उठाउने शाहस गर्ने कुरा अहिले कस्तो देखिन्छ भने हामी कुरा उठाउछौ अनियमितताका कुरा उठाउछौ तर अनियमितताका कुरा उठाउदै जादा खेरि त्यो अनियमिततालाई रोक्नु भन्दा पनि उठाउनको लागि मात्रै उठाउने कुरा भयो भने भ्रष्टाचार भएको छ हामी सबै भन्छौ तर कहा, कसरी, कुन ठाउँमा भएको छ भन्ने कुरा कहि पनि पुष्टि हुदैन त्यस कारणले के हुदो रहेछ भने भ्रष्टाचार बढ्दै जादो रहेछ त्यस कारणले अहिले हामीले के भनेका छौ भने प्रदेश सरकार के मानेमा प्रष्ट छ भने भ्रष्टाचारलाई रोक्नै पर्छ यसका लागि हामी सबै एकठाउँमा आउनै पर्छ गलत कुराहरुको अन्त्य गर्नको लागि सबैले साहास गर्नै पर्छ । यदि हामी सबैले शाहस गर्न सकेनौ भने केहि मान्छे मात्रै लागेर एक दुई जनाले मात्रै कराएर त्यो सम्भव नहुदो रहेछ र यो कुरालाई हामीले जनतालाई समेत यो कुरामा सचेतना फैलाउन जरुरी छ । किन भने जनताको विचमा यि कुराहरुलाई राख्न सकिएन भने राख्न सकिएन भने हामी मलाई लाग्छ त्यहाबाट पनि सचेतना आएन भने अहिले हामी यसलाई पूर्ण रुपबाट रोक्न सक्ने परिस्थिति नबन्दो रहेछ तर हामी प्रयास गर्छौ र मैले भनेको छु भ्रष्टाचार सम्बन्धी ठोस रुपबाट कसैले कुनै विषयमा कुरा उठाउछ । छानविनमा कोहि दोषि ठहरिन्छ भने त्यसलाई कसैले कुनै हालतमा पनि छोडिदैन यो मेरो एउटा संकल्प हो । कुनै पनि हालतमा छोडिदैन कानूनी रुपबाट त्यो देखियो भ्रष्टाचार गरेको पुष्टि भयो भने कसैलाई पनि छोड्ने कुरा हुदैन र त्यसको सुरुवाद हामीले गर्नै पर्छ र त्यो कुराको लागि म सबैलाई आग्रह गर्न चाहान्छु । यहा सम्पूर्ण एक ठाउँमा उभियौ भने जुन कुरा छ त्यो कुरालाई हामी रोक्न सक्छौ । योजना, आयोजना कार्यान्वयन हुदै जादा खेरि हामी नीति बनाउछौ, विधि बनाउछौ हाम्रा सिस्टमहरु छन् हाम्रा तरिकाहरु छन् त्यो भित्र रहेर काम भएको छ कि छैन त्यो अनुसारको काम अगाडि बढेको छ कि छैन । त्यसले प्रतिफल दिएको छ कि छैन त्योबाट उपलब्ध कति जनताले लाभ पाएका छन् त्यसको पनि मुल्यांकन भयो भने मलाई लाग्छ यि धेरै चिजहरुको अन्त्य हुन सक्छ र भ्रष्टाचारलाई रोक्न हामी सक्छौ अहिले कस्तो देखिन्छ भने कहिलेकाही यस्ता कुराहरु अगाडि बढ्ने गर्छन भावनामा आउछन् योजनाहरु त्यहा आवश्यक कति छ के छ त्यसको नापतौल केहि पनि छैन र त्यहा योजना जादा खेरि कसैको समर्थन नभईकन त्यहा कहा कहा अलि गडबड हुदो रहेछ साच्ची एउटा एक घन्टा दुरीबाट पानि ल्याउनु पर्ने पानि नभएको ठाउँमा एक घन्टा, आधार घन्टा पानि बोक्नुपर्ने ठाउँमा यदि योजना गयो भने त्यहाका सबै जनताले त्यो योजनालाई सफल पार्नको लागि एकमत हुन्छन् तर कुनै ठाउँमा धाराहरु छन् नल नभए पनि धारा छन् हामी सँग नजिक बाटै तर त्यस्तो ठाउमा कसैले आफ्नै

तरिकाले योजना हालीदियो भने त्यहा समस्या पैदा हुन्छ त्यहि गडबड हुन्छ त्यस कारण यो कुरालाई पनि हामीले सबैले ध्यान दिनु जरुरी छ र अर्को कुरा योजना छनौट गर्दा खेरि अर्को कुरा हामीले यो नीति तथा कार्यक्रममा प्रष्ट भनेका छौ । यहा हामीले सबैलाई समान रुपबाट बजेटहरु वितरण हुनुपर्छ भनेका छौ समानुपातिक ढंगबाट बजेट वितरण हुनुपर्छ त्यो किन भनेको हो भने हाम्रा भुगोलहरु कैयौ जिल्लाहरु हाम्रा दुर्गम छन् जहा केहि आवश्यकता बढी हुन सक्छ कैयौ जिल्लाहरु अथवा जिल्लाका सदरमुकामहरु सुगम हुन सक्छन त्यहा अलिकता कम आवश्यकता महसुस हुन सक्छ तर त्यसलाई मिलाउदा खेरि त्यो दुर्गमको ठाउँलाई त्यो सुगमसम्म ल्याउनको लागि उसलाई समानुपातिक ढंगबाट उसलाई त्यो माथि उठाउनको लागि उसलाई क्षतिपूर्ति सहितको विकास दिनुपर्छ भन्ने मान्यता हो । मैले संघीय सरकारसँग पनि यो कुरा पटक पटक राखेको छु । अन्तरप्रदेश परिषदको बैठकमा हामीले भन्यौ क्षतिपूर्ति सहितको हामीले समानुपातिक राजनैतिक रुपबाट संवैधानिक रुपबाट समानुपातिकका कुरा गर्यौ । जो समुदाय मुलधारमा प्रतिस्पर्धा गर्न नसक्ने समुदायलाई समानुपातिक रुपबाट त्यो धारमा ल्याउनु पर्छ भनेर हामीले लागु गरेका छौ । त्यो विकासमा लागु हुन्छ कि हुदैन त्यो दुर्गममा लागु हुन्छ कि हुदैन, त्यो विकास नपाएको ठाउँमा लागु हुन्छ कि हुदैन यतापट्टी अब छलफल शुरु हुनुपर्छ भन्ने हाम्रो मान्यता हो । जहा कहिल्यै विकास पाएको छैन बाजुराको एउटा गाउँ जुनगाउँमा विकास कहिल्यै पनि गएन गए पनि थोरै गयो गए पनि त्यो कुनै अलि टाठा बाठाकोमा गयो तर त्यो गाउँलाई बाजुराको अरु गाउँसँग सदरमुकामको गाउँसँग ल्याउनको लागि त्यो हाराहारीमा ल्याउनको लागि त त्यो ठाउँमा विकासका योजनाहरु थप्नुपर्यो दिनुपर्यो भन्ने कुराहरुमा हाम्रो मुख्य कुरा त्यहा उठाउन खोजेको र यो सँगसँगै फेरी विकास कस्ता छनौट गर्ने त हामी आवश्यकता पर्यो विकास दुई प्रकारको हुन्छ एउटा विकास भनेको आवश्यकतानुसार हुन्छ एउटा विकास भनेको माग अनुसारको हुन्छ । कुनै गाउँमा खानेपानिको माग होला त्यहा खानेपानिको योजना हाल्नु पर्यो तर शहर बजार जहा अब सरकारी निकायहरु बसेका छन् त्यहा जनताको माग नहुन सक्छ त्यहा आवश्यकता हो त्यो आधारमा हामीले विकासको छनौट हुन्छ र फेरी कुन योजना कति बर्षमा गर्ने अहिले सम्म हामीले देखेका छौ खानेपानिका योजनाहरु दशौ बर्षसम्म सम्पन्न हुदैनन अहिले शुरु गरेको योजना दश बर्ष पछि गएर पनि सम्पन्न हुदैनन । यदि त्यस्तो हो भने त्यहाका जनताले खानेपानिको सुविधा कहिले पाउने त्यस कारण खानेपानिका योजना त दुई बर्षमा सम्पन्न गर्ने बनाउनुपर्यो कमसेकम सिंचाईका योजना दुई वा तीन बर्षमा पुरा गर्ने बनाउनु पर्यो । सडक बरु पाच बर्ष लाग्न सक्छ सडकमा किन भने त्यो प्रकारको बजेटको कुरा छ समयको कुरा छ, दुरीको कुरा हुन्छ तर खानेपानि नै पंचबर्षे, दश बर्षे योजनामा ल्याउन लाग्नु भो भने त्यो सम्भव हुदैन जनताले त्यो प्रकारको अनुभुति गर्न पाउदैनन त्यस कारणले हामीले के भन्यौ

भने आवश्यकताको आधारमा, समानुपातिकको आधारमा र हामीले मागको आधारमा सबैलाई समान रुपबाट सम्मान हुने गरेर बजेटको वितरण प्रणाली अगाडि बढाउनु पर्छ विगतमा त्यो भएन यहा कुरा उठे पहुचको आधारमा बजेट जान्छ भनेर पनि केहि माननीयज्यूहरुले उठाउनु भएको छ । यो भन्दा पहिले यहि नै हुन्थ्यो हामी सबैलाई थाहा छ अब कोले कसरी गर्थ्यौ त्यो हामी सबैलाई थाहा छ । तर अब यो नहोस भन्ने कुरा हामीले नीतिमा बोलेको हो यो नहुनदिनको लागि हामी सबैले त्यो कुरामा ध्यान दिन जरुरी हुन्छ । हामी सबैले ध्यान दियौ भने यो कुरा हुदैन सिस्टमको आधारमा एउटा सामान्य व्यक्तिले पनि माग गर्न आएको खण्डमा उसले पाउनु पर्छ भन्ने मुख्य उद्देश्य हुनुपर्यो र त्यो उद्देश्य सहित नीति बनाउनु पर्छ भन्ने कुरा हामीले भनेका छौ त्यस कारणले यो कुरालाई पनि म यहा राख्न चाहान्छु । यो सँग सँगै अब यो खेलकुदको कुरा पनि यहा उठ्यो र मलाई लाग्छ यो भन्दा पहिले नीति तथा कार्यक्रममा हामीले राख्यौ बजेटमा पनि राख्यौ हामीले एउटा खेलकुद पनि गर्यौ हाम्रो प्रदेशमा अन्तरप्रदेश मुख्यमन्त्री खेलकुद प्रतियोगिता भनेर र त्यो राख्दै जादा खेरि पहिलो कुरा त त्यसको उद्देश्य के थियो भने तपाईहरुलाई थाहा छ हामी संघीयतामा गैसकेपछि एक प्रदेशबाट अर्को प्रदेश सँग जोड्ने कुरा भावनात्मक सम्बन्ध राख्ने कुरा, संघीयतालाई विस्तार सफल पार्ने कुरा, संस्थागत यसको विकास गर्ने कुरा एउटा उद्देश्यको कुरा रहिहाल्यो राजनैतिक रुपबाट उद्देश्यको कुरा दोस्रो उद्देश्य भनेको के थियो भने हाम्रो प्रदेश र हाम्रो प्रदेशका युवाहरु खेलकुद प्रतिको यतिधेरै चासो छ, यति धेरै जागरण छ, यतिधेरै उनलाई खेलकुद प्रतिको सोच बनेको छ त्यो भनेको धेरै राम्रो कुरा हो र त्यसलाई कमसेकम सरकारले सम्बोधन गर्नुपर्छ भन्ने कुरा दोस्रो थियो र यो गर्नको लागि युवाहरुलाई खेलकुद एउटा खेलाडि बनाउनको लागि एउटा खेलाडिले मात्र आफ्नो मात्र विकास गर्दैन उसले पहिलो कुरा त खेलबाट देशको नाम चिनिन्छ, प्रदेशको नाम चिनिएला त्यसपछि त्यसले पर्यटनलाई बढाउछ, त्यसले रोजगारीलाई बढाउछ विभिन्न कुराहरु छन् त्यसका बहुआयामिक उद्देश्यहरु छन् र त्यसलाई सफल पार्नको लागि त्यो हुनुपर्छ भनेर हामीले त्यो कार्यक्रम राखिम र त्यो कार्यक्रम कार्यान्वयन गर्दै जाने क्रममा यहा अघि कुरा उठ्यो प्रतिस्पर्धा नगराइकन ल्याईयो भनेर तर म तपाईहरुलाई के भन्न चाहान्छु भने राष्ट्रिय खेलकुद प्रतियोगिता हुने तयारीमा थियो त्यो अवस्थामा जतिखेरा हामीले प्रदेशको खेलको आयोजना गर्यौ राष्ट्रिय खेल हुदै थियो हुने प्रक्रियामा थियो त्यसको केहि दिनपछि यो ५ नं. प्रदेशमा शुरु भयो र सम्पन्न पनि भयो र त्यसको लागि त्यो राष्ट्रिय खेलमा जानको लागि छानिएका खेलाडिहरु सबै प्रदेशका छानिएका खेलाडिहरु मुख्यमन्त्रीकप प्रतियोगितामा हाम्रो सुदूरपश्चिम प्रदेशमा आएका छन् । उनिहरु तलबाटै छानिएर आएका छन् । कुनै बाटोबाट टिपेर कसैलाई मनईच्छाले कुनै व्यक्तिलाई चुनेर खेलाडिमा ल्याएको होईन र जहासम्म हामीले आफुले गर्नुपर्ने जुन कुराहरु उठेको छ आगामी दिनका लागि पनि केहि सुझावहरु आएका

छन् । यो विषयमा के हो भने अहिले सम्म खेलकुदको कुनै पनि संरचना प्रदेश मार्फत आएको छैन यहाहरुलाई सबैलाई थाहा छ । माननीय सभामुख मार्फत म के जानकारी गराउन चाहान्छु भने खेलकुदको कुनै पनि निकाय हामीसँग नभईसकेपछि हामीले प्रदेशले आफ्नै निकाय बनाउनु पर्ने तर त्यो निकाय त्यतिखेरै बनाउनु पर्ने र त्यतिखेरै संचालन गर्नुपर्ने स्थिति थिएन राष्ट्रिय खेलकुदको लागि तयारी भैराखेको थियो र त्यहिबाट खेलाडिहरु छनौट भैरहेको थियो त्यहि खेलाडिहरु आउछन् भन्ने कुरा सबै प्रदेशबाट आईराखेको भएको हुनाले हामीले त्यो तल सम्म त्यो विषयलाई नै मान्यता दिएर नै अगाडि सार्यौ र आगामी दिनमा प्रत्येक जिल्लामा त्यो प्रकारको संरचना बन्छ र त्यो प्रकारको संरचना बनाएर नै त्यहि तलैबाट नै त्यो छनौट गरेर नै अगाडि बढीन्छ र यो कुरालाई सबैले यसलाई यसरी बुझ्दा हुन्छ हामी नीति तथा कार्यक्रममा यसलाई निरन्तरता भनेका छौ तर यसलाई भोली ठोस रुपबाट हाम्रा पनि आफ्ना निकायहरु हामीले के हेरिराखेका छौ भने संघीय सरकारले संघीय सरकारको खेलकुद मन्त्रालयले हिजोका जिल्लास्तरका खेलकुदका संरचनाहरु हामीलाई हस्तान्तरण गर्छ भने त्यहि नै हाम्रा हुन्छन् र त्यहिबाट नै तल सम्म खेलकुदको प्रतियोगिता गर्दै माथि आउछ यदि त्यो नहुने स्थिति भयो भने प्रदेश सरकारले पनि आफ्नो तल निकाय बनाएर नै अगाडि बढाउने कुरामा एकदम प्रदेश सरकार दृढ छ यो कुरालाई यसरी लिदा हुन्छ र यो सँगसँगै यो स्वरोजगारको कुरा पनि यहा उठ्यो यो मुख्यमन्त्री स्वंयम सेवक परिचालनको सम्बन्धमा र हामीले यहा यो कुन स्पिडमा राखिएको हो भने मुख्य कुरा त अहिले हामी सबैलाई थाहा छ ४० प्रतिशत स्थायी कर्मचारीहरु हामीसँग उपलब्ध छन् मलाई लाग्छ त्यो बन्ने सम्भावना बहुत कम छ म एउटा जानकारी गराउन चाहान्छु मुख्यमन्त्री कार्यालयमा ६ हो कि ७ जना उपसचिवको दरबन्दी छ तर एउटा पनि उपसचिव मुख्यमन्त्री कार्यालयमा छैन र यो गतिमा हामी भोली लोकसेवा बनाउला लोकसेवाबाट कर्मचारी राखौला त्यो पूर्ति गर्दै जाउला त्यो आफ्नो ठाउँमा छदैछ तर हामीले तत्काल काम गर्नको लागि हामीले तिब्र गतिमा जानुछ, तिब्र गतिमा विकास गर्नुछ, तिब्र गतिमा जनताको ईच्छा आकांक्षा अनुसार अगाडि बढ्नु छ, सबैको माग पनि त्यहि छ । सबैको चाहाना पनि त्यहि छ तर त्यो गति पकडनको लागि हामीसँग चाहिने जनशक्तिलाई कसरी परिचालन गर्ने, कुन तरिकाले परिचालन गर्ने, कसरी राख्ने भन्ने कुरामा अब हामीले स्वंयमसेवकको रुपबाट राखेर अगाडि बढ्नुपर्छ भन्ने कुरा हामीले यो स्पीडमा अगाडि सारेको हो यो कुरा यो कुनै पार्टि कार्यकर्ता भर्ना गर्नको लागि, कुनै अरु कुनै कसैलाई आफ्नो मनोमानीको मान्छेलाई त्यहा भर्ना गरेर त्यसलाई अगाडि बढाउनको लागि होईन म माननीय सभामुख महोदय मार्फत यो कुरा राख्न चाहान्छु कि हामीले यसलाई एकदमै स्पष्ट लक्ष्य सहित हाम्रो अपूर्ण भएको जनशक्तिलाई पूर्ण गर्नको लागि पनि यो कार्यक्रम तत्काल स्थायी संरचना अथवा स्थायी कुराहरु अगाडि नबढ्दा सम्म यो कुरालाई अगाडि सानुपर्छ भनेर

हामीले ल्याएका छौ र यसलाई विधि बनाईन्छ यहा प्रष्ट लेखिएको छ । विधि निर्माण गरेर नै अगाडि बढ्ने कुरा हुन्छ यसमा कसैले पनि संका नगर्दा हुन्छ । प्रतिपक्षका माननीयज्यूहरुलाई पनि म आग्रह गर्न चाहान्छु । उहाहरुले जो संशोधन राख्नु भएको छ त्यसमा आसंका नगर्दा हुन्छ । यो भनेको सबैको साझा हो यो यो प्रदेशको समग्र विकास तिव्र गतिमा विकास हामीले ल्याएको योजनालाई कार्यान्वयन गर्नको लागि छिटो भन्दा छिटो काम होस भनेर नै यो कुरालाई अगाडि सारिएको हो र यो कुरालाई यसरी बुझ्दा हुन्छ र यसमा कुनै पनि त्रुटि यसको मापदण्ड त हामी बनाउने नै हो हामी स्वंयमसेवक नियुक्ति गर्दाखेरि कुन मापदण्ड अनुसार जाने लोकसेवाकै मापदण्डमा जान सक्छौ हामी त्यलाई अगाडि बढाउदै जादा खेरि त्यस कारण नै यो विषयमा सबै प्रष्ट हुदा हुन्छ र यो सँगसँगै प्रदेश गौरवका योजनाहरुको विषयमा पनि केहि कुराहरु उठेको छ र हामीले के भनेका छौ भने अहिले हामीले प्रदेश गौरवका सडकहरु खास गरेर ९ वटा जिल्लामा क्याविनेटले ९ वटा जिल्लाको एक जिल्लाबाट अर्को जिल्ला कुनै तीन वटा जिल्ला सम्म जोड्ने सडकहरुको विषयमा हामीले पास गरेका छौ त्यसको अध्ययन भैराखेको छ र त्यो अध्ययन प्रक्रिया अगाडि बढ्दै जादा खेरि त्यसलाई छिटो भन्दा छिटो कार्यान्वयनमा ल्याउने कुरा रहन्छ एउटा कुरा दोस्रो कुरा उर्जाको कुरा मैले अघि भने संघीय सरकारले कति सम्म हामीलाई उर्जा निर्माण गर्न सक्ने अधिकार दिन्छ त्यो आधारमा उर्जाको लागि पनि उर्जा पनि एउटा गौरवको आयोजनामा अगाडि सार्न सकिन्छ यो सँगसँगै अन्य विषयहरु पनि छन् सिंचाईका ठुला सिंचाईका कुराहरु होलान अन्य विषयहरु पनि हुन सक्छन् यो विषयमा हामी आगामी दिनमा छलफल गरौला छलफल गरेर नै अगाडि जाने कुरा हो र यो कुरालाई म यहा राख्न चाहान्छु र यसलाई छनौट गर्ने पनि विधि पनि हामीले लगभग तयार गरिसकेका छौ र सबैले त्यो कुरालाई पाउनुहुनेछ र त्यो एउटा आधारमा अब हामी कस्तो विधिमा अगाडि बढ्न चाहान्छौ र कसरी अगाडि बढ्न चाहान्छौ र कुन प्रकारका योजनाहरु गौरवका सडकहरुका कुरा छ, बहुबर्षिय सडकहरुका कुरारु छन्, बहुबर्षिय सिंचाईका कुराहरु होला, बहुबर्षिय खानेपानिको कुरा होला यि सबै कुरालाई कसरी व्यवस्थित कानूनी रुपबाट र मागको आधारमा समानुपातिक रुपबाट कसरी बनाउन सकिन्छ भन्ने कुरामा प्रदेश सरकार तयार छ र यो आधारमा हामी जान खोजिराखेका छौ र यो सँगसँगै अब हामीले यि कार्यक्रमहरु संचालन गर्ने क्रममा हामी सँगको पुजीको स्थिति के छ अघि पनि यहा कुराहरु उठे हामी सँग हामी सबैलाई थाहा छ हामीले जति चाहेका छौ । हामीले जति गर्न खोजेका छौ । हामीले जति आवश्यकता छ र त्यो कुरालाई पूर्ति गर्नका लागि हामीसँग त्यो प्रकारको पूजी छ कि छैन भन्ने कुरा हामी सबैलाई थाहा छ मैले यहा भनिरहनु पर्ने स्थिति छैन हामीले हामीसँग भएको पुजीलाई सहि तरिकाले परिचालन गर्ने कुरा नै अहिलेको समझदारीको कुरा हो हामी सँग जे कुरा छ हामीसँग जति छ हामी सँग जो कुरालाई हामी

गर्न सक्ने परिस्थितिमा छौ त्यो कुरालाई छिटो छिटो गर्ने कुरा त्यो कुरालाई निर्णायक रुपबाट अगाडि बढाउने कुरा नै अहिलेको समझदारी हो र त्यो अनुसार हामी जान चाहान्छौ र त्यस कारणले यहा भनेका पनि छौ स्रोतको आधार हामीसँगको स्रोत, क्षमताको आधारको उसमा हामी जान्छौ भनेर पनि भनेका छौ त्यसमा यो कुरा पनि म राख्न चाहान्छु र यो सँगसँगै कार्यान्वयनको कुरा मैले पटक पटक अघि पनि सामान्य कुरा भने कार्यान्वयनको कुरा जो क्षमताको कुरा छ कार्यान्वयन गर्ने क्षमताको जुन कुरा छ यसलाई त अब हामीले बढाउनै पर्छ यदि हामीले बजेट निर्माण गरिसके राम्रा राम्रा कार्यक्रम ल्याउने तर त्यसलाई गतिमा अगाडि बढाउन नसक्ने हो भने परिणाम दिन सक्दैनौ त्यस कारणले पनि अहिले प्रदेश सरकारले के भनेको छ भने हामीले नीति पनि नीतिमा पनि त्यो राखेका छौ, हामी भोली बजेटमा पनि यहा छुटेका केहि कुराहरु छन् । नीति भनेको धेरै व्याख्या सहितको नहुन सक्छ त्यस कारणले नीतिमा राखिएका कुराहरु नीतिमा कैयौ अस्पष्ट भएका कुराहरु र त्यसलाई प्रष्ट गरेर हामीले भोली बजेटमा ल्याउने कुरा नै मुख्य कुरा हो र बजेटमा ल्याउदा खेरि कार्यक्रम बनाउदाखेरि हामीले सबैले त्यसलाई कार्यान्वयनको क्षमतालाई अगाडि बढाएर अगाडि बढ्ने कुरा नै मुख्य कुरा हो र त्यसको लागि हामीसँग भएको कर्मचारीको जनशक्तिको कुरा होस, हामीसँग कार्यालयको यहा अर्को कुरा पनि उठेको छ कार्यालयको विषयमा अब कैयौ कार्यालयहरु स्थापीत भएका छन् तर कैयौ कार्यालयहरु आवश्यक छन् जस्तै कृषिको ज्ञान केन्द्रको कुरा गरौ कृषि ज्ञान केन्द्र अहिले दुई जिल्लाको तीन जिल्लाको पनि बनेका छन् संघीय सरकारले अहिले हामीलाई हस्तान्तरण गर्यो तर त्यसले पुग्दैन मलाई लाग्छ कृषिलाई यति धेरै प्राईरेटि दिएका छौ तर कृषिका दुई दुई जिल्लाका तीन तीन जिल्लाका कार्यालयमा गएर जनताले सेवा पाउन नसक्ने हुन्छ त्यस कारणले पनि हामीले के भनेका छौ भने अब संगठन कर्मचारी संगठन संरचनाको अध्ययन हामी गरि राख्या छौ कार्यालयहरुको पनि अध्ययन हामी प्रदेश सरकारले अगाडि बढाएको छ र अर्को बजेट कार्यान्वयनमा बजेट पास भएर कार्यान्वयनमा आउने वित्तिकै हामी त्यो कुरालाई पनि कार्यान्वयनमा अगाडि साछौं र यो कुरालाई नगरिकन हामी जनतालाई सुविधा दिन सक्दैनौ यो कुरामा हामी प्रष्ट छौ र अर्को कुरा यहा समन्वयको कुरा उठेको छ र हामीले हामी सबैलाई थाहा छ हाम्रो संविधानमा प्रष्ट कुरा के लेखिएको छ भने समन्वय, सहकार्य र सहअस्तत्व यो कुरा प्रष्ट भनिएको छ र यो भन्दा बाहिर न त स्थानीय तहको सरकारहरुले जान सक्छन न प्रदेश सरकारले जान सक्छ, न संघीय सरकारले जानसक्ने कुरा हुदैन किन भने यो कुरा प्रष्ट छ संविधानमा तर यो आधारमा हामीले एक अर्कासँगसमन्वय गर्ने कुरा, एक अर्का सँग सहकार्य गर्ने कुरा, एक अर्काको सहअस्थित्वलाई स्वीकार्ने कुरा नै मुख्य कुरा हो र यसमा प्रदेश सरकार प्रतिवद्ध छ र हामीले गरेका छौ हामीले दुई दुईवटा समन्वय परिषदको वैठक गर्यौ त्यहा हामीले छलफल गर्यौ कैयौ नीतिहरु हामीले निर्माण गर्यौ र

त्यसलाई कार्यान्वयनको प्रक्रियामा हामीले अगाडि सारेम र हामीले भनेका छौ स्थानीय तहले बजेट निर्माण गर्दा खेरि त्यो बजेट कहा कहा उसले राख्छ, प्रदेशले कहा कहा राख्छ, संघीय सरकारले कहा कहा राख्छ यो विषयमा एउटा मापदण्ड बन्नु पर्छ भनेर संघीय सरकारसँग पनि हामीले भनि राखेका छौ र प्रदेश सरकारले त्यो मापदण्ड बनाई पनि सकेको छ र हामीले भनेका पनि छौ कमसेकम कुनै पनि कार्यक्रम डुप्लिकेशन नहोस एउटै सडकमा या त त्यो पाटनरसिपमा काम गर्ने तरिकाले हामी अगाडि बढौ एउटा सडकलाई पिच गर्नुछ भने आधार सडक स्थानीय तहले गरोस आधार प्रदेशले गरोस त्यो प्रकारको सहमति सहित हामी अगाडि जान सकिन्छ तर एउटै कामको लागि दुईवटैको पैसा त्यहा गएर काम भयो भने त्यसले राम्रो काम दिदैन परिणाम पनि दिदैन त्यसले दुरुपयोग मात्रै हुन्छ त्यस कारणले यो विषयमा हामी सचेत छौ र स्थानीय तहसँग पनि यो विषयमा हामीले कुरा राखेका छौ र त्यसमा सहमति पनि छ । अलिकता हाम्रो कस्तो भयो भने केन्द्रको बजेट पहिला आउछ, प्रदेशको त्यसपछि आउछ, स्थानीय तहको त्यसपछि आउने भएको हुनाले केहि प्राविधिक समस्याहरु छन् खासगरि तलबाट बजेट आउदै जादा खेरि अलि सहज हुन्थ्यो कैयौ योजनाहरु तलबाट छनौटमा नपरेका योजना प्रदेशले गर्न सक्थ्यो, प्रदेशको छनौटमा नपरेका योजना संघले गर्न सक्थ्यो अब यो संवैधानिक कुरा नै भएको हुनाले यो विषयमा हामीले केहि भन्ने कुरा पनि हुदैन र बदल्न सक्ने पनि अहिले तत्काल छैन तैपनि यसलाई कमसेकम व्यवस्थित गर्नको लागि हामीले स्थानीय तहसँग के भनेका छौ भने तपाईहरुले बजेट निर्माण गर्दा खेरि प्रदेशको बजेटलाई हेरेर त्यो आधारमा निर्माण गर्दा राम्रो हुन्छ । साना योजनाहरु जनताका नजिकका योजनाहरु स्थानीय तहले नै गर्दा सबभन्दा राम्रो हुन्छ तर त्यो नभएको खण्डमा कहिले काहि कस्तो हुन्छ भने स्थानीय तहबाट पनि बजेट नपर्ने, संघबाट पनि बजेट नपर्ने कुनै ठाउँ यस्ता हुन्छन जहा हामीले बजेट दिनुपर्ने परिस्थिति हुनसक्छ । हामी सबैलाई थाहा छ त्यो यस कारणले यतापट्ट पनि हामीले समन्वयको पाटोलाई छोडेका छैनौ संविधान त जे कुरा भनिएको छ त्यो भन्दा बाहिर जाने कुरा पनि हुदैन र यसलाई हामीले समन्वयको रुपबाट नै लिएका छौ । यसलाई अब व्यवस्थित गर्नको लागि संघीय संसदले कानून बनाउने छ भनेर संविधानमा भनिएको छ र त्यो कुरा पनि संघीय सरकारले लागु गर्न खोजेको छ र त्यो आयो भने धेरै सहज हुन्छ र यो सँगसँगै यहाका एयरपोर्टका कुरा उठेका छन्, यहाको अन्य दुई देशका सीमानाका कुराहरु उठेका छन् लगायत जो संघीय सरकारसँग समन्वय गर्नुपर्ने परिस्थिति छ हामीले सीमानाका कुराहरु गर्दा खेरि हामीले आफै त्यो कुराको उ गर्न सक्दैनम सीमानाको विषयलाई संघीय सरकार सँग नै समन्वय गर्नुपर्ने हुन्छ एयरपोर्ट जो यहा कुरा उठेको छ कंचनपुरको एयरपोर्टको कुरा छ, टिकापुरको एयरपोर्टको कुरा छ लगायत पहाडि जिल्लाहरुका केहि एयरपोर्टका कुराहरु छन् जसको लागि हामीले प्रष्ट भनेका छम अब हामीले संघीय सरकारसँग यो विषयमा कुरा

गर्छौ र समन्वय गरेर संचालन भएका ठाउमा खासगरि धनगढीको एयरपोर्टलाई २४ घण्टा संचालन गर्नको लागि हामी प्रर्यास गर्छौ । संघीय सरकारसँग कुरा गर्छौ र अन्य एयरपोर्टहरुलाई संचालन गर्नको लागि पनि हामी अगाडि बढ्छौ भनेर भनेका छौ र यि कुराहरु प्रष्ट रुपबाट राखेका छौ र यहा मलाई लाग्छ धेरै कुराहरु सबै माननीयज्यूहरुले एकदमै राम्रो तरिकाले आफुले सुझाव दिनु भएको छ मलाई के खुशि लागेको छ भने सरकारले ल्याएको नीति तथा कार्यक्रम माथि छलफल हुदै जादा खेरि प्रतिपक्षका साथिहरुले पनि खुद्रा पसल भनेर पनि उहाहरुले सहयोग गर्नुभएको छ मलाई लाग्छ । व्यक्तिको पसल त होईन यो सरकारको पसल त पसलै हो किन भने यसमा सबै चिज पाईन्छ । विकास पनि पाईन्छ, न्याय पनि पाईन्छ, सुशासन पनि पाईन्छ, समानुपातिक रुपबाट सबैलाई सम्मान पनि पाईन्छ दुरदराजका जनतालाई सरकारको अनुभुति पनि यहा पाईन्छ त्यस कारणले म धन्यवाद दिन चाहान्छु उहाहरुलाई यसलाई कमसेकम खुद्रा पसलको रुपबाट त कमसेकम अपनाईदिनु भएकोमा यो सँगसँगै अरु पनि समिक्षाको पाटो मैले अघि पनि भने अझ पनि म थोरै के भन्न चाहान्छु भने दुईवटा झुलुङ्गे पुलको हामीले कुरा राखिम झुलुङ्गे पुलका कामहरु अहिले अगाडि बढीराखेका छन् सम्पन्न नभईकन राख्ने त्यो सरकारले राख्दा खेरि त्यो झुटा हुन्छ हामीले जे थियो त्यहि राखिम तर यसको पनि के भो भने प्रदेश सरकारलाई एउटा उपमहानगरपालिका सँग जो दाजी दिनु भयो त्यो कुरा पनि मलाई लाग्छ हामीले सत्य बोलेको हो र सत्यलाई सत्यकै रुपबाट सबैले बुझिदिदा राम्रो हुन्छ । सत्यलाई झुटा बोलेर हामी सदनलाई नराम्रो गलत रिपोर्ट दिएर त्यो जाने पक्षमा थिएनौ त्यस कारणले हामीले त्यो रिपोर्ट राख्यौ त्यस कारण यहा जति सुझाव आएका छन् प्रतिपक्ष सांसदहरुका पनि जो सुझाव आएका छन् महत्वपूर्ण सुझाव छन् कैयौ राम्रा कुराहरु उहाले राख्नु भएको छ । त्यसलाई हामी मनन गर्नेछौ बजेटमा त्यसलाई सामेल गरेर अगाडि जानेछौ यहा धेरै कुराहरु राख्नु भएको छ । हाम्रो सत्तापक्षका सांसदहरुले धेरै सुझावहरु यहा दिनु भएको छ मैले सबैलाई नोट गरेको छु र मैले के मात्रै भन्न चाहान्छु भने त्यो कुरालाई अगाडि बढाउनका लागि हामीले हाम्रो बजेट तयार गर्दै जाने क्रममा त्यो सामेल भएर अगाडि जानेहो र सबै चिजहरु नीति तथा कार्यक्रममा नआउन सक्छन र कैयौ चिज छुटेका हुन सक्छन् तर मलाई लाग्छ जति हामी गर्न सक्छौ त्यति हामीले ल्याएका छौ है फेरी गर्न सक्ने कुरा ल्याउने नै हो अब गर्न नसक्ने कुरा ल्याएर त्यो सम्भव हुदैन तर अलिअलि महत्वकांक्षि पनि ल्याउन जरुरी हुन्छ हामी महत्वकांक्षि हुन सकेनौ भने काम गर्न हामी अल्छी गर्छौ । थोरै भन्या छ थोरै गरे पनि पुग्छ भन्ने टाईपको सोचाई बन्छ त्यस कारणले यो कुरालाई पनि हामीले सरकारले महसुस गरेको छु सबैका महत्वपूर्ण सुझावहरुलाई सरकारले ग्रहण गर्ने छ र तपाईहरुको साथ सहयोगमै हामी अगाडि बढ्ने हो मैले पटक पटक भनेको कुरा के हो भने विकास भन्ने कुरा सबैको साझा हो हाम्रा राजनैतिक कुराहरु अलग हुन सक्छन् हामी

चुनावमा सत्तापक्ष, प्रतिपक्ष अलग अलग भाषणा गरौला ल ठिक छ तर त्यहा सम्म पुग्नु भन्दा पहिले विकासको रुपबाट हामी जाऔ सुदूरपश्चिम प्रदेश विगतमा पिछडिएको प्रदेश हो पछाडि राखिएको प्रदेश हो पिछडिएको मात्र होईन पछाडि राखिएको पनि हो । त्यस कारणले पनि हाब हामी पछाडि रहनु हुदैन र मलाई के छ भने अहिले ७ वटा प्रदेश मध्ये हामी काम गर्दै जाने क्रममा हामी त्यति पछाडि छैनौ है फेरी यो कुरा पनि तपाईहरु सबैले बुझ्नु भा होला हामी १५-१७ महिनामा जो काम गर्यौ हामी चाहे कानून निर्माणको कुरा होस, चाहे विकास निर्माणको कुरा होस, चाहे सुशासन दिने कुरा होस चाहे अन्य कुरा होस हामी पछाडि छैनौ र हामी अगाडि जान चाहान्छौ र हामी एक नम्बर बन्न चाहान्छौ तर त्यो बन्नको लागि हामीसँग भएको क्षमता, हामीसँग भएको स्रोत, हामीसँग भएको ईमान्दारितालाई हामी प्रयोग गर्ने हो यदि त्यसलाई प्रयोग गर्न सकेनौ भने हामी सफल हुन सक्दैनौ । नेतृत्वको अभाव विगतमा पनि भएको होईन नी सुदूरपश्चिममा राष्ट्रिय स्तरको नेतृत्व पनि विगतमा पनि भएकै हो तर किन काम हुन सकेन यो हामी सबैले बुझेका छौ तर के हो भने अब यो जिम्मेवारी हाम्रो काधमा छ माननीय सभामुख महोदय मार्फत म के भन्न चाहान्छु भने अब हामी यो जिम्मेवारी लिन सबै तयार हुनुपर्छ र सकारात्मक कुराहरुको लागि प्रदेश सरकार एकदमै यसलाई तपाईहरुले दिइएको सुझावको पूजीको रुपबाट यसलाई राख्ने छ र समय सापेक्ष यसलाई अगाडि बढाउने छ किन भने पुजीलाई हामी एकैचोटि खर्च गर्न नसकौला पुजी के हो संसद भनेको एउटा पुजी हो संसदमा उठेका कुरा भनेका एउटा पुजी हुन र त्यो पुजी कैयौ दिर्घकालिन रुपबाट लागु गर्नुपर्ने पुजी पनि हुन सक्छ, कैयौ अल्पकालिन रुपबाट लागु गर्नुपर्ने पनि हुन सक्छ र त्यहि सापेक्षतामा हामी अगाडि बढ्ने छौ र त्यहि अनुसार प्रदेश सरकार अगाडि बढ्ने छ र अब हामी विगतको बर्ष जस्तो ढीला सुस्ती, कमजोरी भनेर अब हामी जान सक्दैनौ अब हामी गतिमा अगाडि बढ्ने कुरा नै हाम्रो मुख्यकुरा हो र यो विषय म यहा राख्न चाहान्छु । समय पनि अलि बढी भैसकेको छ धेरै कुराहरु राख्न भन्दा पनि अन्ततिर गैराखेको छु र यो अन्तमा एउटा कुरा के भन्न चाहान्छु भने यो महत्वपूर्ण रुपबाट यहा राखेको हाम्रो अबको सुदूरपश्चिम प्रदेशको विकासको मुल आधार भनेको सार्वजनिक, नीजि र सहकारीको साझेदारीमा जाने भन्ने जो कुराहरु राखेका छौ यो त्यसै राखेका छैनौ । किन भने हामीसँग पुजी कम छ, हामी सँग स्रोत कम छ तर त्यसलाई विकास धेरै गर्नुछ तर त्यो एउटा विधिमा मात्रै अगाडि जान सकिन्छ भन्ने कुरामा हामी प्रष्ट छौ प्रदेश सरकार प्रस्ट छ । त्यस कारणले हामीले यो कुरालाई अगाडि सार्यौ अनि यहा नीजि लगानीकर्तालाई पनि भित्राउन चाहान्छौ, हामी यहा सहकारीलाई पनि सहकारी मार्फत पनि विकास गर्न चाहान्छौ र सरकारको तर्फबाट हुने कुरा त छदैछ त यि कुरालाई एउटा विधि बनाएर हिजोको जस्तो होईन कुराको लागि मात्र कुरा होईन विधिमा गएर हामी जान चाहान्छौ यसको मुख्यस्रोत नै यहि हुन्छ र यहा रहेको

प्राकृतिक स्रोतको पहिचान गर्ने, परिचालन गर्ने त्यसलाई योजना बनाएर लागु गर्ने नै हाम्रो मुख्य कुरा हो र यो कुरा म यहा सदनलाई जानकारी गराउन चाहान्छु र अन्तमा म सबै माननीय सभामुख मार्फत सबै माननीयज्यूहरुलाई धन्यवाद दिन चाहान्छु । सबै कर्मचारीहरुलाई धन्यवाद दिन चाहान्छु । पत्रकार बन्दुहरुलाई धन्यवाद दिन चाहान्छु, आम जनसमुदायलाई धन्यवाद दिन चाहान्छु । विगत १७ महिना देखि जो संघीयताको अभ्यास गर्दै यहासम्म पुगौ जनताको ईच्छा, जनताको चाहाना, जनताको तिव्र गतिको विकासको चाहानालाई पुरा गर्नको लागि हामी अब हिजोको दिन भन्दा फरक सैलीले, फरक तरिकाले, फरक गतिमा हामी अगाडि बढ्नेछौ प्रदेश सरकारको प्रतिवद्धता छ र यसमा सबैले साथ दिनु भएको छ यसको लागि धन्यवाद र आगामी दिनमा साथ दिनु हुने छ यसको लागि पनि म आग्रह गर्न चाहान्छु र अहिले कहिले काहि यो संघीयतालाई असफल गर्नको लागि यो व्यवस्थालाई यो व्यवस्था प्रतिको अधिपता असन्तुस्टि पैदा गर्ने स्वरहरु पनि उठिराखेका हुन्छन् जनप्रतिनीधि माथि आक्रमण हुन्छ यो व्यवस्था माथि आक्रमण भैराखेको हुन्छ योबाट सबै सचेत हुनु जरुरी छ । नेपाललाई अस्थिर बनाउनको लागि, नेपालको एउटा विकासको गतिलाई रोक्नको लागि अहिले पनि एक प्रकारको प्रचारवाजी केहि भएन, केहि हुन सक्दैन, संघीयता खतम हो, संघीयताले केहि पनि दिदैन भनेर जुन प्रकारको प्रचारवाजी भएको छ र यो कुरालाई सबैले सचेतनापूर्वक बुझ्नुहुने छ यो कुरा पनि राख्न चाहान्छु र यति कुरा म राख्दै आगामी दिनमा तपाईहरुले राखेका सुझावहरुलाई ग्रहण गर्दै बजेटमा कैयौ कुराहरु सामिल गर्दै अगाडि बढ्ने कुरा हुन्छ यो सँगसँगै संचारको कुरा यहा छुट्यो मैले छुटाएछु अब संचार जगतलाई पनि हामीले हाम्रो प्रदेशमा सुसोचित, राम्रो र निश्पक्ष हुनुपर्छ भन्ने कुरा सरकारको मान्यता हो र त्यो अनुसार हामीले यहा राखेका छौ अब हामीले प्रदेश सरकारले नै हामीले गर्नुपर्ने सहयोगहरु, हामीले गर्नुपर्ने कामहरु र हामीले लगाउनु पर्ने लगानीहरुलाई व्यवस्थित रुपबाट अगाडि बढाउनको लागि संचार जगतको पनि मुख्य भूमिका रहन्छ र संचार जगतलाई पनि म के आग्रह गर्न चाहान्छु भने जनतालाई सचेत पार्ने, सकारात्मक आलोचना एकदमै ठिक छ र यो कुरामा सबै सचेत हुन पनि म आग्रह गर्न चाहान्छु र सबैलाई फेर एकचोटि धन्यवाद दिदै म आफ्ना कुरा यहि अन्त्य गर्छु हवस त धन्यवाद ।

***(जवाफ दिएपछि)***

**९. माननीय सदस्यहरु,**

अब म प्रदेश सरकारको आर्थिक बर्ष २०७६।०७७ को बार्षिक नीति तथा कार्यक्रमलाई संशोधन गरि पारित गरियोस भन्ने संशोधन प्रस्तावका प्रस्तावक माननीय गोविन्दराज बोहरालाई उक्त प्रस्ताव फिर्ता लिन चाहाने भए फिर्ता लिनको लागि समय दिन्छु ।

**माननीय गोविन्द राज बोहरा :-** माननीय सभामुखज्यू म यो प्रस्तावलाई फिर्ता नलिने कुरा अनुरोध गर्न चाहान्छु ।

**(प्रस्ताव फिर्ता नलिएमा)**

१०. **माननीय सदस्यहरु,**

अब म माननीय गोविन्द राज बोहराले प्रस्तुत गरेको प्रदेश सरकारको आर्थिक बर्ष २०७६।०७७ को बार्षिक नीति तथा कार्यक्रमलाई संशोधन गरि पारित गरियोस भन्ने संशोधनको प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले “हुन्छ” भन्नुहोला र प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरुले “हुन्न” भन्नुहोला ।

प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरु “हुन्छ” भन्नुहोस ।

(“हुन्छ” भनेपछि)

प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरु “हुन्न” भन्नुहोस ।

(“हुन्न” भनेपछि)

**(हुन्न भन्ने आवाज नसुनिए)**

“हुन्न” भन्ने आवाज सुनिएन तसर्थ प्रदेश सरकारको आर्थिक बर्ष २०७६।०७७ को बार्षिक नीति तथा कार्यक्रमलाई संशोधन गरि पारित गरियोस भन्ने संशोधनको प्रस्ताव सर्वसम्मतीले स्वीकृत भएको घोषणा गर्दछु ।

**(“हुन्न” भन्ने आवाज सुनिए)**

“हुन्न” भन्ने माननीय सदस्यहरुको बहुमत भएकोले बहुमत माननीय सदस्यहरुको ध्वनीमतको आधारमा प्रदेश सरकारको आर्थिक बर्ष २०७६।०७७ को बार्षिक नीति तथा कार्यक्रमलाई संशोधन गरि पारित गरियोस भन्ने संशोधनको प्रस्ताव बहुमतले अस्वीकृत भएको घोषणा गर्दछु ।

११. **माननीय सदस्यहरु,**

अब म प्रदेश सरकारको आर्थिक बर्ष २०७६।०७७ को बार्षिक नीति तथा कार्यक्रमलाई प्रदेश सभा नियमावली, २०७४ को नियम ३८ को उपनियम (३) बमोजिम निर्णयार्थ प्रस्तुत गर्दछु ।

प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले “हुन्छ” भन्नुहोला र प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरुले “हुन्न” भन्नुहोला ।

प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरु “हुन्छ” भन्नुहोस ।

(“हुन्छ” भनेपछि)

प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरु “हुन्न” भन्नुहोस ।

(“हुन्न” भनेपछि)

“हुन्न” भन्ने माननीय सदस्यहरुको बहुमत भएकोले बहुमत माननीय सदस्यको ध्वनीमतको आधारमा प्रदेश सरकारको आर्थिक बर्ष २०७६।०७७ को बार्षिक नीति तथा कार्यक्रमलाई संशोधन सहित पारित गरियोस भन्ने प्रस्ताव अस्वीकृत भएको घोषणा गर्दछु ।

१२. **माननीय सदस्यहरु,**

आजको बैठकको कार्वाही यही समाप्त हुन्छ । अर्को बैठक मिति २०७६ साल जेष्ठ २६ गते आईतबार दिनको २:०० बजे बस्ने भएकोले उक्त समय सम्मको लागि बैठक स्थगित भएको घोषणा गर्दछु ।